
# हाम्रो रंगेली

## स्थानीय विषयको पाठ्यक्रम आधारभूत तह (कक्षा १-८)




रंगेली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

रंगेली, मोरङ।

विषय सूची


| | | |
|---|---|---|
| १. | परिचय | १ |
| २. | विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य | १ |
| २.१. | राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ | १ |
| २.२. | आधारभूत शिक्षा (कक्षा १–८) का तहगत सक्षमता | २ |
| ३. | स्थानीय पाठ्यक्रमको सन्दर्भ | २ |
| ४. | स्थानीय पाठ्यक्रम विकासको औचित्य | ४ |
| ५. | स्थानीय विषयको पाठ्यक्रम विकास प्रक्रिया | ५ |
| ६. | स्थानीय विषय (कक्षा १–८) का विषयवस्तुको क्षेत्रः | ५ |
| ७. | हाम्रो रंगेली  विषयका सक्षमताहरू | |
| ७.१. | कक्षा १–३ का सक्षमताहरू | ६ |
| ७.२. | कक्षा ४–५ का सक्षमताहरू | ६ |
| ७.३. | कक्षा ६–८ का सक्षमताहरू | ७ |
| ८. | कक्षागत सिकाइ उपलब्धि | |
| ८.१. | आधारभूत तह, कक्षा १ – ३ | ८ |
| ८.२. | आधारभूत तह, कक्षा ४ – ५ | १० |
| ८.३. | आधारभूत तह, कक्षा ६ – ८ | ११ |
| ९. | कक्षागत क्षेत्र र क्रम | |
| ९.१. | कक्षा १ – ३ | १४ |
| ९.२. | कक्षा ४ – ५ | १७ |
| ९.३. | कक्षा ६ – ८ | १८ |
| १०. | विषयवस्तुको विस्तृतीकरण | |
| १०.१. | कक्षा १ | २४ |
| १०.२. | कक्षा २ | ३० |
| १०.३. | कक्षा ३ | ३६ |
| १०.४. | कक्षा ४ | ४२ |
| १०.५. | कक्षा ५ | ४८ |
| १०.६. | कक्षा ६ | ५४ |
| १०.७. | कक्षा ७ | ६२ |
| १०.८. | कक्षा ८ | ७० |
| ११. | सिकाइ सहजीकरण प्रक्रियाः | ७८ |
| १२. | विद्यार्थी मूल्याङ्कन प्रक्रियाः | ७८ |
| १३. | तालिका | |
| १३.१. | तालिका १ : आधारभूत शिक्षा (कक्षा १–३) को पाठ्यक्रम संरचना | ३ |
| १३.२. | तालिका २ : आधारभूत शिक्षा (कक्षा ४–५) को पाठ्यक्रम संरचना | ३ |
| १३.३. | तालिका ३ : आधारभूत शिक्षा (कक्षा ६–८) को पाठ्यक्रम संरचना | ३ |
| १४. | अनुसूची १ : विशिष्टिकरण तालिका | I |
| १५. | अनुसूची २ : स्थानीय पाठ्यक्रम निर्माण सल्लाहकार र स्थानीय पाठ्यक्रम विकास कार्यदल | II |

# रंगेली नगरपालिकाको स्थानीय विषयको पाठ्यक्रम – २०७९
# हाम्रो रंगेली

## १. परिचयः

पाठ्यक्रम विकासका सन्दर्भमा देखा परेका विविध अवधारणाहरूमध्ये स्थानीय पाठ्यक्रम पनि एक नवीनतम् अवधारणा हो। "विश्वव्यापी रूपमा सोच राखी स्थानीय रूपमा कार्यान्वयनमा ल्याऊँ" (Think Globally Act Locally) भन्ने अवधारणालाई आत्मसात गर्दै स्थानीय ज्ञान, सिप तथा प्रविधिको प्रयोगबाट सिकारुमा अपेक्षित सिकाइ उपलब्धि हासिल गराउने गरी तयार गरिएको पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो। स्थानीय आवश्यकता अनुसार तयार गरिएको यस्तो पाठ्यक्रमले शैक्षिक विकेन्द्रीकरणको प्रवर्द्धन समेत गर्दछ।नेपाल भौगोलिक, आर्थिक, सामाजिक, धार्मिक विविधताले भरिपूर्ण मुलुक हो। विविधतामूलक सामाजिक संरचनामा मानिसहरूका आवश्यकता र चाहना पनि फरक फरक हुन्छन्। केन्द्रीय पाठ्यक्रमले मात्र समाज तथा मानिसहरूका फरक आवश्यकतालाई सम्बोधन नगर्न सक्छ। यस स्थितिमा स्थानीय पाठ्यक्रमले सिकारुमा स्थानीय ज्ञान तथा सिप सहितको मानसिक संरचना तयार गर्दछ, जसले गर्दा भविष्यमा सामाजिक आवश्यकतालाई परिपूर्ति गर्ने ढोका खुल्दछ। नेपालको शासकीय स्वरूप सङ्घीय प्रणालीमा गइसकेपछि स्थानीय तहका आवश्यकतालाई स्थानीय साधन र स्रोतकै खोजी एवम् परिचालन गरी परिपूर्ति गर्ने अधिकार पनि स्थानीय तहलाई नै प्राप्त भएको छ। शैक्षिक योजनाको विकेन्द्रीकरणलाई नेपालको संविधानले सुनिश्चित गरेको छ। साथै राष्ट्रिय पाठ्यक्रम प्रारूपले समेत मुलुकको शासकीय स्वरूप र विविधतालाई सम्बोधन गर्न विद्यालय तहमा मातृभाषा वा स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण गरी लागू गर्ने व्यवस्था गरेको छ। हरेक विद्यालय आफैँले स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण गरी लागू गर्ने मूल मर्म पाठ्यक्रम प्रारूपको हो तर पनि स्थानीय तहका साझा आवश्यकता र विद्यालयका विशिष्टीकृत आवश्यकतालाई समेत मध्यनजर गरी मोरङ जिल्ला रंगेली नगरपालिका क्षेत्रका सबै विद्यालयहरूमा कक्षा १ देखि ८ सम्म लागू गर्ने गरी यो पाठ्यक्रम निर्माण गरिएको छ।

## २. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

### २.१. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन्:

क. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने।

ख. सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा साँस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने।

ग. श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने।

घ. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने।

ङ. प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्द्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने।

च. प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने।

छ. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने।

ज. वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने।

झ. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने।

ञ. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने।

ट. जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानवसिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने।

ठ. सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने।

## २.२. आधारभूत शिक्षा (कक्षा १–८) का तहगत सक्षमता

आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्ने लक्ष्य राखेको छ। यस तहको शिक्षाको मुख्य उद्देश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्द्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यता अनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्ने हो। यस तहको शिक्षा प्राप्त गरीसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुने छन्।

विद्यालय शिक्षाअन्तर्गत आधारभूत शिक्षा (कक्षा १–८) का विद्यार्थीले हासिल गर्ने सक्षमताहरू निम्नबमोजिम हुने छन्:

१. देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्यमान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन।
२. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग।
३. सूचना र विचारहरूको आदान प्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग।
४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम् अभिवृत्ति विकास र प्रयोग।
५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग।
६. मानव मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता।
७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग।
८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life Skills) को विकास।
९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft Skills) को प्रयोग।
१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्द्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग।
११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार।
१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान।

# ३. स्थानीय पाठ्यक्रमको सन्दर्भः

पाठ्यक्रमलाई निरन्तर विकास र परिमार्जनका रूपमा लैजाने क्रममा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट २०७६।५।२० मा स्वीकृत भएको हो। यस प्रारूपलाई विद्यालय शिक्षाको पाठ्यक्रम विकास तथा परिमार्जनको मुख्य दस्तावेजको रूपमा लिइन्छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले आधारभूत शिक्षा (कक्षा १-८) सम्मको पाठ्यक्रम संरचना निम्नानुसार हुने व्यवस्था गरेको छ।

**तालिका १ : आधारभूत शिक्षा (कक्षा १ – ३) को पाठ्यक्रम संरचना**

| क्र.सं. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्य घण्टा | वार्षिक कार्य घण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६. | मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |

(पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit hour) मानिएको छ।)

**तालिका २ : आधारभूत शिक्षा (कक्षा ४–५) को पाठ्यक्रम संरचना**

| क्र.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| ८. | जम्मा | ३२ | १०२४ |

**तालिका ३ : आधारभूत शिक्षा (कक्षा ६–८) को पाठ्यक्रम संरचना**

| | विषय | | | पाठ्य घण्टा |
|---|---|---|---|---|
| क्र.सं. | साधारण | संस्कृत शिक्षा गुरुकुल वेद विद्याश्रम शिक्षा | गोन्पा तथा विहार मदर्सा शिक्षा | |
| १. | नेपाली | नेपाली | नेपाली | ५ |
| २. | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत रचना | अङ्ग्रेजी | ५ |
| ३. | गणित | गणित | गणित | ५ |
| ४. | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि वा संस्कृत व्याकरण | विज्ञान तथा प्रविधि | ५ |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ |
| ६. | स्वास्थ्य तथा शारीरिक | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक) | ३ |
| ७. | मातृभाषा/स्थानीय विषय | वेद वा नीतिशास्त्र | भोटभाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दू भाषा | ४ |
| ८. | जम्मा | | | ३२ |

## ४. स्थानीय पाठ्यक्रम विकासको औचित्य

स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्नु, नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्नु, समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्नु शिक्षाको राष्ट्रिय उद्देश्य हो। केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमबाट मात्र सोअनुरूपको उद्देश्य पूरा गर्न सम्भव नहुन सक्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र सन्दर्भको अध्ययनबाट स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको प्रावधान आवश्यक भइसकेको तथ्य विभिन्न अध्ययन तथा प्रतिवेदनले औँल्याएका छन्।

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरूले स्पष्ट गर्दछनः

- पाठ्यक्रमका माध्यमबाट स्थानीय तहका आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यावहारिक र प्रभावकारी तुल्याउनु
- एक स्थान/क्षेत्र/व्यक्तिको ज्ञानलाई अर्को स्थान/क्षेत्र/व्यक्तिमा अनुकरण गरी अनुभव साटासाट गरी उत्पादनमूलक ज्ञान, सिप, प्रविधिको विस्तार गर्नु ।
- स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्द्धन गर्नु ।
- स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउनु ।
- स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्ने भएकाले स्थानीय सोकारवालालाई जिम्मेवारी बोध गराउनु ।
- भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्नु ।
- स्वावलम्बी एवम् आत्मनिर्भर हुने ढङ्गको शिक्षा प्रदान गरी रोजगारउन्मुख नागरिक तयार गर्नु ।
- आयआर्जन, श्रमप्रति सम्मान, कामप्रति लगाव बढाउन सहयोग पुऱ्याउनु ।
- स्थानीय स्रोत र साधनको अधिकतम परिचालनबाट कम खर्चमा शिक्षा दिनु ।
- स्थानीय विषयवस्तु समावेश गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्नु ।
- आधुनिक र बालमैत्री वातावरणमा सिकारुले व्यावहारिक ज्ञान लिने अवसर सिर्जना गर्नु ।
- स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापीकरण गर्नु ।
- विश्वव्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीयकरण गर्नु ।
- स्थानीय तहमा लुकेर बसेका ज्ञान, सिप र प्रविधिलाई उजागर गर्नु ।
- परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई जगेर्ना गर्न र विकास गर्न सहयोग पुऱ्याउनु ।

राष्ट्रिय पाठ्यक्रम निर्माणमा सबै सरोकारवालाको संलग्नताको सम्भावना रहँदैन। यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्णरूपले समेट्न सम्भव पनि हुँदैन। अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नुपर्छ। यसका लागि स्थानीय आवश्यकताका विषय/क्षेत्रलाई समावेश गरी सरोकारवालामा पाठ्यक्रमप्रति अपनत्वको भावना विकास गराउनु आवश्यक छ। नेपालमा सङ्घीय व्यवस्थाका माध्यमबाट आम जनसमुदायलाई नीति निर्माणमा अधिकाधिक सहभागी गराउने, उक्त नीतिनियमको कार्यान्वयन गराउने र त्यसको प्रतिफलसमेत जनसमुदायले नै उपभोग गर्न पाउने व्यवस्थालाई महत्त्व दिइएको छ। स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्द्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, साँस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्दै शिक्षालाई स्थानीय परिवेशअनुरूप व्यवहारसँग जोड्ने मार्गचित्र तयार गर्नु यसको औचित्य रहेको छ।

## ५. स्थानीय विषयको पाठ्यक्रम विकास प्रक्रिया

रंगेली नगरपालिका अन्तर्गत सञ्चालन भएका विद्यालयहरूमा कार्यान्वयनका लागि आधारभूत तह (कक्षा १-८) को स्थानीय विषयको पाठ्यक्रम विकासका सन्दर्भमा रंगेली नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको अगुवाइमा मिति २०७९ मंसिर २५ गते नगर प्रमुख श्री दिलिपकुमार अग्रवालको अध्यक्षतामा नगर उपप्रमुख, वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरू, राजनैतिक दलका प्रतिनिधिहरू, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख, अन्य शाखा प्रमुखहरू, प्रा.स. एवम् अन्य कर्मचारी वर्ग, नागरिक समाजका प्रतिनिधिहरू, पत्रकार लगायत सरोकारवालाहरू सहभागी रहेको नगर स्तरीय अन्तरक्रिया तथा सुझाव सङ्कलन गोष्ठीबाट आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रममा रंगेलीको समग्र पहिचान झल्कने विषयवस्तुहरू समावेश गरी तयार गर्नुपर्ने राय सुझाव प्राप्त भएका थिए।

यसै क्रममा नगर प्रमुख श्री दिलिपकुमार अग्रवालको अध्यक्षतामा नगर उपप्रमुख, प्रमुख प्रशासकीय प्रमुख, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक, शिक्षकका पेसागत संस्थाका प्रतिनिधि, स्थानीय शिक्षाविद्, प्राध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकहरूको मिति २०७९ मंसिर २६ गते भएको भेलाको छलफलबाट स्थानीय पाठ्यक्रममा समावेश गरिनुपर्ने विभिन्न विषयवस्तुहरू थप तथा परिमार्जन गरियो ।

रंगेली नगरपालिकाका नगरप्रमुख श्री दिलिपकुमार अग्रवालको अध्यक्षतामा यही भेलाबाट पाठ्यक्रम विकासका लागि रंगेली नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा ११ सदस्यीय स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरियो। स्थानीय पाठ्यक्रम निर्माण कार्यदल र प्राविधिक समितिको पटक पटकको छलफल अन्तरक्रिया र विषयविज्ञहरूसँगको छलफलको परिणामस्वरूप **हाम्रो रंगेली** विषयको स्थानीय पाठ्यक्रम तयार गरिएको छ।

## ६. स्थानीय विषय (कक्षा १–८) का विषयवस्तुको क्षेत्रः

क. रंगेली नपाको चिनारी
ख. स्थानीय स्रोत साधन
ग. दुर्घटना र विपद् व्यवस्थापन
घ. हाम्रो संस्कार र संस्कृति
ङ. नैतिक शिक्षा, आचरण, अनुशासन र मानवता
च. स्वास्थ्य, योग र खेलकुद
छ. स्थानीय समस्या र समाधानका उपायहरू

विषयवस्तुहरूका क्षेत्रहरूको पाठ्यभार निम्नअनुसार निर्धारण गरिएकोछ।

| क्र.सं. | विषय क्षेत्र | कक्षा १-३ | कक्षा ४-५ | कक्षा ६-८ |
|---|---|---|---|---|
| १. | रंगेली नपाको चिनारी | २७ | १७ | १७ |
| २. | स्थानीय स्रोत साधन | २४ | २२ | २२ |
| ३. | दुर्घटना र विपद् व्यवस्थापन | २२ | २० | २२ |
| ४. | हाम्रो संस्कार र संस्कृति | २२ | १५ | १५ |
| ५. | नैतिक शिक्षा, आचरण, अनुशासन र मानवता | २२ | २० | १९ |
| ६. | स्वास्थ्य, योग र खेलकुद | २१ | २० | १९ |
| ७. | स्थानीय समस्या र समाधानका उपायहरू | २२ | १४ | १४ |

## ७. हाम्रो रंगेली विषयका सक्षमताहरू

आधारभूत तहको अध्ययनपश्चात् विद्यार्थी हाम्रो रंगेली विषयका निम्नलिखित सक्षमताहरू प्राप्त गर्न सक्षम हुने छन्:

### ७.१. कक्षा १–३ का सक्षमताहरुः

१. रंगेली नगरपालिकाको भौगोलिक स्वरुपको नक्शाद्वारा परिचय ।
२. स्थानीय प्राकृतिक सम्पदा र वातावणको सामान्य परिचय ।
३. स्थानीय तहमा रहेका संघ, संस्था, धार्मिक स्थलहरूको पहिचान ।
४. स्थानीय हाट बजारको चिनारी ।
५. स्थानीय पर्यटकीय स्थलहरूको पहिचान ।
६. स्थानीय कृषिजन्य उत्पादन र पशुपंछीहरूको नामावली सहित सामान्य जानकारी ।
७. चित्र, नक्सा र सर्वेक्षणका आधारमा स्थानीय पेशा, व्यवसाय, सीप र उद्योगहरूको पहिचान र परिचय ।
८. प्रकोप र विपद्को पहिचान र यसबाट बच्ने उपाय ।
९. घर, विद्यालय तथा सडक दुर्घटना, ट्राफिक नियम र यसबाट बच्ने उपाय ।
१०. आफू, आफ्नो परिवार र छिमेकका जातजातिले अपनाएका संस्कार र संस्कृतिबारे परिचय ।
११. आफू, आफ्नो परिवार र छरछिमेकमा बोलिने भाषा, लगाइने भेषभूषा र रीतिरिवाजका बारेमा परिचय ।
१२. स्थानीय स्तरमा मनाइने चाडपर्व, बनाइने परिकार र मेलाका बारेमा परिचय।
१३. असल चरित्रको पहिचान ।
१४. अनुशासनको महत्त्व बताउन र परिपालन।
१५. स्वस्थ जीवनशैली र आहार।
१६. स्थानीय खेलहरूका नाम र अभ्यास ।
१७. स्थानीय तहमा हुने हिंसा र भेदभावलाई चित्रको माध्यमबाट पहिचान ।
१८. स्थानीय तहमा भएका दुर्व्यसनलाई चित्रको माध्यमबाट जानकारी ।
१९. घर परिवारमा हुने हिंसा,भेदभाव र दुर्व्यसनका प्रकारको वर्गीकरण ।

### ७.२. कक्षा ४–५ का सक्षमताहरुः

१. रंगेली नगरपालिकाको भौगोलिक अवस्थाको जानकारी र नक्शा कार्य ।
२. नगर भित्र रहेका प्राकृतिक स्रोत र सम्पदाको जानकारी र महत्त्व ।
३. स्थानीय प्रसिद्ध व्यक्तित्व र  धार्मिक स्थल तथा संघसंस्थाहरूको परिचय ।
४. रंगेली नगरपालिकाबाट प्रदान गरिने सेवाको जानकारी ।
५. स्थानीय हाट बजारको आवश्यकता ।
६. पर्यटकीय स्थलहरूको परिचय र महत्त्व ।
७. मौसम अनुसार कृषि उत्पादनको वर्गीकरण र पशुपंक्षी पालनको आधारभूत आवश्यकता ।
८. स्थानीय पेशा, व्यवसाय, सीप र उद्योगको संरक्षण र महत्त्व ।
९. दुर्घटनाबाट बच्ने उपायहरू पहिचान र अवलम्बन ।
१०. प्राकृतिक र मानव सृजित विपद्हरूबाट बच्ने उपाय पहिचान र अवलम्बन ।
११. सडक तथा ट्राफिक नियमहरूको जानकारी र पालना ।

१२. आफू, आफ्नो परिवार र स्थानीय जातजातिले अपनाएका संस्कार र संस्कृतिबारे परिचित भई त्यस्ता संस्कार र संस्कृतिका सबल पक्षको अनुसरण।
१३. स्थानीय स्तरमा मनाइने चाडपर्व तथा लाग्ने मेलाको पहिचान ।
१४. रंगेली नगरपालिकामा बोलिन प्रमुख तथा लोपोन्मुख भाषा, तिनका लिपि र साहित्यको परिचय ।
१५. स्थानीय स्तरमा बसोबास गर्ने प्रमुख तथा लोपोन्मुख जातजाति, भेषभूषा तथा जातिगत मौलिक विशेषताको परिचय ।
१६. असल चरित्र प्रदर्शन गर्न ।
१७. असल नागरिकका गुणहरूको व्यवहारमा अवलम्बन ।
१८. स्थानीय असल आचरण र नियमको पालना।
१९. अनुशासनको महत्त्व र परिपालन।
२०. स्वस्थ आहार ।
२१. सामुदायिक स्वास्थ्य र सरसफाइको परिचय र महत्त्व ।
२२. स्थानीय खेलहरूको परिचय र अभ्यास ।
२३. स्थानीय जडीबुटीहरूको परिचय र सूची ।
२४. स्थानीय तहमा भएका हिंसा, कुप्रथा र भेदभाव तथा लागूपदार्थ दुर्व्यसन सम्बन्धी समस्याको पहिचान ।
२५. घर परिवार,छिमेक र समुदायमा भएका हिंसा,भेदभाव,विवाद र दुर्व्यसनका प्रकारको जानकारी ।
२६. हिंसा, कुप्रथा, भेदभाव र दुर्व्यसनबाट बच्ने उपाय।

### ७.३. कक्षा ६–८ का सक्षमताहरुः

१. रंगेली नगरपालिकाको प्राकृतिक, भौगोलिक, ऐतिहासिक पक्ष तथा धार्मिक स्थलको जानकारी ।
२. स्थानीय महत्त्वपूर्ण प्राकृतिक सम्पदा, संघसंस्था र प्रभावशाली व्यक्तिहरूको परिचय ।
३. स्थानीय सरकारबाट प्रदान गरिने सेवाहरू र दैनिक जीवनमा प्रयोग ।
४. स्थानीय हाट बजारको पहिचान, महत्त्व र वर्तमान अवस्था ।
५. पर्यटकीय स्थलहरूको परिचय, संरक्षण र सम्बर्धन ।
६. कृषि कार्य र कृषिजन्य उत्पादन र पशुपालनमा सहभागिता, प्रयोग र समस्या समाधानका खोजी ।
७. पेशा, व्यवसाय र सीप प्रति सम्मान तथा समयानुकूल व्यवसाय अवलम्बनको खोजी ।
८. स्थानीयस्तरमा हुन सक्ने विपद्हरूको पहिचान ।
९. विपद् जोखिम न्यूनीकरण तथा सुरक्षा व्यवस्थापनका प्रयासहरू ।
१०. प्रकोप तथा विपद् व्यवस्थापनमा व्यक्ति तथा विभिन्न निकायको भूमिका र अवलम्बन ।
११. स्थानीय स्तरमा मनाइने चाडपर्व तथा लाग्ने मेलाको संरक्षण र संवर्धन ।
१२. रंगेली नगरपालिकामा बोलिने प्रमुख तथा लोपोन्मुख भाषा, तिनका लिपि र साहित्यबारे परिचय र तिनको जगेर्ना ।
१३. स्थानीय स्तरमा प्रचलित मौलिक कलाका बारेमा जानकारी र मौलिक कलाको सम्मान, संरक्षण र प्रबर्धन ।
१४. स्थानीय स्तरमा बसोबास गर्ने प्रमुख तथा लोपोन्मुख जातजाति र तिनका भेषभूषा तथा जातिगत मौलिक विशेषताको परिचय र तिनको संरक्षण ।
१५. आफ्नो संस्कार र संस्कृतिअनुरूपको व्यवहार प्रदर्शन र अरूका संस्कार र संस्कृतिको सम्मान, सहअस्तित्वको भावना विकास।
१६. चरित्र निर्माणको अवधारणा र प्रभाव पार्ने तत्त्वहरू ।
१७. असल चारित्रिक गुणको विकास ।
१८. नागरिक कर्तव्य पालना गर्न र अधिकारको खोजी।
१९. नैतिक विकासमा सहयोग गर्ने स्थानीय अभ्यासहरूको पालना ।

२०. अनुशासनका पक्षहरूको पहिचान र परिपालना ।
२१. राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा आध्यात्मिक मानवीय मूल्यहरूको पहिचान र परिपालना ।
२२. स्वस्थ र अस्वस्थ आहारबारे जानकारी।
२३. स्वास्थ्य प्रदायक संस्थाबाट प्रदान गरिने सेवाका बारेमा जानकारी ।
२४. योगको आवश्यकता महत्त्व र अभ्यास ।
२५. स्थानीय जडीबुटीको महत्त्व र संरक्षण ।
२६. स्थानीय तहमा हुने हिंसा,भेदभाव र दुर्व्यसनको चिनारी सहित वर्गीकरण ।
२७. सिर्जित समस्याको कारणको खोजी ।
२८. स्थानीय तहमा भएका कुप्रथा, हिंसा र दुर्व्यसनका असरको पहिचान ।
२९. समस्या समाधानका उपायहरू पहिचान र सकारात्मक जीवनशैलीको निर्वाह ।

## ८. कक्षागत सिकाइ उपलब्धि

**आधारभूत तह, कक्षा १ – ३**

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| रंगेली नपाको चिनारी | -रङ्गीन चित्रहरू हेरेर आफ्नो वडाको पहिचान गर्न ।<br>-आफ्नो गाउँ घर वरपर रहेका धार्मिक स्थलहरूको नाम बताउन।<br>-आफ्नो वरपर रहेका विभिन्न हाट बजारको बारेमा बताउन । | -शब्द चित्र र नक्साको माध्यमबाट रंगेली नगरपालिकाको सामान्य परिचय दिन ।<br>-रंगेली नगरपालिका भित्र रहेका सामाजिक संघ संस्था र व्यक्तिको नाम भन्न र लेख्न।<br>-स्थानीय हाट बजारमा किनबेच हुने सामग्रीको नाम बताउन ।<br>-रंगेली नगरपालिका भित्र रहेका सामाजिक संघ संस्था र व्यक्तिको नाम भन्न र लेख्न। | -रंगेली नगरपालिकाको सामान्य परिचय दिन ।<br>-रंगेली नगरपालिकाको भौगोलिक, प्राकृतिक स्रोत र सम्पदाको सामान्य जानकारी दिन।<br>-स्थानीय सरकारबाट प्रदान गरिने सेवाको सूची बनाउन । |
| स्थानीय स्रोत साधन | -स्थानीय पर्यटकीय स्थलहरूको नाम भन्न।<br>- कृषि उत्पादनमा प्रयोग हुने सामग्रीहरू पहिचान गर्न र नाम भन्न ।<br>-विभिन्न पेशा, व्यवसायमा लागेका मानिसहरूको वर्गीकृत नाम भन्न । | -स्थानीय पर्यटकीय स्थलहरूको पहिचान गरी नाम भन्न र लेख्न।<br>-स्थानीय कृषि उत्पादनहरूको पहिचान र नाम बताउन ।<br>-कृषि सामग्रीहरूको नाम बताउन र चित्राङ्कन गर्न । | -स्थानीय पर्यटकीय स्थलहरूको परिचय दिन ।<br>-कृषि कार्यमा सहभागी हुन ।<br>-स्थानीय खाद्य बाली र नगदे बालीको पहिचान गर्न ।<br>-मानिसहरूका कामको आधारमा उनीहरूको पेशा र व्यवसायको वर्गीकरण गर्न । |

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| | -स्थानीय स्तरमा सञ्चालित ठूला तथा साना उद्योगहरूको पहिचान गर्न। | -विभिन्न पेशा, व्यवसायहरूको वर्गीकरण गरी नाम भन्न।<br>-स्थानीय स्तरमा सञ्चालित साना, मझौला तथा ठूला उद्योगहरूको पहिचान गर्न । | -स्थानीय उद्योगबाट उत्पादित बस्तुहरूको नाम लेख्न र प्रयोग बताउन । |
| दुर्घटना र विपद् व्यवस्थापन | -घर टोल वरपर घट्न सक्ने दुर्घटनाहरू बताउन ।<br>-घर वरपर गाउँटोल, सडकमा हुनसक्ने दुर्घटनाहरूको पहिचान गर्न र सजगता अपनाउन ।<br>-विद्यालयमा हुने दुर्घटनाहरू पहिचान गर्न र सजगता अपनाउन ।<br>- घर वरपर गाउँटोलमा हुनसक्ने बाढी, डुबान तथा आगलागीको पहिचान गर्न र सजगता अपनाउन । | -आफू र आफ्नो सामानको सुरक्षा गर्न ।<br>-रंगेली नगरपालिकामा हुन सक्ने विपद्हरू बारे बताउन।<br>- घर, टोल वरपर र विद्यालयमा हुने दुर्घटनाप्रति सजगता अपनाउन । | -घर, घर वरपर र विद्यालय र सडकमा हुने दुर्घटनाबाट बच्न अपनाउनु पर्ने सावधानी अपनाउन ।<br>-रंगेली नगरपालिकामा हुन सक्ने बाढी, डुबान, आगलागी र सडक दुर्घटनाको सामान्य परिचय दिन।<br>- ट्राफिक नियमको पालना गरी सडक दुर्घटना प्रति सचेत रहन । |
| हाम्रो संस्कार र संस्कृति | -परिवारका सदस्यबिच आदर, सम्मान र माया देखाउन ।<br>-आफ्नो परिवारको जात, धर्म र भाषाबारे बताउन ।<br>-आफ्नो परिवारले मान्ने चाडपर्व, संस्कार, चाडपर्वमा खाइने परिकार र लगाउने भेषभूषाको नाम भन्न । | -आफ्नो परिवार र छरछिमेकले अपनाएका संस्कारबारे परिचित हुन ।<br>-आफ्नो समुदायमा रहेका ५ जातजाति, तिनका भाषा र भेषभूषाको सूची तयार गर्न।<br>-आफ्नो समुदायमा मनाइने प्रमुख धार्मिक एवम् सांस्कृतिक चाडपर्वहरू र ती पर्वमा खाइने परिकारको सूची तयार पार्न । | -आफू बस्ने समुदायका मानिसले अपनाएका संस्कार र संस्कृतिबारे परिचित हुन ।<br>-आफ्नो वडामा बसोबास गर्ने प्रमुख जातजाति, तिनले बोल्ने भाषा र भेषभूषाबारे परिचित हुन ।<br>-आफ्नो वडामा मनाइने प्रमुख धार्मिक एवम् सांस्कृतिक चाडपर्वहरूका बारेमा परिचित हुन । |
| नैतिक शिक्षा, आचरण, अनुशासन र मानवता | -आफूभन्दा ठूलालाई अभिवादन गर्न ।<br>-आफूभन्दा ठूलालाई सम्मान पूर्वक सम्बोधन गर्न।<br>-अर्काको सम्पत्तिमा लोभ नगर्न ।<br>-आफ्नो कर्तव्य निष्ठापूर्वक गर्न । | -सफासुघ्घर भएर बस्न।<br>-सकारात्मक आचरण पालना गर्न ।<br>-अरुले गरेको सहयोग वापत अभार व्यक्त गर्न र सहयोग गर्न ।<br>-राष्ट्रिय गानको सम्मान गर्न । | -सदाचारको पालन गर्न।<br>-आफू भन्दा ठूला, छिमेकी, अतिथि आदिको स्वागत सत्कार गर्न ।<br>-सार्वजनिक स्थलमा पालो पर्खन ।<br>- अशक्त, अनाथ, असहाय, अपाङ्गलाई सेवा गर्न । |

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| | -अनुमति लिई काम गर्न ।<br>-आफूभन्दा ठूलाले भनेको मान्न ।<br>-एक अर्कालाई सहयोग गर्न। | -विद्यालय पोशाक लगाएर विद्यालय आउन।<br>- आफूभन्दा सानोलाई माया गर्न। | |
| स्वास्थ्य, योग र खेलकुद | -हातमुख धुने तरिका बताउन र धुन ।<br>-आफूले खाने खानेकुराको नाम भन्न ।<br>-स्थानीय खेलहरू खेल्न । | -व्यक्तिगत सरसफाइ गर्न।<br>-स्थानीय स्तरमा पाइने खानेकुराको नाम बताउन ।<br>-आफूले खेल्ने खेलहरूको नाम बताउन। | -घर, विद्यालय र कक्षा कोठाको महत्त्व बताउन र सरसफाइ गर्न ।<br>-स्वस्थकर र अस्वस्थकर खानेकुराको बारेमा बताउन र छुट्याउन।<br>-स्थानीय खेलहरूको सूची बनाउन र खेल्न । |
| स्थानीय समस्या र समाधानका उपायहरू | -साथीसाथी बीच झगडा र भेदभाव नगरी बस्न ।<br>-आफ्नो घरमा भएको भेदभावबारे बताउन । | -साथीसाथी बीच झगडा गर्न हुँदैन भनी बताउन ।<br>-घरपरिवार र छिमेकमा भएका भेदभावबारे बताउन । | -साथीसाथीमा मिलेर बसी सहयोगको बानीको विकास गर्न।<br>-छिमेकमा भएका कुप्रथाबारे बताउन ।<br>-भेदभाव र लागूपदार्थका प्रकारहरू बताउन । |

## कक्षागत सिकाइ उपलब्धि आधारभूत तह, कक्षा ४–५

| क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| रंगेली नपाको चिनारी | -रंगेली नगरपालिकाको इतिहास र भूगोल सम्बन्धी जानकारी दिन ।<br>-प्राकृतिक स्रोत सम्पदाको पहिचान गर्न ।<br>-स्थानीय हाट बजारको दैनिक जीवनमा प्रयोग बारे बताउन । | -रंगेली नगरपालिकाको भौगोलिक बनोट बारे बताउन ।<br>-काली मन्दिरबारे सामान्य परिचय दिन ।<br>-आफ्नो वडा कार्यालयबाट प्रदान गरिने सेवा तथा सुविधाहरूको सूची तयार पार्न । |
| स्थानीय स्रोत साधन | -स्थानीय पर्यटकीय स्थलहरूको महत्त्व बताउन र भ्रमण गर्न ।<br>-कृषि उपजहरूको पहिचान गर्न र खेतीपातीको तरिकाबारे बताउन ।<br>-पशुपालनबाट हुने फाइदाहरू बताउन ।<br>-स्थानीय पेशा, व्यवसाय र सीपहरूको सूची बनाई प्रस्तुत गर्न ।<br>-स्थानीय स्तरमा सञ्चालित उद्योग कलकारखानाहरूको महत्त्व बताउन । | -स्थानीय पर्यटकीय स्थलहरूको महत्त्व बताउन र संरक्षण गर्न ।<br>-स्थानीय बालीनालीको परिचय दिन र कृषि योग्य जमिनको पहिचान गर्न ।<br>-पशुपालनको महत्त्व बताउन र समस्याहरू पहिचान गर्न ।<br>-पेशा, व्यवसाय र सीपको महत्त्व बताउन र संलग्न हुन। |

| | | |
|---|---|---|
| दुर्घटना र विपद् व्यवस्थापन | -प्राकृतिक र मानवसिर्जित प्राकृतिक विपद्को परिचय दिन ।<br>-विपद्का समयमा सुरक्षित रहने तरिका बताउन र सुरक्षित रहन ।<br>-आकस्मिक सुरक्षा सामग्री तयारी गर्ने तरिका बताउन ।<br>-सडक तथा ट्राफिक नियमहरू बताउन । | -विपद् व्यवस्थापनको परिचय दिन ।<br>-विपद् व्यवस्थापनमा सुरक्षा निकायको भूमिका पहिचान गर्न ।<br>-विपद् व्यवस्थापनमा अभिभावक र समुदायको भूमिका पहिचान गर्न । |
| हाम्रो संस्कार र संस्कृति | -यस क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजातिको सांस्कृतिक एवम् धार्मिक परम्परा र रीतिरिवाजका बारेमा बताउन ।<br>-यस क्षेत्रमा बोलिने विभिन्न भाषा र जातिगत भेषभूषाका विशेषता बताउन ।<br>- स्थानीय चाडपर्व, जात्रा, मेला, उत्सव आदिका बारेमा बताउन । | -यस क्षेत्रमा प्रचलनमा रहेका स्थानीय जातिगत लोककथा, लोकगीत, लोकबाजा तथा स्थानीय कलाहरू उल्लेख गर्न ।<br>-यस क्षेत्रमा बसोबास गर्ने लोपोन्मुख जातजाति र भाषाको महत्त्व बताउन ।<br>-स्थानीय स्तरमा मनाइने विभिन्न चाडपर्व, लाग्ने मेला, उत्सव तथा जात्राको आवश्यकता र महत्त्व बताउन । |
| नैतिक शिक्षा, आचरण, अनुशासन र मानवता | -आआफ्नो इष्टदेवताहरूको स्तुति, प्रार्थना र उपासना गर्न ।<br>-आफ्नो काम आफै गर्ने बानीको विकास गर्न ।<br>-सामूहिक काममा सहभागी हुन ।<br>-क्षमा माग्न र दिन । | -धर्मको अर्थ र परिभाषा बताउन ।<br>-धार्मिक विविधताहरूको पहिचान र सम्मान गर्न ।<br>-धैर्यपूर्वक अरुको कुरा सुन्न र आफ्नो कुरा भन्न ।<br>-अनुशासनको अर्थ, परिभाषा र फाइदा बताउन ।<br>-अनुशासित जीवन बिताउन ।<br>-परोपकारी हुन । |
| स्वास्थ्य, योग र खेलकुद | -स्थानीय स्तरका स्वस्थ खानेकुराहरूको परिचय दिन ।<br>-सामुदायिक स्वास्थ्य र सरसफाइको परिचय र महत्त्व बताउन ।<br>- स्थानीय खेलहरू खेल्ने नियमहरू बताउन ।<br>-स्थानीय खेलहरूको अभ्यास गर्न । | -सन्तुलित भोजनको अवधारणा बताउन।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूको सूची बनाउन।<br>-स्थानीय खेलकुदको परिचय, महत्त्व र आवश्यकता बताउन ।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरूको सूची बनाउन । |
| स्थानीय समस्या र समाधानका उपायहरू | -मेलमिलापको आवश्यकता र फाइदा बताउन।<br>-कुप्रथा र कुलतका नराम्रा पक्षबारे बताउन ।<br>-हिंसा, कुप्रथा र लागूपदार्थ दुर्व्यसनबाट पुग्ने नोक्सानी बताउन । | -मिलनसार र सहयोगी बन्दै अघि बढ्न ।<br>-हिंसा र लागूपदार्थ जस्ता खराब व्यवहार/प्रवृति प्रति नकारात्मक धारणा बनाई समाधानका उपाय बताउन। |

## कक्षागत सिकाइ उपलब्धि आधारभूत तह, कक्षा ६ – ८

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| रंगेली नपाको चिनारी | -स्थानीय प्राकृतिक स्रोत सम्पदाबाट हुने फाइदा बताउन ।<br>-संसारीमाई मन्दिरको सामान्य परिचय र इतिहास बारे बताउन ।<br>-रंगेली नपा भित्रका प्रसिद्ध व्यक्तिको परिचय र योगदान बताउन । | -रंगेली नगरपालिकाको प्राचीन इतिहास सम्बन्धी जानकारी गराउन ।<br>-स्थानीय तह अन्तर्गत संघ संस्थाबाट प्रदान गरिने सेवाहरू र तीनको महत्त्व बताउन ।<br>-ऐतिहासिक हाटः दोहमना बजारको परिचय र महत्त्व बताउन । | -रंगेली नगरपालिकाको पौराणिक, भौगोलिक, ऐतिहासिक अवस्था उल्लेख गर्न ।<br>-प्राकृतिक स्रोत तथा सम्पदाको संरक्षण एवम् सम्वर्धन सम्बन्धी महत्त्व प्रष्ट पार्न ।<br>-व्यक्तिगत घटना दर्ताको प्रकृया र यसको दैनिक जीवनमा हुने प्रयोग बताउन । |

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| स्थानीय स्रोत साधन | -पर्यटनको परिभाषा दिन तथा स्थानीय पर्यटकीय स्थलहरूको संरक्षण र सम्बर्धन गर्न ।<br>-कृषि तथा पशुपालनका स्थानीय समस्याबारे सचेत भई समाधानको उपायहरू खोजी गर्न ।<br>-स्थानीय परम्परागत पेशा र सीपको खोजी र संरक्षण गर्न ।<br>-विभिन्न व्यावसायिक क्रियाकलापहरूको वर्गीकरण गरी तिनीहरूको महत्त्व वर्णन गर्न ।<br>-उद्योग, कलकारखानाबाट स्थानीयले पाएका फाइदाबारे जानकारी लिन र बेफाइदाबारे सचेत रहन। | -स्थानीय पर्यटनको विकास र सम्भावनाबारे उल्लेख गर्न ।<br>-स्थानीय कृषि र उद्योग बीच अन्तरसम्बन्ध उल्लेख गर्न ।<br>-स्थानीय कृषि प्रणालीको विशेषताहरू वर्णन गर्न र आधुनिक कृषि बिकासको सम्भावना उल्लेख गर्न ।<br>-स्थानीय व्यावसायिक मानिसहरूसँग अनुभव र लगानीबारे छलफल गरी उल्लेख गर्न । | -पर्यटकीय स्थलहरूको भ्रमण गर्न र तिनीहरूको बिकास, संरक्षण र संवर्धन गर्न<br>-कृषि र स्थानीय जनजीवन बीच अन्तरसम्बन्धबारे उल्लेख गर्न ।<br>-पशु तथा पंक्षी पालनको व्यावसायिकताबारे सम्भावना उल्लेख गर्न र विकासको खोजी गर्न ।<br>-स्थानीय, पेशा, व्यवसाय र सीपको वर्तमान अवस्था र महत्त्व बताउन । |
| दुर्घटना र विपद् व्यवस्थापन | -विपद्‌बाट सुरक्षित रहन गरिने कार्यहरू बताउन ।<br>-विपद्‌का कारण उत्पन्न जोखिमहरूको जानकारी उल्लेख गर्न ।<br>-जोखिमबाट सुरक्षित रहने उपायहरू पहिचान र अवलम्बन गर्न । | -विपद् व्यवस्थापनमा रंगेली नगरपालिका, व्यक्ति, संघ सस्थाको (रेडक्रस, बालक्लव, स्काउट,) भूमिका पहिचान गर्न ।<br>-विपद्‌मा मनोपरामर्श गर्ने तरिका अभिनय गर्न । | -स्थानीय स्तरमा हुने<br>-संभावित विपद्‌को आँकलन गर्न ।<br>-विपद् व्यवस्थापनमा रंगेली नगरपालिकाले गरेका प्रयासहरू बताउन ।<br>-विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण ऐन, २०७४ अनुसार विपद् व्यवस्थापनको लागि रंगेली नगरपालिकाले खेल्ने भूमिका बताउन ।<br>-विपद् व्यवस्थापनमा सहभागी हुन ।<br>-स्थानीयस्तरमा आइपर्ने विपद् व्यवस्थापनका तरिका अवलम्बन गर्न। |
| हाम्रो संस्कार र संस्कृति | -स्थानीय स्तरमा प्रचलित लिपि, लोककथा, लोकगीत, लोकसाहित्य, लोकबाजा तथा स्थानीय कलाबारे परिचित हुन ।<br>-स्थानीय स्तरमा प्रचलित धर्म, रहनसहन, भेषभूषा र रीतिरिवाजबारे परिचित हुन ।<br>-स्थानीय स्तरमा प्रचलित कलाको व्यावहारिक प्रयोगका लागि आधारभूत सीप विकास गर्न । | -यस क्षेत्रमा प्रचलनमा रहेका स्थानीय जातिगत लोककथा, लोकनाच, लोक बाजा तथा स्थानीय कलाको महत्त्व, उपयोगिता बताउँदै तिनको संरक्षण र संवर्धन गर्न ।<br>-यस क्षेत्रमा बसोबास गर्ने विविध जातजाति एवम् भाषा तथा भेषभूषाको सामाजिक तथा सांस्कृतिक महत्त्व र आवश्यकताबारे बताउँदै समभाव विकास गर्न ।<br>-स्थानीय स्तरमा प्रचलित विभिन्न चाडपर्व, जात्रा, उत्सव तथा मेलाका सामाजिक | -स्थानीय कला, भाषा, साहित्य तथा लिपि र त्यसको मानव जीवनसँगको सम्बन्धबारे बताउन ।<br>-स्थानीय स्तरमा प्रचलित जातिगत, धार्मिक तथा सामाजिक संस्कार, संस्कृति, चाडपर्व एवम् मूल्यमान्यताको सम्मान गर्दै सहिष्णुता र सहअस्तित्व कायम राखी जीवनशैली अपनाउन । |

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | | सांस्कृतिक एवम् ऐतिहासिक महत्त्व बुझी तिनको जगेर्ना गर्न । | |
| नैतिक शिक्षा, आचरण, अनुशासन र मानवता | -नागरिकको कर्तव्य र अधिकार पहिचान गरी व्यवहारमा उतार्न ।<br>-सार्वजनिक सम्पत्तिको महत्त्व बताउन त्यसको संरक्षण, संवर्धन र सदुपयोग गर्न ।<br>-विद्यालयको आचार संहिताको पालना गर्न ।<br>-असल चारित्रिक गुणहरूको विकास गर्न ।<br>-चरित्र निर्माणमा प्रभाव पार्ने तत्त्वहरू बताउन ।<br>-चरित्र निर्माणका आधारशीला बताउन र व्यवहारमा देखाउन ।<br>-असल आचरण अपनाउन<br>-अनुशासित हुन र सकारात्मक सोचाइको विकास गराउन ।<br>-आफ्ना दैनिक कार्यलाई उचित व्यवस्थापन गर्न ।<br>-सही कुराको पहिचान, कार्यान्वयन तथा पालना गर्न ।<br>-मानवमा हुनुपर्ने आधारभूत गुणहरू पहिचान गर्न ।<br>-आफूमा मानवीय विशेषताहरू भए वा नभएको जाँच्न ।<br>-मानवीय विशिष्टता अनुरुप व्यवहार गर्न । | -धर्म र धर्मग्रन्थहरू बारे बताउन ।<br>-असल नागरिकका गुणहरू व्यवहारमा उतार्न ।<br>-सामाजिक आचरण र नियमहरूको पालना गर्न ।<br>-समाजमा एकता, सद्भाव र मेलमिलापको वातावरण निर्माण गर्न ।<br>-चरित्र विकासका विभिन्न नमुनाहरू प्रस्तुत गर्न र व्यवहारमा उतार्न ।<br>-असल उद्देश्य राखी काममा सक्रिय रहन ।<br>-अनुकरणीय चरित्रको विकासका लागि प्रेरित हुन<br>-अनुशासनका पक्षहरू बुझी व्यवहारमा उतार्न ।<br>-अनुशासनका फाइदा बताई व्यवहारमा उतार्न ।<br>-व्यक्तिगत, सामाजिक र साँस्कृतिक विविधताको सम्मान गर्न ।<br>-सामाजिक मानवीय मूल्यहरू पहिचान गरी व्यवहारमा उतार्न ।<br>-पेशागत मानवीय मूल्यहरू पहिचान गरी व्यवहारमा उतार्न ।<br>-राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवीय मूल्यहरू पहिचान गरी व्यवहारमा प्रदर्शन गर्न। | -मातृभूमिलाई माया गर्न ।<br>-विश्वबन्धुत्व कायम गर्न ।<br>-राज्यले निर्धारण गरेको आधारभूत कानुनको जानकारी र परिपालन गर्न ।<br>-शान्ति र सुशासनका लागि राज्यलाई सघाउन ।<br>-सार्वजनिक सम्पत्तिको संरक्षण गर्न ।<br>-असल चारित्रिक व्यवहारहरू प्रदर्शन गर्न ।<br>-असल चरित्रले मानवीय जीवनमा पार्ने प्रभाव बारे बताउन र व्यवहारमा उतार्न ।<br>-असल चरित्र निमार्णका लागि सदाचार, शिष्टाचारलाई व्यवहारमा उतार्न ।<br>-अनुशासनका प्रभावका बारेमा बताउन ।<br>-अनुशासित जीवन बिताउन<br>-सामाजिक मानवीय मूल्यहरूको पहिचान र पालन गर्न ।<br>-राष्ट्रिय मानवीय मूल्यहरू पहिचान गरी व्यवहारमा प्रदर्शन गर्न ।<br>-अन्तर्राष्ट्रिय मानवीय मूल्यहरू बताउन र व्यवहारमा उतार्न ।<br>-आध्यात्मिक मानवीय मूल्यहरूको विकास र पालन गर्न । |
| स्वास्थ्य, योग र खेलकुद | -विभिन्न चाडपर्वमा बनाइने खानेकुराका परिकारहरू बारे बताउन ।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूबाट प्राप्त हुने सेवाका बारेमा भन्न ।<br>-योगको अवधारणा र महत्त्व बताउन ।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरूको महत्त्व बताउन । | -अम्लीय क्षारीय गुण भएको खाना पहिचान गर्न र जङ्क फुडका असरहरू भन्न ।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूबाट प्राप्त हुने सेवाको महत्त्व र आवश्यकता बताउन ।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरूको प्रयोग गर्न<br>-योगको महत्त्व र आवश्यकता बताउन तथा योगाभ्यास गर्न । | -स्वस्थ र सन्तुलित खाना खाने बानी बसाल्न ।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूबाट प्राप्त हुने सेवाको उपभोग गर्न ।<br>-दैनिक योगाभ्यास गरी स्वस्थकर जीवन बिताउन।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरूको संरक्षण गर्न । |

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| --- | --- | --- | --- |
| स्थानीय समस्या र समाधान का उपायहरू | -स्थानीय क्षेत्रका सामाजिक समस्याहरूलाई पहिचान गर्न ।<br>-सामाजिक समस्याको कारण पत्ता लगाई कुप्रथा र हिंसाका बेफाइदा बताउन ।<br>-समाजमा भएका कुप्रथा र हिंसालाई निराकरण गर्ने उपाय बताउन । | -स्थानीय तहका सामाजिक समस्या बुझ्न र चिन्न ।<br>-हिंसा, कुप्रथा र दुर्व्यसन जस्ता समस्या उत्पन्न हुनका कारण पत्ता लगाउन ।<br>-कुप्रथा र दुर्व्यसनबाट सिर्जित समस्या समाधानका उपाय बताउन। | -स्थानीय क्षेत्र र तहका सामाजिक समस्या सिर्जना हुनका कारण बताउन ।<br>-कुप्रथा, द्वन्द्व र दुर्व्यसनका बेफाइदा बारेमा जानकारी लिई सोही अनुसारको जीवनशैली निर्वाह गर्न ।<br>-प्रचलित कुप्रथा र कुलत जस्ता समस्याको समाधानका उपायहरू बताउन । |

## ९. कक्षागत क्षेत्र र क्रम

**कक्षा १ –३**

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कार्यघण्टा |
| --- | --- | --- | --- | --- |
| रंगेली नपाको चिनारी | -रङ्गीन चित्र प्रस्तुतीकरण एवम् छलफल ।<br>-आफ्नो वडा कार्यालयको चित्र ।<br>-विभिन्न स्थानीय धार्मिक स्थलहरू र ग्रामथानहरूको नाम ।<br>-गाउँघर वा वडाभित्र लाग्ने हाटबजार। | -रंगेली नगरपालिकाको प्रमुख, उपप्रमुख, आफ्नो वडाको वडाध्यक्षको नामावली ।<br>-विभिन्न संघ संस्थाहरूको नामः बैङ्कहरू, सहकारी संस्थाहरू र सामाजिक संघ संस्थाहरू ।<br>-स्थानीय उत्पादनहरूः धान, मकै, सागपात, तरकारी, फलफूल । | -आफू वसोवास गरेको पालिकाको नाम र कूल वडा सङ्ख्या ।<br>-आफ्नो पालिकाको भौगोलिक सिमाना ।<br>-पालिकाको नक्सामा आफ्नो वडाको पहिचान गरी रंगरोगन कार्य ।<br>-प्राकृतिक स्रोत सम्पदाको चिनारी<br>-नदीहरूः चिसाङ, बक्राहा<br>-आफ्नो वडाबाट प्रवाह हुने सेवाहरुः जन्मदर्ता, विवाह दर्ता, मृत्यु दर्ता। | २७ |
| स्थानीय स्रोत साधन | -आफ्नो टोल वरपरका धार्मिक स्थलहरू, पार्क, बगैंचा, ताल, पोखरीको नाम ।<br>-मठ, मन्दिर, बगैंचाको चित्र ।<br>-कृषि औजारको नामकरण, काम र चित्र<br>-पेशागत नाम, काम । | -नगरभित्रका धार्मिक स्थलहरूको नाम र ठेगाना ।<br>-नगरभित्रका ताल, तलैया, पोखरी, नदीनालाको नाम।<br>-नगरभित्रका पार्क, बगैंचाको नाम र ठेगाना।<br>-नगर भित्र उत्पादन हुने कृषिजन्य उत्पादन । | -धार्मिक पर्यटकीय स्थल<br>-काली मन्दिर, सन्सारीमाई<br>-अन्तर्राष्ट्रिय सीमा रेखा दशगजा<br>-करेसाबारी<br>-तरकारी खेती<br>-स्थानीय खाद्य बालीको सामान्य परिचय | २४ |

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कार्यघण्टा |
|---|---|---|---|---|
| | -पेशाकर्मीहरूको चित्र ।<br>-ठूला तथा साना उद्योग कलकारखानाको नाम।<br>-उद्योगबाट उत्पादन हुने वस्तुहरूको नाम । | -नगर भित्र उत्पादन हुने नगदे बालीहरूको नाम।<br>-नगर भित्र उत्पादन हुने फलफूल र तरकारीको नाम।<br>-स्थानीय स्तरमा बनाइने कृषि औजारको नाम र चित्रांकन ।<br>-आधुनिक कृषि औजारको नाम ।<br>-नगरभित्र हुने विभिन्न पेशा, व्यवसाय ।<br>-विभिन्न व्यवसाय सञ्चालन गर्ने कार्य स्थलको नाम ।<br>-नगर भित्र सञ्चालित ठूला,मझौला र साना उद्योगहरूको नाम । | -स्थानीय नगदे बालीको सामान्य परिचय ।<br>-खाद्य बाली र नगदे बाली बीच फरक ।<br>-सेवामूलक पेशाः शिक्षक, डाक्टर, वकिल, कर्मचारी<br>-उत्पादनमूलक पेशाः किसान, सिकर्मी, डकर्मी,<br>-घरेलु उद्योगः ढकीया, नाङ्लो, सुप्पा, माटोको भाँडा ।<br>-मझौला उद्योगः कपडा बुन्ने<br>-ठूला उद्योगः सेलर मील, इटा उद्योग<br>-उत्पादित वस्तुको प्रयोग । | |
| दुर्घटना र विपद् व्यवस्थापन | -घर, टोल वरपर घट्न सक्ने दुर्घटनाहरू ।<br>-घर वरपर गाउँटोल, सडकमा हुनसक्ने दुर्घटनाहरू ।<br>-विद्यालयमा हुने दुर्घटनाहरू ।<br>-घर वरपर गाउँटोल, सडकमा हुनसक्ने बाढी, डुबान तथा आगलागी। | -आफू र आफ्नो समानको सुरक्षाको तरिका ।<br>-रंगेली नगरपालिकामा हुन सक्ने दुर्घटनाहरूको पहिचान सडक दुर्घटना, बाढी, डुबान।<br>-घर, टोल वरपर र विद्यालयमा हुने दुर्घटनाप्रति सजगता। | -घर, घर वरपर र विद्यालयमा हुने दुर्घटनाहरू ।<br>-दुर्घटनाबाट बच्ने सावधानीहरू ।<br>-रंगेली नगरपालिकामा हुन सक्ने सडक दुर्घटना,बाढी,डुबान र आगलागीको परिचय।<br>-ट्राफिक नियमको पालना र सडक दुर्घटना प्रति सचेत । | २२ |
| हाम्रो संस्कार र संस्कृति | -परिवारका सदस्यको नाम, साइनो, साइनो अनुसारको सम्बोधन र व्यवहार ।<br>-परिवारको भाषा, जात र धर्म ।<br>-परिवारले मान्ने चाडपर्व, लगाउने भेषभूषा, चाडपर्वमा पकाइने परिकार । | -जन्म, विवाह र मृत्यु संस्कार<br>-राजवंशी, सन्थाल, ताजपुरिया, उरावँ, मुसहरलगायतका जाति, तिनका भाषा र भेषभूषा<br>-सिरुवा, सोहराइ, करम पूजा, फागुवालगायतका चाडपर्व र ती पर्वमा बनाइने | -आफू बस्ने समुदायका मानिसले अँगालेका जन्म, विवाह र मृत्यु संस्कार ।<br>-राजवंशी, सन्थाल, ताजपुरिया, उरावँ, मुसहरलगायतका आफ्ना वडामा बसोबास गर्ने जाति, तिनका भाषा र भेषभूषा । | २२ |

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कार्यघण्टा |
|---|---|---|---|---|
| | | बगिया, भक्का, पन्ता, भात लगायतका परिकार । | -सिरुवा, सोहराइ, करम पूजा, फगुवा, जुड्सितल पर्व, पञ्चमी, सुकराती, , हुक्कापाती, तिला सङ्क्रान्ति । | |
| नैतिक शिक्षा, आचरण, अनुशासन र मानवता | -शिष्टाचार, सम्मान<br>-अभिवादन (प्रणाम, गोडलागी, राम राम, सेवारो, ,फ्याफुल्ला, सलामवालेकुम, झोर्ले, जोहार, जोजोलोप्पा, , बन्दगी, गुड मोर्निङ)<br>-इमान्दारिता, सत्य, अनुमति, आज्ञाकारिता, सहयोग । | -सफासुघ्घर, पवित्रता, कृतज्ञता, धन्यवाद,<br>-राष्ट्रिय गान<br>- विद्यालय पोशाक<br>-माया, प्रेम | -सदाचार (सत्य, अहिँसा, चोरी, नशा, व्यभिचार)<br>-स्वागत सत्कार<br>-विद्यालय, मन्दिर, अस्पताल, निर्वाचन<br>-सेवा, सहयोग । | २२ |
| स्वास्थ्य, योग र खेलकुद | -हात,मुख धोएको चित्र।<br>-सावुन, सेम्पो ।<br>खाने कुराहरूः (दाल, भात, रोटी, तरकारी, फलफूल, खिर, मम, चटपटे, माछामासु, दुध, दहि, भक्का)<br>-स्थानीय ३ खेलहरू ।<br>-रुमाल लुकाई, गट्टा, पिको | -शरीरका अंगहरू<br>-स्थानीय स्तरमा पाइने खानेकुराहरूः भक्का, चप, चटपटे, भुजा, भात, रोटी, तरकारी, दाल, अचार, वगिया ।<br>-आफूले खेल्ने स्थानीय खेलहरूको नाम । | -घर,विद्यालय र कक्षा कोठाको सरसफाइ ।<br>-फोहर ब्यवस्थापन र शौचालयको प्रयोग ।<br>-स्वस्थकर र असस्थकर खानेकुराहरू ।<br>-स्थानीय खेलहरू ।<br>-आस पास<br>-पिट्टो, गट्टी,डोरी नाघ्ने,रुमाल लुकाई । | २१ |
| स्थानीय समस्या र समाधानका उपायहरू | -मिलेर बस्ने, झगडा नगर्ने ।<br>-सामान नचलाउने,नचोर्ने<br>-घरपरिवारका साथ बस्ने<br>-माया गर्ने<br>-नराम्रा शब्द प्रयोग नगर्ने । | -मेलमिलाप,आदर, हेला<br>-घृणा, धनी र गरीब, सानो र ठुलो<br>-छोरा र छोरी आदि। | -मिलेर बस्न ।<br>-पढ्न, लेख्न मद्दत ।<br>-सबैमा समान व्यवहार।<br>-वालविवाह, दाइजो, छुवाछुत आदि।<br>-लागूपदार्थका नाम र प्रकार । | २२ |

**कक्षागत क्षेत्र र क्रम कक्षा ४ –५**

| क्षेत्र | कक्षा ४ | कक्षा ५ | कार्य घण्टा |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| रंगेली नपाको चिनारी | -नगरपालिकाको ऐतिहासिक पृष्ठभूमी ।<br>-प्रशासनिक नक्शा ।<br>-स्थानीय प्राकृतिक स्रोत र सम्पदा ।<br>-स्थानीय हाट बजार र तिनको दैनिक जीवनमा प्रयोग र महत्त्व । | -नगरपालिकाको भौगोलिक अवस्थिति र क्षेत्रफल ।<br>-कालीमाता मन्दिरको सामान्य परिचय ।<br>-वडा कार्यालयबाट प्रदान गर्ने सेवा र सुविधाहरू ।<br>-(प्राथमिक उपचार, नियमित र आवश्यक्ता बमोजिम लगाउने खोपहरू, ज्येष्ठ नागरीक र वृद्ध भत्ता) | १७ |
| स्थानीय स्रोत साधन | -पर्यटकीय स्थल<br>-काली मन्दिर (परिचय, अवस्थिति, महत्त्व)<br>-संसारीमाई (परिचय, अवस्थिति, महत्त्व)<br>-दशगजा (परिचय, अवस्थिति, महत्त्व)<br>-कृषि प्रणाली<br>-हिउदे बाली – गहुँ, मकै, तोरी, आलु,<br>-वर्षे बाली – धान, जुट,<br>-बेसौमी बाली – तरकारी खेती<br>-पशुपालन<br>-परिचय, महत्त्व र फाइदा<br>-(गाई, भैसी, बाख्रा)<br>- स्थानीय पेशा, व्यवसाय<br>-नगर भित्र पेशा, व्यवसाय र सीप गर्नेहरूको सूची<br>-परिचय र महत्त्व<br>- उद्योग<br>-परिचय<br>-पहिचान<br>-महत्त्व | -पर्यटकीय स्थलको संरक्षण<br>-परिचय र महत्त्व ।<br>-सरक्षणका उपायहरू।<br>-संरक्षण गर्ने निकायहरू।<br>-बाली तथा जमिन<br>-स्थानीय बालीको परिचय र महत्त्व<br>-जमिनको प्रकारः कृषियोग्य जमिन र आवासयोग्य जमिन<br>-नगरभित्रका कृषियोग्य जमिनको पहिचान<br>-पशुपालनः परिचय र महत्त्व,<br>समस्याको पहिचान, रोग सम्बन्धी समस्या, व्यवसायिक समस्या ।<br>-पेशा, व्यवसायः परिचय र महत्त्व, स्थानीय पेशा, व्यवसाय र सीपको सूची।<br>- सीपमूलक कार्यमा संलग्नता अनुभव । | २२ |
| दुर्घटना र विपद् व्यवस्थापन | -प्राकृतिक र मानवसिर्जित विपद्को परिचय ।<br>-विपद्का समयमा सुरंक्षित रहने तरिका ।<br>-आकस्मिक सुरक्षा सामग्री तयार ।<br>-सडक तथा ट्राफिक नियमहरू । | -विपद् व्यवस्थापनको परिचय ।<br>-विपद् व्यवस्थापनमा सुरक्षा निकायको भूमिका<br>-विपद् व्यवस्थापनमा अभिभावक र समुदायको भूमिका । | २० |
| हाम्रो संस्कार र संस्कृति | -गनगाई, ताजपुरिया, मारवाडी, सन्थाल, डोम, दुसाध, बाँतर, मुसहर, हजाम, राजवंशी, हलुवाईलगायतका जातजाति, तिनका धार्मिक र सांस्कृतिक परम्परा र रीतिरिवाज ।<br>-मैथिली, राजवंशी, सन्थाल, उरावँ, भोजपुरी, हिन्दी, उर्दू, मगही, अंगिका, थारु, खवासलगायतका भाषा र तिनका जातिगत भेषभूषा ।<br>-सिरुवा, सोहराइ, कर्माधर्मा, वसन्त पञ्चमी, गोठाले पर्व, छठ, जितीया, फगुवा, माघीलगायतका पर्वहरू ।<br>-ग्रामथान मेला, पाता मेला, पेन्दिया, सामाचकेवा, झिझिया, फगुवा लगायतका मेला तथा उत्सवहरू । | -छठपर्व, सूर्य उपासना तथा षष्ठी माईसम्बन्धी पौराणिक लोककथा, मुसलमान जातिमा प्रचलित सैयदा विबीको कहानी, होली पर्वसँग जोडिएको एक ढौण्डा राक्षसी र होलिका एवम् प्रह्लादसम्बन्धी कथा, थारु जातिमा प्रचलित सोनकेस्री रानी, हिटवक बटकोही र सटलसिंह रज्वा कथा आदि ।<br>-मृदंग, झाल, ओढनी, दोदरा, घडीघण्टा, झाँगडढोल, डिगरी, ढुलुक, सहाना, गोल्की, मैनामुरली, सखिया मादल, टामाड, कुर्ताल, सतारसिटि आदि ।<br>-मिथिला चित्रकला, मोखा ( माटाको भित्तेचित्रकला), मूर्तिकला, टाटुकला आदि<br>-हजाम (ठाकुर), कानू, सुढी, लोहार, तत्मा, खत्वे, धोबी, माझी, नुनीया, कुम्हार, हलुवाई, मारवाडी, सन्थाल जातिका भाषा । | १५ |

| | | | |
|---|---|---|---|
| | | -सिरुवा, सोहराइ, कर्माधर्मा, वसन्त पञ्चमी, गोठाले पर्व, छठ, जितीया, फगुवा, सुकराती, , हुक्कापाती, तिला सङ्क्रान्ति, जुरसितल, माघीलगायतका पर्वहरू ।<br>-ग्रामथान मेला, दशाए नाच, पत्तामेला, पेन्दिया, फागुवालगायतका मेला तथा उत्सवहरू । | |
| नैतिक शिक्षा, आचरण, अनुशासन र मानवता | -स्तुति, प्रार्थना, उपासना, ईश्वर, गुरु, देउता आदिको स्तुति प्रार्थना र उपासना ।<br>-स्वावलम्बन, सहभागिता र क्षमा । | -धर्म र धार्मिक सहिष्णुता<br>-धैर्यता<br>-अनुशासनको अर्थ, परिभाषा र फाइदा<br>-परोपकार । | २० |
| स्वास्थ्य, योग र खेलकुद | -स्थानीय स्तरका स्वस्थ खानेकुराहरूः भक्का, चप, चटपटे, भुजा, रोटी, तरकारी, दालभात, अचार, वगिया ।<br>-सामुदायिक स्वास्थ्य र सरसफाइको परिचय ।<br>-सामुदायिक स्वास्थ्य र सरसफाइको महत्त्व ।<br>-स्थानीय खेलहरूः डण्डी वियो, कवड्डी, डोरी नाघ्ने खेल । | -सन्तुलित भोजन ।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूःअस्पताल,स्वास्थ्य चौकी,वडास्वास्थ्यकार्यालय, महिला स्वयम् सेविका ।<br>-स्थानीय खेलहरूः रुमाल लुकाइ, गट्टी, दौड, पिको।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरूः आँक, तुलसी, निम, पिप्ला, गुर्जो, बेसार, ज्वानो, अम्बाको पात, धतुरो, आईटिङ झार, भूमिराज, हलेदो घ्यु कुमारी, पहेलो लहरो । | २० |
| स्थानीय समस्या र समाधानका उपायहरू | -कार्यको बाँडफाँट, सहयोगीपन, आत्मीयभाव, घर परिवारमा सहयोग, झैझगडा, विपन्नता, अपराधजन्य क्रियाकलाप, घर परिवारमा फाटो, मनमुटाब, रिसइवी, साथीभाइ, छर छिमेकमा बेमेल, दण्ड जरिवाना अन्य सजाय आदि । | -सबैमा मित्र भाव, समान दृष्टिकोण, मेलमिलाप, सहयोगीपन, आत्मियता<br>-हिंसा र लागूपदार्थको चर्चा<br>-हिंसाले द्वन्द्व सिर्जना ।<br>-समाज खण्डित र बेमेल।<br>-शारीरिक जिर्णता, रिसइवी।<br>-अङ्गभङ्ग, आर्थिक संकट।<br>-खराब चिज भन्ने धारणा।<br>-हिंसाबाट टाढा<br>-खराब व्यक्तिको संगतबाट अलग । | १४ |

## कक्षागत क्षेत्र र क्रम कक्षा ६–८

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | काघ |
|---|---|---|---|---|
| रंगेली नपाको चिनारी | -स्थानीय प्राकृतिक स्रोत सम्पदा, नदीबाट हुने फाइदाहरू ।<br>-संसारीमाई मन्दिरको इतिहास र धार्मिक महत्त्व । | -रंगेली नगरपालिकाको प्राचीन इतिहास<br>-पुरानो सदरमुकाम<br>-काली मन्दिर<br>-संसारीमाई मन्दिर<br>-स्थानीय तह अन्तरगत संघ संस्थाहरुःहुलाक कार्यालय, जिल्ला अस्पताल, मालपोत कार्यालय, इलाका प्रहरी कार्यालय, इलाका प्रशासन | -रंगेली नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि (घोषणा मिति सहित विविध घटनाक्रम)<br>-रंगेली नगरपालिकाको नामाकरण हुनुको कारणको पहिचान ।<br>-भैगोलिक स्वरुप जिल्ला सदरमुकाम र प्रदेश राजधानी देखिको दूरी आदि<br>-रंगेलीको क्षेत्रफल, अक्षांश, देशान्तर र सिमाना । | १७ |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यालय, दिना बाबु धर्मशाला<br>-सेवा र महत्वः चिठी पत्र आदान प्रदान, उपचार, जग्गा सम्बन्धी कारोबार, जीउधनको सुरक्षा र शान्ति सुरक्षा कायम, नागरिकता, राहदानी, मतदाता परिचय पत्र, पर्यटकीय विश्रामस्थल<br>-दोहमना बजारको पचिय र महत्वः पशु चौपायाहरूको खरीद विक्रि, तरकारी बजार, लत्ताकपडाको व्यापार । | -नगरको, वडागत र लैंगिक जनसङ्ख्या ।<br>-प्राकृतिक स्रोत तथा सम्पदाको संरक्षण एवम् सम्वर्धन ।<br>-स्रोतः चिसाङ, वक्राहा नदी, रंगेली सामुदायिक वन<br>-नदीनालाको संरक्षण र महत्वः वृक्षारोपण, तटबन्ध निर्माण, नदी सरसफाइ ।<br>-वनसम्पदाको संरक्षण र महत्वः जनचेतना, वृक्षारोपण,हरियो रुखकटान र रोकथाम ।<br>-व्यक्तिगत घटना दर्ता प्रक्रियाः जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, सम्वन्ध विच्छेद<br>-व्यक्तिगत घटना दर्ताको दैनिक जीवनमा प्रयोगः विद्यालय भर्ना, जनगणना, वैवाहिक सम्वन्धको तथ्यांक संकलन, आदि । | |
| स्थानीय स्रोत साधन | -पर्यटनः परिभाषा र परिचय<br>-नगरभित्रका पर्यटकीय स्थलहरू<br>-संरक्षणका उपायहरू<br>-सम्बर्धनका पक्षहरू<br>-भौतिक पक्ष<br>-प्रचार प्रसार पक्ष<br>-कृषि तथा पशुपालनः परिचय, कृषि र पशुपालन बीच सम्बन्ध, समस्याहरूको पहिचान र समाधानका उपायहरू ।<br>-नगर भित्र पाइने परम्परगत पेशा र सीपहरूः बाँसको काम, माटोको काम, सिलाइबुनाइ, रंगरोगन, झल्ला तथा चटाइ बुनाइ।<br>-संरक्षणका उपायहरू ।<br>-व्यवसाय वर्गीकरणः परिचय र महत्त्व, नगर भित्र मानिसहरूले अपनाएका व्यवसायहरू, व्यावसायिक कामको वर्गीकरणः साना, मझौला र ठूला व्यवसाय । | -पर्यटन विकास अवधारणाः<br>-भौतिक विकास<br>-जनशक्ति विकास<br>-पर्यटन विकासका संभावना<br>-धार्मिक पर्यटन<br>-साँस्कृतिक पर्यटन<br>-भौगोलिक पर्यटन<br>-कृषि र उद्योग<br>-कृषि र उद्योग बिचको अन्तरसम्बन्ध<br>-पशुपालन र डेरी उद्योग<br>-धान खेती र सेलर मील<br>-गहुँ खेती र पाउरोटी/बिस्कुट उद्योग<br>-सनपाट र जुट मील<br>-उखु र चिनी उद्योग<br>-कृषि प्रणाली<br>-स्थानीय कृषि प्रणालीका विशेषताहरू<br>-मानवीय श्रममा आधारित<br>-वर्सातमा आधारित | -स्थानीय पर्यटकीय स्थल विकासको अवधारणा<br>-पर्यटकीय स्थलहरूको भ्रमण<br>-संरक्षणका उपायहरू<br>-संवर्धनका पक्षहरू<br>-कृषि र जनजीवन<br>-जीवन निर्वाहको आधार<br>-विकास र कृषि<br>-पशुपंक्षी पालन<br>-परिचय<br>-व्यावसायिक संभावना<br>-समस्या र चुनौती<br>-स्थानीय पेशा, व्यवसाय<br>-पेशा, व्यवसाय र सीपको वर्तमान अवस्था र महत्त्व । | २२ |

| | | | | |
|---|---|---|---|---|
| | -नगर भित्र सञ्चालित उद्योगहरूको सूची (साना, मझौला र ठूला)<br>-सञ्चालित उद्योगबाट हुने फाइदाहरू ।<br>-उपभोग आपूर्ति<br>-सञ्चालित उद्योगबाट हुने बेफाइदाहरू<br>-वातावरणीय असर र दुर्घटना<br>-अपराधिक क्रियाकलाप | -परम्परागत तरिका<br>-प्राङ्गारिक मल<br>-आधुनिक कृषिको संभावना<br>-आवधारणा<br>-मेसिनको प्रयोग ट्याक्टर, थ्रेसर, बाली काट्ने मेसिन<br>-रासायनिक मल र विषादीको प्रयोग<br>-व्यावसायिक लगानी<br>-स्थानीय व्यावसायिक मानिसहरूको पहिचान<br>-व्यवसायमा लगानी<br>-आर्थिकः बैङ्क, फाइनान्स र सहकारीको भूमिका । | | |
| दुर्घटना र विपद् व्यवस्थापन | -विपद्बाट सुरक्षित रहन गरिने कार्य ।<br>-विपद्का कारण उत्पन्न जोखिमहरूको जानकारी ।<br>-जोखिमबाट सुरक्षित रहने उपायहरू । | -विपद् व्यवस्थापनमा रंगेली नगरपालिका, व्यक्ति, संघ सस्था (रेडक्रस, बालक्लव, स्काउट) को भूमिका ।<br>-विपद्मा मनोपरामर्शको तरिका । | -संभावित विपद्को आँकलन<br>-विपद् व्यवस्थापनमा रंगेली नगरपालिकाले गरेका प्रयासहरू ।<br>-विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण ऐन, २०७४ अनुसार विपद् व्यवस्थापनको लागि रंगेली नगरपालिकाले खेल्ने भूमिका ।<br>-विपद् व्यवस्थापनमा सहभागी ।<br>-स्थानीयस्तरमा आइपर्ने विपद् व्यवस्थापनका तरिका। | २२ |
| हाम्रो संस्कार र संस्कृति | -छठपर्व, सूर्य उपासना तथा षष्टिमाईसम्बन्धी पौराणिक लोककथा, मुसलमान जातिमा प्रचलित सैयदा विबीको कहानी, होली पर्वसँग जोडिएको एक ढौण्डा राक्षसी र होलिका एवम् प्रह्लादसम्बन्धी कथा, थारु जातिमा प्रचलित सोनकेस्री रानी, हिटवक बटकोही र सटलसिंह रज्वा कथा<br>-मृदंग, झाल, ओढनी, दोदरा, घडीघण्टा, झाँगडढोल, डिगरी, ढुलुक, सहाना, गोल्की, मैनामुरली, सखिया मादल, टामाड, कुर्ताल, सतारसिटि | -छठपर्व, सूर्य उपासना तथा षष्टिमाईसम्बन्धी पौराणिक लोककथा, मुसलमान जातिमा प्रचलित सैयदा विबीको कहानी, होली पर्वसँग जोडिएको एक ढौण्डा राक्षसी र होलिका एवम् प्रह्लादसम्बन्धी कथा, थारु जातिमा प्रचलित सोनकेस्री रानी, हिटवक बटकोही र सटलसिंह रज्वा कथाको महत्त्व, उपयोगिता, संरक्षणका उपाय र संवर्धनका उपायहरू<br>-मृदंग, झाल, ओढनी, दोदरा, घडीघण्टा, झाँगडढोल, डिगरी, ढुलुक, सहाना, | -मिथिला चित्रकला, मोखा ( माटाको भित्तेचित्रकला), मूर्तिकला, टाटुकला, मैथिली, राजवंशी, सन्थाल, उरावँ, भोजपुरी, हिन्दी, उर्दू, मगही, अंगिका, थारु, खवासलगायतका भाषा, उरावँ जातिको तोलोङ सिकी, सन्थालको ओलचिकी, मिथिलाक्षर (तिरहुत) उर्दू लिपि र तिनको मानव जीवनसँगको सम्बन्ध<br>-स्थानीय स्तरमा प्रचलित जातिगत, धार्मिक तथा सामाजिक संस्कार, संस्कृति, चाडपर्व एवम् मूल्यमान्यताको सम्मान, सबै भाषा, धर्म, जातजाति, भेषभूषा र रीतिरिवाजको मूल्य, तीप्रति समभाव र सोही अनुकूलको व्यवहार। | १५ |

| | | | | |
|---|---|---|---|---|
| | -मिथिला चित्रकला, मोखा ( माटाको भित्तेचित्रकला), मूर्तिकला, टाटुकला<br>-हिन्दु, मुस्लिम, इसाई, बौद्ध, किराँती र प्रकृति धर्म<br>-स्थानीयस्तरका मानिसका रहनसहन र जीवनशैली, गनगाई, ताजपुरिया, मारवाडी, सन्थाल, डोम, दुसाध, बाँतर, मुसहर, हजाम, राजवंशी, हलुवाईलगायतका जातिका जातिगत भेषभूषा<br>-मिथिला चित्रकला, मोखा ( माटाको भित्तेचित्रकला), टाटुकला, मूर्तिकला आदि कलाको निर्माणका लागि आवश्यक सामग्री, निर्माण विधि, | गोल्की, मैनामुरली, सखिया मादल, टामाङ, कुर्ताल, सतारसिटि बाजाको संरक्षण र संवर्धनका उपायहरू<br>-मैथिली, राजवंशी, सन्थाल, उराव‍ँ, भोजपुरी, हिन्दी, उर्दू, मगही, अंगिका, थारु, खवासलगायतका भाषा र तिनका जातिगत भेषभूषा, तिनको महत्त्व, आवश्यकता, त्यस्ता भाषा, जाति र भेषभूषाप्रतिको सम्मान र आदरभाव<br>-सिरुवा, सोहराइ, कर्माधर्मा, वसन्त पञ्चमी, गोठाले पर्व, छठ, जितीया, फगुवा, माघीलगायतका पर्वहरू, ग्रामथान मेला, दशाए नाच, फगुवालगायतका मेला तथा उत्सवहरू र तिनको ऐतिहासिक महत्त्व तथा जगेर्नाका उपायहरू | | |
| नैतिक शिक्षा, आचरण, अनुशासन र मानवता | -नागरिक अधिकार र कर्तव्य<br>-सार्वजनिक सम्पत्तिको महत्त्व संरक्षण र सदुपयोग<br>-चारित्रिक गुणहरूमा प्रभाव पर्ने तत्त्वहरूः घर, परिवार, समाज, वातावरण, संस्कृति र परम्परा ।<br>-अनुशासन, स्वव्यवस्थापन, स्वस्थ चिन्तन ।<br>-मानव र अन्य प्राणीमा समानता, भिन्नता र अन्तर निर्भरता ।<br>-मानवका विशेषताहरू (ज्ञान, बुद्धि, विवेक र चेतना)<br>-मानवीय मूल्यहरूः सत्य, धर्म, शान्ति, प्रेम र अहिंसा। | -धर्म र धर्मग्रन्थहरू<br>-नागरिकको अधिकार जिम्मेवारी पूर्वक प्रयोग<br>-नैतिक दायित्व, सामाजिक आचरण र नियमको पालना<br>-चरित्र विकासका नमुनाहरू<br>-सल आचरणका आधारहरू<br>-(धर्मशास्त्र, नीतिशास्त्र)<br>-अनुशासनका पक्षहरू<br>-अनुशासनका फाइदाहरू<br>-व्यक्तिगत सामाजिक र साँस्कृतिक विविधताहरू<br>-मानवीय मूल्यहरू(सामाजिक, पेशागत, राष्ट्रिय, अन्तर्राष्ट्रिय) | -नागरिकको राज्य प्रतिको दायित्व<br>-राज्यको आधारभूत कानुन<br>-सार्वजनिक सम्पत्तिको महत्त्व<br>-असल चरित्रको प्रदर्शन<br>-असल चरित्रको प्रभाव<br>-अनुशासनका प्रभाव<br>-अनुशासित जीवन<br>-सामाजिक मानवीय मूल्यहरू<br>-राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा आध्यात्मिक मानवीय मूल्यहरू । | १९ |
| स्वास्थ्य, योग र खेलकुद | -विभिन्न चाडपर्वमा बनाइने खानेकुराका परिकारहरू ठेकुवा, वगिया, सेलरोटी, जौको सातु, | -अम्लीय गुण भएको खानाः माछा, मासु, दही, सुन्तला, कागती, तारेको, भुटेको । | -स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूः अस्पताल, स्वास्थ्य चौकी, वडा स्वास्थ्य | १९ |

| | | | | |
|---|---|---|---|---|
| | खिचडी, पुवा , तिलको लड्डू, खजुरी,पुरी ।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरू:अस्पताल,स्वास्थ्य चौकी,वडास्वास्थ्यकार्यालय महिला स्वयम् सेविका ।<br>-योगको अर्थ, महत्त्व परिचय र उपयोगिता ।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरू: आँक, तुलसी, निम, पिप्ला, गुर्जो, बेसार, ज्वानो, अम्वाको पात, धतुरो, आईटिङ झार, भूमिराज, हलेदो, घ्यु कुमारी, पहेलो लहरो, करीपत्ता। | -क्षारीय गुण भएका खानाः ताजा सागपात, फलफूल, रेसा र बोक्रा युक्त खाना<br>-जङ्क फुडः चाउचाउ, कुरमुरे, पाउरोटी ।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूः अस्पताल, स्वास्थ्य चौकी, वडा स्वास्थ्य कार्यालय<br>-महिला स्वयम् सेविकाबाट प्रदान गरिने सेवाहरू।<br>-योगको महत्त्व र आवश्यकता तथा योगासनहरूः नमस्कार आसन, बज्रासन, अर्ध चन्द्रासन, नटराज आसन, गोमुख आसन, सुखासन, सर्वांगासन, ताडासन ।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरूः आँक, तुलसी, निम, पिप्ला, गुर्जो, बेसार, ज्वानो,अम्वाको पात, धतुरो, आईटिङ झार, भूमिराज, हलेदो, घ्यू कुमारी, पहेँलो लहरो, करीपत्ता । | कार्यालय, महिला स्वयम् सेविकाबाट प्रदान गरिने सेवाहरू ।<br>-विभिन्न योगासनहरूः शवासन, वृक्षासन, भुजंगासन, दंडासन, उष्ट्रासन, कोणासन, सेतुवंध आसन, हलासन, धनुरासन, शीर्षासन ।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरूः आँक, तुलसी, निम, पिप्ला, गुर्जो, बेसार, ज्वानो, अम्वाको पात, धतुरो, आईटिङ झार, भूमिराज, हलेदो, घ्यु कुमारी, अमरलता, करीपत्ता | |
| स्थानीय समस्या र समाधानका उपायहरू | -गरीवी, अशिक्षा, चेतनाको कमी<br>-हेपाहा प्रवृति, लैङ्गिक विभेद<br>-सामाजिक विभेद,आर्थिक अभाव<br>-अन्धविश्वास,माया ममताको कमी<br>-अशिक्षा,डर, त्रास<br>-आर्थिक सङ्कट, हीनताबोध, बेमेल, अङ्गभङ्ग, दण्ड सजाय<br>-शिक्षा र चेतनाको प्रचार<br>-सामाजिक एकता, मानवीय व्यवहार<br>-चेतनामूलक कार्यक्रम, सामाजिक दण्ड<br>-समाजबाट बहिष्कृत आदि। | -गरीवी, बेरोजगारी, लागूपदार्थको प्रयोग।<br>-परम्पराको निरन्तरता, चेतनाको कमी, सुरक्षाको अभाव, पारिवारिक र सामाजिक अचेतना, छोरा र छोरीप्रति गरिने व्यवहार, बढ्दो यान्त्रिकीकरण र देखासिकी, खुल्ला बजार, खुल्ला सिमाना, चेतना जागृत(जागरण), शिक्षाको अभाव, खर्चमा मितव्ययीता<br>-अनावश्यक प्रथाको अन्त्य (दाइजो, बालविवाह)<br>-दर्बिलो कानुनी व्यवस्था र कार्यान्वयन, सामाजिक दण्ड र बहिष्कार । | -ज्ञानको अभाव, गरीवी<br>-रोजगारीको अभाव<br>-अन्धविश्वास, खराब संगत,<br>-लैङ्गिक विभेद, पछौटेपन, साम्प्रदायिकता<br>-समाजिकीकरणमा अवरोध<br>-बेमेलको सिर्जना, पारिवारिक फाटो, झगडा चोरी,चेतना प्रवाह, रोजगारी सिर्जना, सामाजिक सचेतता सामाजिकीकरणमा जोड,<br>-अन्धविश्वास निरुत्साहन ।<br>-अनावश्यक वस्तुको विक्रीमा रोक, सामाजिक दण्ड र सजाय, प्रशासनिक निगरानी | १४ |

## १०. विषयवस्तुको विस्तृतीकरण

कक्षा १

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|
| रंगेली नपाको चिनारी | -रङ्गीन चित्रहरू हेरेर आफ्नो वडाको पहिचान गर्न ।<br>-आफ्नो गाउँ घर वरपर रहेका धार्मिक स्थलहरूको नाम बताउन।<br>-आफ्नो वरपर रहेका विभिन्न हाट बजारको बारेमा बताउन । | -रङ्गीन चित्र प्रस्तुतीकरण एवम् छलफल ।<br>-आफ्नो वडा कार्यालयको चित्र ।<br>-विभिन्न स्थानीय धार्मिक स्थलहरू र ग्रामथानहरूको नाम ।<br>-गाउँघर वा वडाभित्र लाग्ने हाटबजार। | -विद्यार्थीहरूलाई आआफ्नो गाउँठाउँ र वडाको नाम भन्न लगाउने ।<br>-विद्यार्थीहरूलाई केही स्थानीय धार्मिक स्थलहरू वा ग्रामथानको नाम बताउन लगाउने ।<br>-स्थानीय हाटबजारको चित्र देखाई छलफल गर्ने ।<br>-वडाको चित्र अवलोकन गराएर छलफल र अन्तर्क्रिया गराउने। | -आफ्नो घर, वडा कार्यालय, कुनै धार्मिक स्थलको चित्र हेरी पहिचान गर्न लगाउने ।<br>-हाटबजारमा किनबेच हुने सामानको बारे भन्न लगाउने। | २७ |
| स्थानीय स्रोत साधन | -स्थानीय पर्यटकीय स्थलहरूको नाम भन्न<br>- कृषि उत्पादनमा प्रयोग हुने सामग्रीहरू पहिचान गर्न र नाम भन्न । | -आफ्नो टोल वरपरका धार्मिक स्थलहरू, पार्क, बगैंचा, ताल, पोखरीको नाम ।<br>-मठ, मन्दिर, बगैंचाको चित्र । | -विद्यार्थीलाई पालैपालो वरपरका धार्मिक स्थलहरूको नाम भन्न लगाउने ।<br>-धार्मिक स्थलहरूमा कहाँ कहाँबाट मानिसहरू घुम्न आउँछन् भनी छलफल गराउने ।<br>-विद्यार्थीहरूले देखेका पार्क, बगैंचाको नाम भन्न लगाउने । | -विद्यार्थीहरूलाई आफूले देखेका धार्मिक स्थलहरूको नाम भन्न लगाउने ।<br>-विद्यार्थीहरूलाई आफूले देखेका र आफू गएका पार्क, बगैंचाहरूको नाम भन्न लगाउने। | २४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | -विभिन्न पेशा, व्यवसायमा लागेका मानिसहरूको वर्गीकृत नाम भन्न ।<br>-स्थानीय स्तरमा सञ्चालित ठूला तथा साना उद्योगहरूको पहिचान गर्न। | -कृषि औजारको नामकरण, काम र चित्र<br>-पेशागत नाम, काम ।<br>-पेशाकर्मीहरूको चित्र ।<br>-ठूला तथा साना उद्योग कलकारखानाको नाम।<br>-उद्योगबाट उत्पादन हुने वस्तुहरूको नाम । | -विद्यार्थीहरूलाई वरपरका ताल, पोखरी, नदी नालाको नाम भन्न लगाउने ।<br>-विद्यार्थीहरूलाई विभिन्न धार्मिक स्थल र पर्यटकीय स्थलहरूको फोटो, चित्रको प्रदर्शन गरी सामान्य पेन्सिल चित्र बनाउन लगाउने ।<br>-विद्यार्थीहरूलाई उनीहरूको घरमा भएको कृषि औजार तथा सामग्रीको नाम भन्न लगाउने ।<br>-विभिन्न कृषि औजारहरूको कामको बारेमा छलफल गराउने ।<br>-कृषि औजारहरूको चित्र प्रदर्शन गरी सामान्य चित्र बनाउन लगाउने ।<br>-विद्यार्थीको छरछिमेकमा भएका विभिन्न पेशाकर्मी मानिसहरूको पेशा भन्न लगाउने जस्तै शिक्षक, किसान, सूचीकार आदि ।<br>-विभिन्न पेशाकर्मीहरूले के के काम गर्छन् भनी छलफल गराउने र भन्न लगाउने ।<br>-विभिन्न पेशाकर्मीहरूको चित्रको माध्यमबाट परिचय गराउने ।<br>-आफ्ना वरपर भएका उद्योग कलकारखानाहरूको नाम भन्न लगाउने ।<br>-उद्योग कलकारखानाबाट उत्पादित वस्तुहरूको नाम भन्न लगाउने । | -आफ्ना वरिपरि भएका ताल, पोखरी आदिको नाम भन्न लगाउने ।<br>-विद्यार्थीहरूलाई आफूले देखेका देवस्थल र बगैँचाहरूको पेन्सिल चित्र बनाउन लगाउने ।<br>-विद्यार्थीहरूलाई उनीहरूको घरमा भएका कृषि औजारको नाम भन्न लगाउने ।<br>-कुन कृषि औजारको काम के हो भनी प्रश्न सोध्ने ।<br>-कृषि औजारको चित्र बनाउन लगाउने<br>-विद्यार्थीहरूलाई उनीहरूको छिमेकमा देखेका पेशाकर्मीहरूको नाम भन्न लगाउने ।<br>-कुन पेशाकर्मीले कुन काम गर्छ भनी प्रश्न गर्ने।<br>-पेशाकर्मीहरूको सामान्य पेन्सिल चित्र बनाउन लगाउने ।<br>-विद्यार्थीहरूलाई उनीहरूले देखेका उद्योग कलकारखानाको नाम भन्न लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | -कारखानाबाट उत्पादन हुने सामानहरूको नाम भन्न लगाउने । | |
| दुर्घटना र विपद् व्यवस्थापन | -घर टोल वरपर घट्न सक्ने दुर्घटनाहरू बताउन ।<br>-घर वरपर गाउँटोल, सडकमा हुनसक्ने दुर्घटनाहरूको पहिचान गर्न र सजगता अपनाउन ।<br>-विद्यालयमा हुने दुर्घटनाहरू पहिचान गर्न र सजगता अपनाउन ।<br>-घर वरपर गाउँटोलमा हुनसक्ने बाढी, डुबान तथा आगलागीको पहिचान गर्न र सजगता अपनाउन । | -घर, टोल वरपर घट्न सक्ने दुर्घटनाहरू ।<br>-घर वरपर गाउँटोल, सडकमा हुनसक्ने दुर्घटनाहरू ।<br>-विद्यालयमा हुने दुर्घटनाहरू ।<br>-घर वरपर गाउँटोल, सडकमा हुनसक्ने बाढी, डुबान तथा आगलागी। | -घरमा पाइने चक्कु, हँसिया, जस्ता सामग्रीहरू चलाउँदा, के हुन सक्छ ? भनी छलफल गर्ने गराउने ।<br>-घर, टोल, बाटो वा अन्य क्षेत्रमा घट्न सक्ने दुर्घटनाहरू व्यक्तिगत र सामूहिक रूपमा भन्न लगाउने ।<br>-सडकमा हिड्दा हामी कसरी हिड्नु पर्छ भनी अभ्यासात्मक कार्यहरू गरी देखाउने र विद्यार्थीहरूलाई पनि सोही अनुसार व्यवहारमा प्रयोग गर्न अभिप्रेरित गर्ने ।<br>-विद्यालयमा हुने दुर्घटनाहरू भन्न लगाउने ।<br>-विद्यालयमा हुने दुर्घटनाबाट बच्ने उपायहरू अवलम्बन गर्न लगाउने ।<br>-घर वरपर गाउँटोलमा हुने बाढी, डुबान तथा आगलागीको पहिचान गर्न र सजगता अपनाउन अभिनयात्मक रुपमा गर्न लगाउने । | -घर, टोल, वरपर घटेका घटना भन्न लगाउने।<br>-घर वरपर घट्न सक्ने घटना सोध्ने ।<br>-विद्यालयमा हुने दुर्घटनाहरू भन्न लगाउने ।<br>-दुर्घटनाबाट बच्ने उपायहरू अवलम्बन गरे नगरेको अवलोकन गर्ने ।<br>-बाढी, डुबान तथा आगलागीको पहिचान गर्न र सजगता अपनाउन अभिनयात्मक रुपमा गर्न लगाउने । | २२ |
| हाम्रो संस्कार र संस्कृति | -परिवारका सदस्यबिच आदर, सम्मान र माया देखाउन । | -परिवारका सदस्यको नाम, साइनो, साइनो | -आफ्ना परिवारका सदस्यको नाम भन्न लगाउने ।<br>-परिवारका सदस्यलाई लगाउने साइनो के हो ? भनी भन्न लगाउने । | -परिवारका सदस्यहरूको नाम भन्न लगाउने । | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | -आफ्नो परिवारको जात, धर्म र भाषाबारे बताउन ।<br>-आफ्नो परिवारले मान्ने चाडपर्व, संस्कार, चाडपर्वमा खाइने परिकार र लगाउने भेषभूषाको नाम भन्न । | अनुसारको सम्बोधन र व्यवहार ।<br>-परिवारको भाषा, जात र धर्म ।<br>-परिवारले मान्ने चाडपर्व, लगाउने भेषभूषा, चाडपर्वमा पकाइने परिकार । | -परिवारका कुन कुन सदस्यलाई कस्तो कस्तो सम्मान गरिन्छ छलफल गराउने ।<br>-शिक्षकले आवश्यक सहजीकरण गर्ने ।<br>-सबै विद्यार्थीलाई पालैपालो आफ्नो थर भन्न लगाई टिपोट गर्ने ।<br>-आफूले मान्ने धर्म भन्न लगाई टिपोट गर्ने।<br>-परिवारले बोल्ने भाषा भन्न लगाई टिपोट गर्ने।<br>-कक्षामा छलफल गरी सबै विद्यार्थीलाई आफ्नो जाति, भाषा र धर्मका बारेमा परिचित गराउने।<br>-शिक्षकले विभिन्न चाडपर्वका नाम सेतोपाटीमा टिपोट गर्ने ।<br>-विद्यार्थीलाई आफ्नो परिवारमा कुन कुन चाडपर्व मनाइन्छ भन्न लगाई टिपोट गर्ने ।<br>-ती चाडपर्वमा कुनकुन परिकार बनाइन्छ भन्न लगाई टिपोट गर्ने।<br>-आफ्ना परिवारका सदस्यले लगाउने पोसाक केके हुन् भनी सोध्ने र सेतोपाटीमा टिपोट गर्ने।<br>-विद्यार्थीलाई एक अर्काका चाडपर्व, चाडपर्वमा बनाइने परिकारहरू तथा लगाइने भेषभूषाका बारेमा छलफल गराउने।<br>-शिक्षकले आवश्यक सहजीकरण गर्ने । | -सम्मान प्रदर्शन गर्न लगाई अवलोकन गर्ने ।<br>-तलका साइनो उच्चारण गर्नुहोस्ः आमा, बुबा, दिदी, दाजु, भाइ आदि ।<br>-तपाईंको थर के हो ?<br>-तपाईंको परिवारले दिइएका मध्ये कुन धर्म मान्छ ?<br>-तपाईं कुन भाषा बोल्नुहुन्छ ? जस्ता प्रश्नहरू सोध्ने ।<br>-तपाईंका परिवारमा कुन कुन चाडपर्व मनाइन्छ भनी प्रश्न सोध्ने ।<br>-ती चाडपर्वमा केके खाने कुराहरू खानुहुन्छ ? कुनै ४ ओटा खानेकुराको नाम बताउन लगाउने ।<br>-ती चाडपर्वमा ककसले कुनकुन लुगा लगाउनुहुन्छ भनी सोध्ने । | |
| नैतिक शिक्षा, आचरण, | -आफूभन्दा ठूलालाई अभिवादन गर्न । | -शिष्टाचार, सम्मान<br>-अभिवादन (प्रणाम, गोडलागी, नमस्कार, | -अभिनयद्वारा आ—आफ्नो चालचलन अनुसार आदर सत्कार गर्ने र गर्न लगाउने । | -अभिनयद्वारा आआफ्नो चालचलन अनुसार आदर सत्कार गर्ने र गर्न लगाउने। | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| अनुशासन र मानवता | -आफूभन्दा ठूलालाई सम्मान पूर्वक सम्बोधन गर्न।<br>-अर्काको सम्पत्तिमा लोभ नगर्न ।<br>-आफ्नो कर्तव्य निष्ठापूर्वक गर्न ।<br>-अनुमति लिई काम गर्न ।<br>-आफूभन्दा ठूलाले भनेको मान्न ।<br>-एक अर्कालाई सहयोग गर्न। | सेवारो, फ्याफुल्ला, जोजोलोप्पा, जोहार, सलामवालेकुम, झोर्ले, बन्दगी)<br>-इमान्दारिता, सत्य, अनुमति, आज्ञाकारिता, सहयोग । | -अभिवादन गरेका विभिन्न प्रकारका चित्र र तस्बिर देखाई छलफल गराउने ।<br>-जेष्ठ सदस्यलाई तपाई, हजुर भनेर सम्बोधन गर्न लगाउने ।<br>-आफूभन्दा ठूलाले भनेको कुरा गर्न लगाउने ।<br>-भेटेको वस्तु फिर्ता गरेको अभिनय गराएर देखाउने ।<br>-अनुमति विनाअरुको सामान प्रयोग गर्न नहुने कुरा बताउने ।<br>-नैतिक कथा (दाउरे र बन्चरो) सुनाउने ।<br>-विभिन्न दृष्टान्त र सुक्तिहरू सुनाउने । | -अभिवादन गरेका विभिन्न प्रकारका चित्र र तस्बिर देखाई प्रश्नोत्तर गर्ने।<br>-जेष्ठ सदस्यलाई तपाई, हजुर भनेर सम्बोधन गर्न लगाउने ।<br>-भेटेको वस्तु फर्काएको वा नफर्काएको बारेमा प्रश्नोत्तर गर्ने ।<br>-भेटेको वस्तु फर्काएको अभिनय गर्न लगाउने ।<br>-भेटेको वस्तु फर्काएर वा नफर्काएको अवलोकन गर्ने।<br>-साथीको सामान सोधेर लिएको नलिएको अवलोकन गर्ने ।<br>-अनुमति लिएर कक्षाकोठामा प्रवेश गर्न लगाउने।<br>-अनुमति लिएर मात्र अर्काको समान प्रयोग गर्न लगाउने ।<br>-आफूभन्दा ठूलाले भनेको माने नमानेको अवलोकन गर्ने ।<br>-नैतिक कथा, विभिन्न दृष्टान्त र सुक्तिहरू सुनाउन लगाउने ।<br>-तिमी घरमा कस कसलाई कस्तो सहयोग गर्छौं भनी सोध्ने। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | -विद्यार्थीहरूले एक अर्कालाई सहयोग गरेको वा नगरेको अवलोकन गर्ने। | |
| स्वास्थ्य, योग र खेलकुद | -हातमुख धुने तरिका बताउन र धुन ।<br>-आफूले खाने खानेकुराको नाम भन्न<br>-स्थानीय खेलहरू खेल्न | -हातमुख धोएको चित्र।<br>-सावुन, सेम्पो ।<br>खाने कुराहरूः (दाल, भात, रोटी, तरकारी, फलफूल, खिर, मम, चटपटे, माछामासु, दुध, दहि, भक्का)<br>-स्थानीय ३ खेलहरू ।<br>-रुमाल लुकाई, गट्टा, पिको | -हातमुख धोएर सफा भएको विद्यार्थी देखाउने ।<br>-हातमुख धुन सिकाउने ।<br>-आफूले खाएको खानेकुराको नाम भन्न लगाउने ।<br>-आफूले खाने गरेको खानेकुराको नाम भन्न लगाउने ।<br>-खानेकुराहरूको चित्र देखाई आफूले खाने खानेकुरा चिन्न लगाउने ।<br>-स्थानीय तीनओटा खेल खेल्ने तरिका बताई खेलको अभ्यास गराउने। | -हातमुख धुने तरिका बताउन लगाउने।<br>-हातमुख धुँदा हुने फाइदा बताउन लगाउने ।<br>-आफूले खाने गरेको खानेकुराको नाम भन्न लगाउने।<br>-खानेकुराहरूको चित्र देखाई आफूले खाने खानेकुरा चिन्न लगाउने । | २१ |
| स्थानीय समस्या र समाधानका उपायहरू | -साथी साथी बीच झगडा र भेदभाव नगरी बस्न ।<br>-आफ्नो घरमा भएको भेदभावबारे बताउन । | -मिलेर बस्ने, झगडा नगर्ने ।<br>-सामान नचलाउने,नचोर्ने<br>-घरपरिवारका साथ बस्ने<br>-माया गर्ने<br>-नराम्रा शब्द प्रयोग नगर्ने । | -मिलेर बस्न भन्ने र मिलाएर बसाउने ।<br>-झगडा गर्न हुँदैन भनी बताउने ।<br>-अरुको किताब, कपी, झोला चलाउन, चोर्न र च्यात्न हुँदैन भनी बताउने ।<br>-एक्लै जथाभावी नबस्ने, खेल्ने बानीको विकास गराउने ।<br>-नराम्रा शब्द नबोल्न भन्दै तिमी, तपाईं, हजुर जस्ता शब्द प्रयोग गर्न सिकाउने।<br>-परिवारका सबै सदस्यसँग मिलेर बसी माया गर्नुपर्छ भन्ने कुरा सिकाउने । | -कसरी मिलेर बस्नु पर्दछ भन्न लगाउने ।<br>-राम्रा शब्द के के हुन् भनी बताउन लगाउने।<br>-व्यवहार प्रदर्शन अवलोकन गर्ने । | २२ |

कक्षा २

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्ततीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| रंगेली नपाको चिनारी | -शब्द चित्र र नक्साको माध्यमबाट रंगेली नगरपालिकाको सामान्य परिचय दिन ।<br>-रंगेली नगरपालिका भित्र रहेका सामाजिक संघ संस्था र व्यक्तिको नाम भन्न र लेख्न।<br>-स्थानीय हाट बजारमा किनबेच हुने सामग्रीको नाम बताउन ।<br>-रंगेली नगरपालिका भित्र रहेका सामाजिक संघ संस्था र व्यक्तिको नाम भन्न र लेख्न। | -रंगेली नगरपालिकाको प्रमुख, उपप्रमुख, आफ्नो वडाको वडाध्यक्षको नामावली ।<br>-विभिन्न संघ संस्थाहरूको नामः बैङ्कहरू, सहकारी संस्थाहरू र सामाजिक संघ संस्थाहरू ।<br>-स्थानीय उत्पादनहरूः धान, मकै, सागपात, तरकारी, फलफूल । | -रंगेली नगरपालिकाको सामान्य परिचय दिई नगर प्रमुख, उपप्रमुख र विभिन्न वडाको वडाध्यक्षहरूको नाम बताइदिने।<br>-नगरपालिका भित्र रहेका संघ संस्थाहरू बारे विद्यार्थीहरूसँग छलफल गर्ने ।<br>-गाउँठाउँमा उत्पादन हुने केही बालीनाली, फलफूल र तरकारीहरूको किनबेच हुने ठाउँहरूको बारे छलफल गर्ने । | -नगरप्रमुख, उपप्रमुख र आफ्नो वडाध्यक्षको नाम भन्न र लेख्न लगाउने ।<br>-स्थानीय संघ संस्थाहरूको नाम भन्न लगाउने ।<br>-स्थानीय स्तरमा उत्पादित प्रमुख बालीनालीको नाम भन्न लगाउने ।<br>-तरकारीको विक्रि हुने स्थानीय हाटबजारको नाम बताउन लगाउने । | २७ |

| | | | | | |
|---|---|---|---|---|---|
| स्थानीय स्रोत साधन | -स्थानीय पर्यटकीय स्थलहरूको पहिचान गरी नाम भन्न र लेख्न।<br>-स्थानीय कृषि उत्पादनहरूको पहिचान र नाम बताउन ।<br>-कृषि सामग्रीहरूको नाम बताउन र चित्राङ्कन गर्न ।<br>-विभिन्न पेशा, व्यवसायहरूको वर्गीकरण गरी नाम भन्न।<br>-स्थानीय स्तरमा सञ्चालित साना, मझौला तथा ठूला उद्योगहरूको पहिचान गर्न । | -नगरभित्रका धार्मिक स्थलहरूको नाम र ठेगाना ।<br>-नगरभित्रका ताल, तलैया, पोखरी, नदी, नालाको नाम।<br>-नगरभित्रका पार्क, बगैंचाको नाम र ठेगाना।<br>-नगर भित्र उत्पादन हुने कृषिजन्य उत्पादन ।<br>-नगर भित्र उत्पादन हुने नगदे बालीहरूको नाम।<br>-नगर भित्र उत्पादन हुने फलफूल र तरकारीको नाम।<br>-स्थानीय स्तरमा बनाइने कृषि औजारको नाम र चित्रांकन ।<br>-आधुनिक कृषि औजारको नाम । | -विद्यार्थीहरूलाई नगरभित्रका धार्मिक स्थलहरूको बारेमा छलफल गर्न लगाउने र उनीहरूले जानेसुनेका धार्मिक स्थलहरूको नाम भन्न लगाउने ।<br>-नक्सा, फोटो, चित्र र भिडियो प्रदर्शन गर्दै नगरभित्रका ताल, तलैया, पोखरी नदी, खोला, पार्क, बगैंचा आदिको नाम र ठेगाना बारे छलफल गराउने ।<br>-विद्यार्थीहरूलाई वरपर छिमेकमा उत्पादन गरिने अन्नबालीको नाम भन्न लगाउने ।<br>-विद्यार्थीहरूलाई उनीहरूले वरपर देखेका नगदे बालीहरू जस्तै उखु, जुट, सुर्तीहरूबारे छलफल गर्न लगाउने ।<br>-विद्यार्थीहरूलाई उनीहरूको गाउँघरमा उत्पादन हुने तरकारी तथा फलफूलका नाम भन्न र लेख्न लगाउने ।<br>-विद्यार्थीहरूलाई उनीहरूको घरमा भएको वा छिमेकीमा देखेका कृषि औजारहरूको नाम भन्न लगाउने र लेख्न लगाउने ।<br>-कृषि सामग्रीहरूको चित्र कोर्न लगाउने ।<br>-बजारबाट किनेर ल्याइने कृषि औजारहरूको नाम भन्न लगाउने ।<br>-विद्यार्थीहरूलाई वरपर छरछिमेकमा देखेका पेशा र व्यवसाय गर्ने मान्छेहरूको नाम भन्न लगाउने ।<br>-पेशा गर्ने स्थलहरूको नामको बारेमा छलफल गराउने । जस्तैः किसान- खेत, डाक्टर-अस्पताल, शिक्षक-विद्यालय | -विद्यार्थीहरूलाई नगरभित्र भएका धार्मिक स्थलहरूको नाम भन्न लगाउने ।<br>-कुन धार्मिक स्थल कुन ठाउँमा पर्छ भनी प्रश्न सोध्ने ।<br>-विद्यार्थीहरूलाई नगरभित्र भएको ताल, तलैया, पोखरी, नदीहरूको नाम भन्न लगाउने ।<br>-नगर भित्र भएका पार्क, बगैचा आदिको नाम र ठेगाना सोध्ने ।<br>-विद्यार्थीहरूलाई वरपर छिमेकमा उत्पादन हुने अन्नबालीको नाम भन्न लगाउने ।<br>-वरपर उत्पादन हुने नगदेबालीहरूको नाम भन्न लगाउने ।<br>-विद्यार्थीहरूलाई उनीहरूको गाउँघरमा उत्पादन हुने तरकारी र फलफूलको नाम भन्न लगाउने ।<br>-विद्यार्थीहरूलाई गाउँघरमै बनाइने कृषि औजारहरूको नाम भन्न लगाउने<br>-उपर्युक्त कृषि औजारहरूको चित्र कोर्न लगाउने । | २४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | -नगरभित्र हुने विभिन्न पेशा, व्यवसाय ।<br>-विभिन्न व्यवसाय सञ्चालन गर्ने कार्य स्थलको नाम ।<br>-नगर भित्र सञ्चालित ठूला,मझौला र साना उद्योगहरूको नाम । | -विद्यार्थीहरूलाई चित्र र फोटो प्रदर्शन गराउँदै नगरभित्रका ठूला, मझौला र साना उद्योगको बारेमा छलफल गराउने ।<br>-वरपर भएका विद्यार्थीहरूले देखेका उद्योगहरूको नाम भन्न लगाउने । | -आधुनिक कृषि औजारहरूको नाम भन्न लगाउने ।<br>-विद्यार्थीहरूलाई उनीहरूले जानेका पेशाकर्मीहरूको पेशागत नाम भन्न लगाएर ।<br>-विभिन्न पेशाकर्मीहरूले पेशा गर्ने स्थलको नाम भन्न लगाउने ।<br>-विद्यार्थीहरूलाई नगर भित्र भएका ठूला, मझौला र साना उद्योगको नाम भन्न लगाउने।<br>-दिएका उद्योगहरू ठूला, मझौला र साना कुन उद्योग हुन ? छुट्याउन लगाउनेःइटा भट्टा, सेलर मिल, तान बुन्ने । | |
| दुर्घटना र विपद् व्यवस्थापन | -आफू र आफ्नो सामानको सुरक्षा गर्न ।<br>-रंगेली नगरपालिकामा हुन सक्ने विपद्हरू बारे बताउन।<br>-घर, टोल वरपर र विद्यालयमा हुने | -आफू र आफ्नो समानको सुरक्षाको तरिका ।<br>-रंगेली नगरपालिकामा हुन सक्ने दुर्घटनाहरूको पहिचान सडक दुर्घटना, बाढी, डुबान। | -घर बाहिर हुँदा बाढी डुबान आगलागी भए के गर्छौं ? भनी सोध्ने र चित्र देखाएर बाढी डुबान आगलागी भए यसबाट पर्ने असर र बच्ने उपायका बारेमा प्रष्ट पार्ने ।<br>-बाढी डुबान र आगलागीको बेला आफू र आफ्नो समानको सुरक्षा कसरी गर्नु पर्छ ? भनी छलफलबाट प्रष्ट पारिदिने ।<br>-रंगेली नगरपालिकामा हुन सक्ने दुर्घटनाको चित्र अवलोकन गर्न लगाई पहिचान गर्न लगाउने (बाढी, डुबान, आगलागी, सडक दुर्घटना) । | -बाढी डुबान र आगलागीबाट बच्ने उपाय भन्न लगाउने ।<br>-बाढी डुबान र आगलागी भएको बखत आफू र आफ्नो समानको सुरक्षा कसरी गर्छौं ? भनी सोध्ने ।<br>-स्थानीय स्तरमा हुनसक्ने दुर्घटनाहरू भन्न लगाउने । | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | दुर्घटनाप्रति सजगता अपनाउन । | -घर, टोल वरपर र विद्यालयमा हुने दुर्घटनाप्रति सजगता। | -घर, टोल वरपर र विद्यालयमा हुने दुर्घटनाप्रति सजग रहन अपनाउने उपायका बारेमा छलफल गराउने र सजग रहन उत्प्रेरित गर्ने । | -दुर्घटनाबाट बच्ने उपाय भन्न लगाउने ।<br>-दुर्घटनाबाट बच्ने उपायहरू अवलम्बन गरे नगरेको अभिनय गर्न लगाई अवलोकन गर्ने । | |
| हाम्रो संस्कार र संस्कृति | -आफ्नो परिवार र छरछिमेकले अपनाएका संस्कारबारे परिचित हुन<br>-आफ्नो समुदायमा रहेका ५ जातजाति, तिनका भाषा र भेषभूषाको सूची तयार गर्न।<br>-आफ्नो समुदायमा मनाइने प्रमुख धार्मिक एवम् सांस्कृतिक चाडपर्वहरू र ती पर्वमा खाइने परिकारको सूची तयार पार्न । | -जन्म, विवाह र मृत्यु संस्कार<br>-राजवंशी, सन्थाल, ताजपुरिया, उरावँ, मुसहरलगायतका जाति, तिनका भाषा र भेषभूषा<br>-सिरुवा, सोहराइ, करम पूजा, फागुवालगायतका चाडपर्व र ती पर्वमा बनाइने बगिया, भक्का, पन्ता, भात लगायतका परिकार । | -जन्म, विवाह र मृत्यु संस्कारबारे बताउन लगाउने ।<br>-शिक्षकले जाति र धर्मअनुसार जन्म, विवाह र मृत्यु संस्कार फरक फरक हुने कुरा छलफल गराउने ।<br>-विद्यार्थीलाई आफू बस्ने समुदायमा बसोबास गर्ने जातजातिको नाम भन्न लगाउने र सूची तयार पार्न लगाउने ।<br>-आफ्नो समुदायका मानिसले बोल्ने कुनै पाँचओटा भाषाको नाम भन्न लगाई टिपोट गर्न लगाउने ।<br>-ती जातजातिले लगाउने जातिगत भेषभूषाका बारेमा छलफल गरी प्रस्तुत गर्न लगाउने ।<br>-विद्यार्थीहरूलाई धार्मिक तथा सांस्कृतिक चाडपर्वबारे छलफल गराउने ।<br>-ती पर्वमा के के गरिन्छ ? भनी छलफल गराउने ।<br>-ती चाडपर्वमा कुनकुन परिकारहरू बनाइन्छ र खाइन्छ छलफल गराई सूची तयार गर्न लगाउने,<br>-शिक्षकले आवश्यक सहजीकरण गर्ने। | तल दिइएका प्रश्नहरूको आधारमा मूल्याङ्कन गर्ने ।<br>-मानिस जन्मिएपछि कुन संस्कार गरिन्छ ?<br>-विवाह भनेको के हो बताउनुहोस् ?<br>-मानिस मरेपछि के गरिन्छ ?<br>-तपाईं छिमेकमा बस्ने कुनै पाँच जातिको नाम भन्नु होस् ।<br>-ती मानिसले कुन कुन भाषा बोल्छन्?<br>-तपाईंका छिमेकीले लगाउने कुनै ४ ओटा पोसाकको नाम बताउनुहोस्।<br>-तपाईंका गाउँमा कुनकुन चाडपर्व मनाइन्छ ? छिमेकका मानिसलाई सोधेर टिपोट गरी कक्षामा बताउनुहोस् । | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | -आफ्नो समुदायमा मनाइने चाडपर्व र ती चाडपर्वमा खाइने परिकारको नाम भन्नुहोस्। | |
| नैतिक शिक्षा, आचरण, अनुशासन र मानवता | -सफासुघ्घर भएर बस्न।<br>-सकारात्मक आचरण पालना गर्न ।<br>-अरुले गरेको सहयोग वापत अभार व्यक्त गर्न र सहयोग गर्न ।<br>-राष्ट्रिय गानको सम्मान गर्न ।<br>-विद्यालय पोशाक लगाएर विद्यालय आउन।<br>-आफूभन्दा सानोलाई माया गर्न। | -सफासुघ्घर, पवित्रता, कृतज्ञता, धन्यवाद,<br>-राष्ट्रिय गान<br>- विद्यालय पोशाक<br>-माया, प्रेम | -आफ्नो शरीर सफा राख्न लगाउने ।<br>-सफा लुगा लगाउन लगाउने ।<br>-सफा ठाउँमा बस्न लगाउने ।<br>-नैतिक कथा (नल र दयमन्तीको कथा) सुनाउने ।<br>-अन्य नैतिक दृष्टान्त र सुक्तिहरू सुनाउने ।<br>-एकले अर्कोलाई सहयोग गरेको र अर्कोले धन्यवाद दिएको अभिनय गराउने ।<br>-एकले अर्कोलाई सहयोग गरेको र अर्कोले पनि सहयोग गरेको अभिनय गराउने ।<br>-नैतिक कथा (मुसा र सिंह) सुनाउने ।<br>-अन्य नैतिक दृष्टान्त र सुक्ति सुनाउने ।<br>-राष्ट्रिय गानको बेला सिधा र शान्त भएर उभिन लगाई साउण्ड सिस्टम सुनाउने वा राष्ट्रिय गान गाउन लगाउने ।<br>-विद्यालय आउँदा विद्यालयको पोशाक लगाएर आउन लगाउने।<br>-आफू भन्दा सानालाई माया गरेको अभिनय गर्ने र गर्न लगाउने ।<br>-ठूलाले सानोलाई माया गरेको तस्बिर र चित्र देखाई छलफल गर्ने । | -आफ्नो शरीर सफा राखे नराखेको अवलोकन गरेर।<br>-सफा लुगा लगाएर विद्यालय आए नआएको हेरेर।<br>-सफा ठाउँमा बस्न लगाएर।<br>-एकले अर्कोलाई सहयोग गरेको र अर्कोले धन्यवाद दिएको अभिनय गर्न लगाउने ।<br>-एकले अर्कोलाई सहयोग गरेको र अर्कोले पनि सहयोग गरेको अभिनय गर्न लगाउने ।<br>-नैतिक कथा (मुसा र सिंह) सुनाउन लगाउने ।<br>-अन्य नैतिक दृष्टान्त र सुक्ति सुनाउन लगाएर ।<br>-राष्ट्रिय गान गाउन लगाएर ।<br>-विद्यालय आउदा विद्यालयको पोशाक लगाएर आएको वा नआएको अवलोकन गरेर । | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | -आफू भन्दा सानालाई माया गरेको वा नगरेको बारे प्रश्नोत्तर गर्ने ।<br>-आफू भन्दा सानालाई माया गरेको वा नगरेको बारे अवलोकन गर्ने । | |
| स्वास्थ्य, योग र खेलकुद | -व्यक्तिगत सरसफाइ गर्न।<br>-स्थानीय स्तरमा पाइने खानेकुराको नाम बताउन ।<br>-आफूले खेल्ने खेलहरूको नाम बताउन। | -शरीरका अंगहरू<br>-स्थानीय स्तरमा पाइने खानेकुराहरूः भक्का, चप, चटपटे, भुजा, भात, रोटी, तरकारी, दाल, अचार, वगिया ।<br>-आफूले खेल्ने स्थानीय खेलहरूको नाम । | -फोहरमा बस्ता हुने बेफाइदा बताउने ।<br>-व्यक्तिगत सरसफाइको आवश्यकता बताउन लगाउने ।<br>-चित्रको माध्यमबाट शरीरका अंगहरू सरसफाइ गर्ने तरिका सिकाउने ।<br>-आफूले आज खाएको खानेकुराको नाम बताउन लगाउने।<br>-स्थानीय स्तरमा पाइने खानेकुराको नाम भन्न लगाउने ।<br>-खानेकुराको चित्र देखाई वर्णन गर्न लगाउने ।<br>-आफूले खेल्ने खेलहरूको नाम बताउन लगाउने ।<br>-यी खेलहरू खेल्दा गरिने क्रियाकलाहरू बताउन लगाउने।<br>-यी खेलहरू खेल्न लगाउने । | -शरीरका अंगहरू सफागर्ने तरिका बताउन लगाउने ।<br>-स्थानीय स्तरमा पाइने खानेकुराको नाम भन्न लगाउने ।<br>-आफूने खेल्ने खेलहरूको नाम भन्न र खेल्न लगाउने । | २१ |
| स्थानीय समस्या र समाधानका उपायहरू | -साथी साथी बीच झगडा गर्न हुँदैन भनी बताउन ।<br>-घरपरिवार र छिमेकमा भएका भेदभावबारे बताउन । | -मेलमिलाप,आदर, हेला -घृणा, धनी र गरीब, सानो र ठुलो<br>-छोरा र छोरी आदि। | -मिलेर बस्न र साथीको आदर गर्न सिकाउने ।<br>-साथी साथी बीच हेला र घृणा नगर्न अभ्यास गराउने।<br>-छोराछोरी बराबर हुन् भन्ने कुरा छलफल र अन्तरक्रिया गरी प्रस्ट पारिदिने ।<br>-धनी गरीब, सानो ठुलो जस्ता शब्द प्रयोग गरेर साथीहरूलाई होच्याउन हुँदैन भनी बताउने । | -साथीलाई कसरी आदर गर्न सकिन्छ भनी बताउन लगाउने ।<br>-साथीसाथी बीच कस्ता शब्द प्रयोग गर्न हुँदैन भन्न लगाउने । | २२ |

कक्षा ३

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | काघ |
| --- | --- | --- | --- | --- | --- |
| रंगेली नपाको चिनारी | -रंगेली नगरपालिकाको सामान्य परिचय दिन ।<br>-रंगेली नगरपालिकाको भौगोलिक, प्राकृतिक स्रोत र सम्पदाको सामान्य जानकारी दिन।<br>-स्थानीय सरकारबाट प्रदान गरिने सेवाको सूची बनाउन । | -आफू वसोवास गरेको पालिकाको नाम र कूल वडा सङ्ख्या ।<br>-आफ्नो पालिकाको भौगोलिक सिमाना ।<br>-पालिकाको नक्सामा आफ्नो वडाको पहिचान गरी रंगरोगन कार्य ।<br>-प्राकृतिक स्रोत सम्पदाको चिनारी<br>-नदीहरूःचिसाङ, बक्राहा<br>-आफ्नो वडाबाट प्रवाह हुने सेवाहरुः जन्मदर्ता, विवाह दर्ता, मृत्यु दर्ता। | -शिक्षकले विद्यार्थीहरूलाई रंगेली नगरपालिकाको चित्र प्रदर्शन गरी भौगोलिक सिमानाबारे सामान्य जानकारी दिँदै यस पालिका अन्तर्गत रहेका प्रमुख प्राकृतिक सम्पदाको बारेमा छलफल गर्ने।<br>-नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाहरू बारेमा छलफल गर्ने ।<br>-शिक्षकले सहजीकरण गर्ने ।<br>-आफ्नो पालिकाको नाम र कूल वडा सङ्ख्या भन्न लगाउने ।<br>-नक्सामा आफ्नो वडा पहिचान गर्न लगाउने, रङ भर्न लगाउने।<br>-कुनै २ वटा प्राकृतिक सम्पदाहरूको नाम भन्न लगाउने ।<br>-नगरपालिकाबाट प्रवाह हुने सेवा बताउन लगाउने । | -आफ्नो पालिकाको नाम र कूल वडा सङ्ख्या भन्न लगाउने ।<br>-नक्सामा आफ्नो वडा पहिचान गर्न लगाउने, रङ भर्न लगाउने ।<br>-कुनै २ वटा प्राकृतिक सम्पदाहरूको नाम भन्न लगाउने ।<br>-नगरपालिकाबाट प्रवाह हुने सेवा बताउन लगाउने । | २७ |
| स्थानीय स्रोत साधन | -स्थानीय पर्यटकीय स्थलहरूको परिचय दिन ।<br>-कृषि कार्यमा सहभागी हुन । | -धार्मिक पर्यटकीय स्थल<br>-काली मन्दिर<br>-सन्सारीमाई<br>-अन्तर्राष्ट्रिय सीमा रेखा दशगजा<br>-करेसाबारी | -विद्यार्थीहरूलाई नगरभित्रका विभिन्न धार्मिक स्थलहरूको नाम भन्न लगाउने ।<br>-काली मन्दिर, संसारीमाई र दशगजाको फोटो, चित्र देखाई वर्णन गर्न लगाउने ।<br>-उपयुक्त स्थलहरूमा मानिसहरू किन घुम्न आउँछन् भनी छलफल चलाउने । | -विद्यार्थीहरूलाई नगरभित्रका धार्मिक स्थलहरूको नाम भन्न र लेख्न लगाएर ।<br>-काली मन्दिर, संसारीमाई र दशगजाको चित्र बनाउन लगाएर । | २४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | -स्थानीय खाद्य बाली र नगदे बालीको पहिचान गर्न ।<br>-मानिसहरूका कामको आधारमा उनीहरूको पेशा र व्यवसायको वर्गीकरण गर्न ।<br>-स्थानीय उद्योगबाट उत्पादित बस्तुहरूको नाम लेख्न र प्रयोग बताउन । | -तरकारी खेती<br>-स्थानीय खाद्य बालीको सामान्य परिचय<br>-स्थानीय नगदे बालीको सामान्य परिचय ।<br>-खाद्य बाली र नगदे बाली बीच फरक ।<br>-सेवामूलक पेशाः शिक्षक, डाक्टर, वकिल, कर्मचारी<br>-उत्पादनमूलक पेशाः किसान, सिकर्मी, डकर्मी,<br>-घरेलु उद्योगः ढकीया, नाङ्लो, सुप्पा, माटोको भाँडा ।<br>-मझौला उद्योगः कपडा बुन्ने<br>-ठूला उद्योगः सेलर मील, इटा उद्योग<br>-उत्पादित वस्तुको प्रयोग । | -विद्यार्थीहरूलाई सामान्य कृषि कार्यमा सहभागी हुने नहुने बारे छलफल गराउने ।<br>-करेसाबारी र तरकारी खेतीमा के के काम गरिन्छ भनी प्रश्नोत्तर गर्ने ।<br>-विद्यार्थीहरूलाई वरपर देखिने खाद्यबालीहरूको नाम भन्न लगाई टिपोट गर्न लगाउने । जस्तैः धान, मकै, गहुँ, कोदो, आलु ।<br>-त्यसैगरी नगदे बालीहरूको नाम भन्न लगाई टिपोट गर्न लगाउने । जस्तैः उखु, जुट ।<br>-खाद्य बाली र नगदे बाली बीचको अन्तरबारे छलफल गराउने।<br>-विद्यार्थीहरूलाई वरपर देखेका पेशा, व्यवसाय गर्नेहरूको पेशागत नाम भन्न लगाउने ।<br>-कामको आधारमा सेवा दिने पेशा र वस्तु उत्पादन गर्ने पेशा छुट्याउन लगाउने ।<br>-विद्यार्थीहरूलाई चित्र, फोटो, भिडियो आदि प्रदर्शन गरी स्थानीय स्तरमा उत्पादित सामग्रीको नाम भन्न र नामको सूची बनाउन लगाउने ।<br>-विभिन्न उत्पादित सामानहरूको प्रयोगबारे छलफल गराई टिपोट गर्न लगाउने । | -काली मन्दिर, संसारीमाई र दशगजामा मानिसहरू किन घुम्न आउँछन् भनी प्रश्न सोधेर ।<br>-विद्यार्थीहरूलाई करेसाबारीमा के के काम गरिन्छ भनी प्रश्न सोधेर ।<br>-तरकारी खेती गर्दा गरिने कामहरूको सूची बनाउन लगाएर ।<br>-विद्यार्थीहरूलाई वरपर देखेका खाद्यबालीहरूको नाम भन्न र लेख्न लगाएर ।<br>-वरपर देखेका नगदेबालीहरूको नामवली तयार गर्न लगाएर ।<br>-नगदेबाली र खाद्यबाली बीचको कुनै दुईवटा फरक छुट्याउन लगाएर ।<br>-विद्यार्थीहरूलाई सेवा क्षेत्रका पेशाकर्मीहरूको नाम भन्न र लेख्न लगाएर ।<br>-उत्पादनमूलक क्षेत्रका पेशाकर्मीको नाम भन्न र लेख्न लगाएर ।<br>-दिइएका नामहरूलाई सेवा दिने पेशा र वस्तु उत्पादन गर्ने पेशा कुन हो भनी छुट्याउन लगाएर । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | (किसान, शिक्षक, डकर्मी, पसले, डाक्टर, सिकर्मी)<br>-विद्यार्थीहरूलाई घरेलु उद्योगमा उत्पादन हुने सामानहरूको नाम भन्न र लेख्न लगाएर ।<br>-मझौला र ठूला उद्योगबाट उत्पादन हुने वस्तुहरूको नाम भन्न र लेख्न लगाएर । | |
| दुर्घटना र विपद् व्यवस्थापन | -घर, घर वरपर र विद्यालय र सडकमा हुने दुर्घटनाबाट बच्न अपनाउनु पर्ने सावधानी अपनाउन ।<br>-रंगेली नगरपालिकामा हुन सक्ने बाढी, डुबान, आगलागी र सडक दुर्घटनाको सामान्य परिचय दिन।<br>-ट्राफिक नियमको पालना गरी सडक दुर्घटना प्रति सचेत रहन । | -घर, घर वरपर र विद्यालयमा हुने दुर्घटनाहरू ।<br>-दुर्घटनाबाट बच्ने सावधानीहरू ।<br>-रंगेली नगरपालिकामा हुन सक्ने सडक दुर्घटना,बाढी,डुबान र आगलागीको परिचय।<br>-ट्राफिक नियमको पालना र सडक दुर्घटना प्रति सचेत । | -विद्यार्थीहरूलाई घर वा विद्यालयमा कसैलाई चोट पटक लागेको छ वा छैन पालैपालो भन्न लगाउने ।<br>-चोटपटक लागेमा के के गरिएको छ ? वर्णन गर्न लगाउने।<br>-घर, घर वरपर र विद्यालयमा हुने दुर्घटनाहरू के के हुन्छन् भन्न लगाउने ।<br>-घर, घर वरपर बाटोमा घट्ने घटनाको बारेमा चित्र अवलोकन गराउने, श्रव्यदृश्य सामग्रीको माध्यमबाट घर, विद्यालय, बाटोमा, सडकमा हुने दुर्घटना र तिनबाट बच्ने उपायहरू सम्बन्धमा छलफल गराउने ।<br>-घर, विद्यालय, बाटो वा सडकमा हुने दुर्घटनाहरू तथा प्रकोप जस्तैः बाढी, डुबान र आगलागी आदिको बारेमा जानकारी दिई बच्ने उपायहरूमा छलफल गराउने । | -घर, घर वरपर र विद्यालयमा हुने दुर्घटनाहरू सोध्ने।<br>-सम्भावित दुर्घटनाबाट बच्न अपनाउनुपर्ने उपायहरू सोध्ने ।<br>-रंगेली नगरपालिकामा हुन सक्ने बाढी, डुबान, आगलागी र सडक दुर्घटनाको समान्य परिचय सोध्ने ।<br>-ट्राफिक नियमहरू सोध्ने ।<br>-सडक दुर्घटना प्रति सचेत रहने तरिकाहरू सोध्ने । | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | -सम्भावित दुर्घटनाबाट बच्न अपनाउनुपर्ने सावधानीहरूको (ट्राफिक नियमको चिन्ह राम्रोसँग हेरेर मात्र बाटो काट्ने राख्ने आदि) सम्बन्धमा जानकारी गराउने ।<br>-गाडी, हिड्ने बाटोमा सर्तक भएर हिड्नुपर्ने उपायहरू बताउन लगाउने। | | |
| हाम्रो संस्कार र संस्कृति | -आफू बस्ने समुदायका मानिसले अपनाएका संस्कार र संस्कृतिबारे परिचित हुन ।<br>-आफ्नो वडामा बसोबास गर्ने प्रमुख जातजाति, तिनले बोल्ने भाषा र भेषभूषाबारे परिचित हुन ।<br>-आफ्नो वडामा मनाइने प्रमुख धार्मिक एवम् सांस्कृतिक चाडपर्वहरूका बारेमा परिचित हुन । | -आफू बस्ने समुदायका मानिसले अँगालेका जन्म, विवाह र मृत्यु संस्कार ।<br>-राजवंशी, सन्थाल, ताजपुरिया, उरावँ, मुसहरलगायतका आफ्ना वडामा बसोबास गर्ने जाति, तिनका भाषा र भेषभूषा ।<br>-सिरुवा, सोहराइ, करम पूजा, फगुवा, जुड्सितल पर्व, पञ्चमी, सुकराती, हुक्कापाती, तिला सङ्क्रान्ति । | -जातिगत र धार्मिक, सांस्कृतिक भिन्नताका आधारमा जन्म, विवाह र मृत्यु संस्कारमा गरिने मुख्य मुख्य कर्महरूका बारेमा छलफल गराई टिपोट गर्न लगाउने ।<br>-टिपोट गरिएका कुराहरू प्रस्तुत गर्न लगाउने ।<br>-विद्यार्थीलाई आफू बस्ने वडामा बसोबास गर्ने जातजातिको नाम भन्न लगाउने ।<br>-आफ्नो वडाका मानिसले बोल्ने भाषाको नाम भन्न र लेख्न लगाउने ।<br>-ती जातजातिले लगाउने जातिगत भेषभूषाका बारेमा छलफल गरी भन्न र लेख्न लगाउने ।<br>-आफ्नो वडामा मनाइने प्रमुख धार्मिक एवम् सांस्कृतिक चाडपर्वहरू केके छन् समूह समूह बनाई छलफल गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>-ती चाडपर्वमा केके क्रियाकलाप गरिन्छ भनी छलफल गराउने र कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>-शिक्षकले आवश्यक सहजीकरण गर्ने । | -जन्म, विवाह र मृत्यु संस्कारमा आफ्नो समुदायका मानिसले केके गर्छन् भनी सोध्ने ।<br>-साथी समूहमा छलफल गर्न लगाउने।<br>-तपाईं बस्ने वडामा कुन कुन जातजातिका मानिस बस्छन् ? भनी सोध्ने ।<br>-ती मानिसले कुन कुन भाषा बोल्छन् सोधेर कक्षामा प्रस्तुत गर्न लगाउने।<br>-ती जातजातिका आफ्ना जातीय पोसाक केके हुन् सोधेर ल्याउनुहोस् भनी परियोजना कार्य दिने र कक्षामा प्रस्तुत गर्न लगाउने।<br>-सिरुवा, सोहराइ, करम पूजा, फगुवा, जुड्सितल पर्व, पञ्चमी, सुकराती, | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | हुक्कापाती, तिला सङ्क्रान्तिजस्ता पर्वमा केके गरिन्छ भनी सोध्ने । | |
| नैतिक शिक्षा, आचरण, अनुशासन र मानवता | -सदाचारको पालन गर्न।<br>-आफू भन्दा ठूला, छिमेकी, अतिथि आदिको स्वागत सत्कार गर्न ।<br>-सार्वजनिक स्थलमा पालो पर्खन ।<br>-अशक्त, अनाथ, असहाय, अपाङ्गलाई सेवा गर्न । | -सदाचार (सत्य, अहिँसा, चोरी, नशा, व्यभिचार)<br>-स्वागत सत्कार<br>-विद्यालय, मन्दिर, अस्पताल, निर्वाचन<br>-सेवा, सहयोग । | -साँचो बोल्दा हुने फाइदाहरूको बारेमा बताउने र छलफल गर्ने।<br>-नैतिक कथा (युधिष्ठिर र द्रोणाचार्यको कथा) सुनाउने ।<br>-अन्य नैतिक दृष्टान्त सुक्ति सुनाउने ।<br>-आआफ्नो चालचलन अनुसार आफू भन्दा ठूला, छिमेकी, अतिथि आदिलाई स्वागत सत्कार गरेको बारेमा छलफल गराउने ।<br>-स्वागत सत्कार गरेको चित्र देखाई छलफल गराउने ।<br>-आदरार्थी शब्दहरू प्रयोग गर्न सिकाउने जस्तै (आउनुहोस्, बस्नुहोस्, पानी पिउनुहोस् आदि ।<br>-विद्यालयको कक्षाकोठा भित्र पस्दा र बाहिर हुँदा पालो पालो पस्न र निस्कन लगाउने ।<br>-विद्यालय, मन्दिर, अस्पताल, निर्वाचन आदिमा अरुलाई पालो दिएको चित्र देखाई छलफल गर्ने ।<br>-अशक्त,अनाथ, असहाय, अपाङ्ग आदिलाई सेवा गरी रहेको चित्र देखाई छलफल गराउने ।<br>-अनाथ आश्रम,बृद्धाश्रम, बाल आश्रम आदिको भ्रमण गराई सेवा गरी रहेको हेर्न लगाउने र सेवा गर्न लगाउने । | -साँचो बोल्दा हुने फाइदाहरूको बारेमा बताउन लगाएर ।<br>-नैतिक कथा (युधिष्ठिर र द्रोणाचार्यको कथा) सुनाउन लगाएर ।<br>-अन्य नैतिक दृष्टान्त सुक्ति सुनाउन लगाएर ।<br>-आआफ्नो चालचलन अनुसार आफू भन्दा ठूला, छिमेकी, अतिथि आदिलाई स्वागत सत्कार गरेको बारेमा प्रश्नोत्तर गरेर ।<br>-कक्षा कोठामा आदरणीय शब्दहरू प्रयोग गरेको वा नगरेको अवलोकन गरेर ।<br>-आफ्नो घरमा आदरणीय शब्दहरू प्रयोग गरेको वा नगरेको प्रश्नोत्तर गरेर ।<br>-विद्यालयको कक्षाकोठा भित्र पस्दा र बाहिर हुँदा पालो पर्खेको वा नपर्खेको अवलोकन गरेर । | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | -विद्यालय, मन्दिर, अस्पताल, निर्वाचन आदिमा अरुलाई पालो दिएको वा नदिएको बारे प्रश्नोत्तर गरेर ।<br>-अशक्त, अनाथ, असहाय, अपाङ्ग आदिलाई सेवा गरेको वा नगरेको सम्बन्धमा प्रश्नोत्तर गरेर ।<br>-अनाथ आश्रम, बृद्धाश्रम, बाल आश्रम आदिका मानिसलाई के कस्तो सेवा गर्न सकिन्छ भन्न लगाएर । | |
| स्वास्थ्य, योग र खेलकुद | -घर,विद्यालय र कक्षा कोठाको महत्त्व बताउन र सरसफाइ गर्न ।<br>-स्वस्थकर र अस्वस्थकर खानेकुराको बारेमा बताउन र छुट्याउन।<br>-स्थानीय खेलहरूको सूची बनाउन र खेल्न | -घर,विद्यालय र कक्षा कोठाको सरसफाइ ।<br>-फोहर ब्यवस्थापन र शौचालयको प्रयोग ।<br>-स्वस्थकर र असस्थकर खानेकुराहरू ।<br>-स्थानीय खेलहरू ।<br>-आस पास<br>-पिट्टो, गट्टी,डोरी नाघ्ने,रुमाल लुकाई । | -आफ्नो घर वरिपरिको वातावरण अवलोकन गर्न लगाई सफा वा फोहर कस्तो छ छुट्याउन लगाउने ।<br>-आफ्नो विद्यालय वरिपरिको वातावरण अवलोकन गर्न लगाई सफा वा फोहर कस्तो छ छुट्याउन लगाउने ।<br>-फोहर वातावरणबाट विभिन्न रोग लाग्ने कुरा बताउने ।<br>-सहभागितामूलक सरसफाइ अभ्यास गराउने ।<br>-डस्टविनको सही प्रयोग गर्ने तरिका अभ्यास गराउने ।<br>-शौचालयको उचित प्रयोग गर्ने तरिका बारे छलफल गराउने ।<br>-स्वस्थकर र अस्वस्थकर खानेकुरामा के के पर्छन् भन्न लगाउने<br>-स्थानीय खेलहरूको सूची बनाउन लगाउने ।<br>-स्थानीय खेलहरूको अभ्यास गराउने। | -घर, कक्षा कोठा, विद्यालय वरपरको वातावरण कसरी फोहर हुन्छ र कसरी सफा राख्ने सोध्ने र लेख्न लगाउने।<br>-वातावरण सरसफाइको महत्त्व सोध्ने र लेखन लगाउने ।<br>-स्वस्थकर र असस्थकर खानेकुराहरूको सूची बनाउन लगाउने<br>-स्थानीय खेलहरूको सूची बनाउन लगाउने ।<br>-स्थानीय खेलहरू मध्ये कुनै ४ वटा खेलहरू खेल्न लगाउने । | २१ |

| | | | | | |
|---|---|---|---|---|---|
| स्थानीय समस्या र समाधानका उपायहरू | -साथीसाथीमा मिलेर बसी सहगोगको बानीको विकास गर्न।<br>-छिमेकमा भएका कुप्रथाबारे बताउन ।<br>-भेदभाव र लागूपदार्थका प्रकारहरू बताउन । | -मिलेर बस्न ।<br>-पढ्न, लेख्न मद्दत ।<br>-सबैमा समान व्यवहार।<br>-वालविवाह, दाइजो, छुवाछुत आदि।<br>-लागूपदार्थका नाम र प्रकार । | -घरमा मिलेर बसेको कुरा उल्लेख गरी कक्षामा पनि मिलेर बस्नुपर्ने कुराका बारेमा छलफल चलाउने ।<br>-घरमा को को बढीमात्रामा मिल्छन् भनी सोध्ने ।<br>-एक आपसमा नजानेका कुरा सिक्नुपर्छ भनी बताइदिने ।<br>-छरछिमेकमा भएका नराम्रा चलन (बालविवाह, दाइजो र छुवाछुत) बारे बताइदिने ।<br>-साथी साथी बीच भेदभाव नगर्न विद्यार्थीलाई भन्न लगाउने ।<br>-के के विषयमा भेदभाव हुन्छ भनी छलफल गराउने ।<br>-गाँजा, रक्सी, चुरोट, जाँड जस्ता वस्तु लागूपदार्थ हुन् भन्ने कुरा बताइदिने ।<br>-विद्यार्थीलाई पनि लागूपदार्थका नाम भन्न लगाउने ।<br>-लागू पदार्थले हामीलाई हानी पुऱ्याउँछ भन्ने कुरा बताइदिने ।<br>-शिक्षकले सहजीकरण गरिदिने । | -साथीले लेख्न जानेन भने के गर्नुपर्छ ? भन्न लगाउने ।<br>-हाम्रा छरछिमेकमा के कस्ता कुप्रथा छन् ? भनी सोध्ने ।<br>-लागूपदार्थका दुईवटा प्रकार भन्न लगाउने ।<br>-हामीले लागू पदार्थ सेवन गर्न हुन्छ कि हुँदैन ? भनी सोध्ने । | २२ |

कक्षा ४

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| रंगेली नपाको चिनारी | -रंगेली नगरपालिकाको इतिहास र भूगोल सम्बन्धी जानकारी दिन । | -नगरपालिकाको ऐतिहासिक पृष्ठभूमी ।<br>-प्रशासनिक नक्शा । | -नगरपालिकाको स्थापना (पालिकाहरूको समायोजन समेत) कहिले भयो प्रष्ट पारिदिने ।<br>-नक्साको सहयोगबाट रंगेलीको भौगोलिक अवस्थिति प्रष्ट पार्ने । | -नगरपालिकाको अवस्थितिको बारेमा प्रश्न सोध्ने ।<br>-नक्सामा विभिन्न भौगोलिक तथ्यहरू बताउन लगाउने । | १७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | -प्राकृतिक स्रोत सम्पदाको पहिचान गर्न ।<br>-स्थानीय हाट बजारको दैनिक जीवनमा प्रयोग बारे बताउन । | -स्थानीय प्राकृतिक स्रोत र सम्पदा ।<br>-स्थानीय हाट बजार र तिनको दैनिक जीवनमा प्रयोग र महत्त्व । | -स्थानीय प्राकृतिक स्रोत र सम्पदाको अवलोकन गर्न लगाई लघु परियोजना कार्य गर्न लगाउने ।<br>-स्थानीय हाटबजारको चित्रहरू प्रस्तुत गरी दैनिक जीवनमा यसको प्रयोग बारे छलफल गरी प्रष्ट पार्ने । | -लघु परियोजना कार्य गर्न लगाउने ।<br>-स्थानीय हाट बजारको दैनिक जीवनमा प्रयोग बारे भन्न लगाउने । | |
| स्थानीय स्रोत साधन | -स्थानीय पर्यटकीय स्थलहरूको महत्त्व बताउन र भ्रमण गर्न ।<br>-कृषि उपजहरूको पहिचान गर्न र खेतीपातीको तरिकाबारे बताउन ।<br>-पशुपालनबाट हुने फाइदाहरू बताउन ।<br>-स्थानीय पेशा, व्यवसाय र सीपहरूको सूची बनाई प्रस्तुत गर्न ।<br>-स्थानीय स्तरमा सञ्चालित उद्योग कलकारखानाहरूको महत्त्व बताउन । | -पर्यटकीय स्थल<br>-काली मन्दिर (परिचय, अवस्थिति, महत्त्व)<br>-संसारीमाई (परिचय, अवस्थिति, महत्त्व)<br>-दशगजा (परिचय, अवस्थिति, महत्त्व)<br>-कृषि प्रणाली<br>-हिउदे बाली – गहुँ, मकै, तोरी, आलु,<br>-वर्षे बाली – धान, जुट,<br>-बेसौमी बाली – तरकारी खेती<br>-पशुपालन<br>-परिचय, महत्त्व र फाइदा<br>-(गाई, भैसी, बाख्रा)<br>- स्थानीय पेशा, व्यवसाय<br>-नगर भित्र पेशा, व्यवसाय र सीप गर्नेहरूको सूची | -चित्र, फोटो र पोष्टर प्रदर्शन गरी नगरभित्रका पर्यटकीय स्थलहरूको बारेमा छलफल गर्ने ।<br>-काली मन्दिर, संसारमाई मन्दिर र सम्भव भएसम्म दशगजाको स्थलगत भ्रमण गराई यसको महत्त्व बताउन लगाउने ।<br>-उपर्युक्त स्थलहरूमा घुम्न आउने पर्यटकहरूसँग विद्यार्थी संवाद गराई उनीहरूको उदेश्यबारे टिपोट गर्न लगाउने ।<br>-विद्यार्थीहरूलाई हिउदे बाली, वर्षे बाली र बेमौसमी बालीको छुट्टा छुट्टै सूची बनाउन लगाउने ।<br>-खेती गर्ने तरिकाबारे समूहमा छलफल गर्न लगाउने ।<br>-श्रव्यदृष्य सामग्री प्रदर्शन गरी खेतीपाती गर्ने तरिकाबारे बुँदा टिपोट गर्न लगाउने ।<br>-विद्यार्थीहरूलाई गाउँघरमा पालिने घर पालुवा जनावरको सूची बनाउन लगाउने ।<br>-मानिसहरूले पशु पालन गर्ने कारणबारे समूह बनाई छलफल गर्न लगाउने ।<br>-पशुपालनबाट हुने फाइदाको बारेमा छलफल गरी टिपोट गर्न लगाउने ।<br>-विद्यार्थीहरूलाई वरपर देखेका विभिन्न पेशा र व्यवसाय गर्ने मानिसहरूको सूची बनाउन लगाउने ।<br>-मानिसहरूले किन पेशा, व्यवसाय गर्छन् भनी छलफल गर्न लगाउने । | -तल दिइएका जस्ता प्रश्नहरूको आधारमा मूल्याङ्कन गर्ने ।<br>-काली मन्दिर र संसारीमाईको छोटो परिचय दिनुहोस्।<br>-दशगजा भनेको के हो ? यो कहाँ अवस्थित छ ?<br>-काली मन्दिर, संसारीमाई र दशगजाको भ्रमण गर्नुहोस् र आफूले देखेका कुराहरूको सूची बनाउनुहोस् ।<br>-विद्यार्थीहरूलाई पर्यटकहरूसँग कुराकानी गर्न लगाई उनीहरूमा आएको व्यवहार परिवर्तनको रुजुसूची बनाई मूल्याङ्कन गर्नुहोस्<br>-हिउदेबाली र बर्षेबालीको नाम लेख्नुहोस् ।<br>-बेमौसमी तरकारी भनेको के हो ? उदाहरण सहित लेख्नुहोस् ।<br>-खेतीपाती सम्बन्धी भिडियो देखाई विद्यार्थीहरूलाई खेतीपाती गर्ने तरिकाको बुँदा टिपोट गर्न लगाएर । | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | -परिचय र महत्त्व<br>- उद्योग<br>-परिचय<br>-पहिचान<br>-महत्त्व | -पेशा, व्यवसायले मानिसहरूलाई के के फाइदा दिन्छ भनी छलफल गराई निचोड बताइदिने ।<br>-विद्यार्थीहरूलाई उनीहरूले देखेका विभिन्न उद्योगहरूको सूची बनाउन लगाउने ।<br>-कुन कुन कामलाई उद्योग भनिन्छ भनी छलफल गर्न लगाउने ।<br>-उद्योगबाट हामीलाई के के फाइदा हुन्छ भनी समूहमा छलफल गर्न लगाउने | -घरपालुवा जनावरहरूको नाम लेख्नुहोस् ।<br>-मानिसहरूले किन पशुपालन गर्छन् ? कारण बताउनुहोस् ।<br>-पशुपालनबाट हुने फाइदहरू के के हुन ? उल्लेख गर्नुहोस् ।<br>-तपाई आफ्नो छरछिमेकमा गई कसले कति पशुपालन गरेका रहेछन् भनी विवरण तयार गर्नुहोस् ।<br>-तपाईंले वरपर देख्नु भएका पेशाकर्मीहरूको विवरण तयार गर्नुहोस् ।<br>-मानिसहरूले किन पेशा गर्छन् ? कारण बताउनुहोस् ।<br>-पेशा, व्यवसाय गर्दा मानिसले पाउने कुनै चार वटा फाइदा लेख्नुहोस् ।<br>-तपाईंको छिमेकमा भएका कुनै एक पेशाकर्मीलाई भेटेर छोटो अन्तरवार्ता लिनुहोस् ।<br>-तपाईंले वरपर देख्नुभएका उद्योगहरूको नामवली तयार गर्नुहोस् ।<br>-उद्योगबाट हामीले के के फाइदा लिन सक्छौं ? बुँदा टिपोट गर्नुहोस ।<br>-विद्यार्थीहरूलाई विभिन्न उद्योग सम्बन्धी श्रव्य दृष्य सामग्री प्रदर्शन गरी उद्योगमा हुने | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कामहरूको विवरण टिपोट गर्न लगाई मूल्याङ्कन गर्ने । | |
| दुर्घटना र विपद् व्यवस्थापन | -प्राकृतिक र मानवसिर्जित प्राकृतिक विपद्को परिचय दिन ।<br>-विपद्का समयमा सुरक्षित रहने तरिका बताउन र सुरक्षित रहन ।<br>-आकस्मिक सुरक्षा सामग्री तयारी गर्ने तरिका बताउन<br>-सडक तथा ट्राफिक नियमहरू बताउन । | -प्राकृतिक र मानवसिर्जित विपद्को परिचय ।<br>-विपद्का समयमा सुरंक्षित रहने तरिका ।<br>-आकस्मिक सुरक्षा सामग्री तयार ।<br>-सडक तथा ट्राफिक नियमहरू । | -विभिन्न प्रकारका विपद् तथा प्रकोपहरूको श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने र तिनीहरूको आधारमा प्राकृतिक र मानवसिर्जित विपद्हरूको बारेमा छलफल गराउने र छुट्याउन लगाउने ।<br>-विपद्का समयमा सुरंक्षित रहने तरिकाको प्रयोगात्मक रूपमा प्रदर्शन गरेर देखाउने र सँगसगैं गर्न लगाउने ।<br>-आकस्मिक सुरक्षा सामग्री तयार पार्न लगाउने ।<br>-सडक तथा ट्राफिक नियमहरू लेखिएको तस्बिरहरू देखाई छलफल गर्न लगाउने । | -प्राकृतिक र मानव सिर्जित विपद्को परिचय सोध्ने ।<br>-विपद्का समयमा सुरक्षित रहने तरिका भन्न लगाउने ।<br>-विपद्बाट बँच्ने उपायहरू सम्बन्धी नमूना अभिनय क्रियाकलापमा सहभागी भए नभएको अवलोकन गर्ने ।<br>-सडक तथा ट्राफिक नियमहरू भन्न लगाउने | २० |
| हाम्रो संस्कार र संस्कृति | -यस क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजातिको सांस्कृतिक एवम् धार्मिक परम्परा र रीतिरिवाजका बारेमा बताउन ।<br>-यस क्षेत्रमा बोलिने विभिन्न भाषा र जातिगत भेषभूषाका विशेषता बताउन ।<br>-स्थानीय चाडपर्व, जात्रा, मेला, उत्सव आदिका बारेमा बताउन । | -गनगाई, ताजपुरिया, मारवाडी, सन्थाल, डोम, दुसाध, बाँतर, मुसहर, हजाम, राजवंशी, हलुवाईलगायतका जातजाति, तिनका धार्मिक र सांस्कृतिक परम्परा र रीतिरिवाज ।<br>-मैथिली, राजवंशी, सन्थाल, उरावँ, भोजपुरी, हिन्दी, उर्दू, मगही, अंगिका, थारु, | -पालिकामा बसोबास गर्ने विभिन्न जातजातिहरूको धार्मिक तथा सांस्कृतिक परम्परा र रीतिरिवाजका बारेमा छलफल गर्ने/गराउने ।<br>-पालिकामा बसोबास गर्ने जातजातिको सूची तयार गर्न लगाउने ।<br>-ती जातजातिले अपनाएका धर्म, संस्कृति र रीतिरिवाजका बारेमा छलफल गरी भन्न र लेख्न लगाउने ।<br>-यस क्षेत्रमा बोलिने विभिन्न भाषाहरूबारे छलफल गराई टिपोट गर्न लगाउने,<br>-विद्यार्थीलाई आफूले लगाउने भेषभूषाको नाम टिपोट गर्न लगाउने ।<br>-ती भेषभूषाका विशेषताबारे छलफल गरी भन्न लगाउने।<br>-पालिकामा बसोबास गर्ने विभिन्न जातजातिहरूले लगाउने भेषभूषा र तिनका विशेषताबारे छलफल गराई लेख्न र भन्न लगाउने ।<br>-विद्यार्थीबाट आउन नसकेका कुराहरू शिक्षकले बताइदिने । | तल दिइएका प्रश्न र क्रियाकलापका आधारमा मूल्याङ्कन गर्ने ।<br>-तपाईंको नगरपालिकामा कुनकुन जातजाति बसोबास गर्छन् ?<br>-ती जातजातिले मान्ने धर्म कुनकुन हुन् ?<br>-ती मानिसहरूको जीवनशैली र रीतिरिवाजका बारेमा खोजी गर्न लगाउने ।<br>-आफ्नो पालिकामा कुनकुन भाषा बोलिन्छ सूची तयार गर्न लगाउने ।<br>-यस पालिकामा बसोबास गर्ने विभिन्न जातिजाति र तिनले लगाउने जातीय पोसाक तथा तिनका विशेषता भन्न लागाउने । | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | खवासलगायतका भाषा र तिनका जातिगत भेषभूषा ।<br>-सिरुवा, सोहराइ, कर्माधर्मा, वसन्त पञ्चमी, गोठाले पर्व, छठ, जितीया, फगुवा, माघीलगायतका पर्वहरू ।<br>-ग्रामथान मेला, पाता मेला, पेन्दिया, सामाचकेवा, झिझिया, फगुवा लगायतका मेला तथा उत्सवहरू । | -आफ्नो पालिकामा मनाइने विभिन्न चाडपर्व, मेला, जात्रा तथा उत्सव केके छन् छलफल गरी भन्न र लेख्न लगाउने ।<br>-ती मेला, पर्व तथा उत्सवहरू कहिले मनाइन्छ र केके गरिन्छ भनी छलफल गर्न लगाई प्रस्तुत गर्न लगाउने ।<br>-ती पर्व, मेला, उत्सव तथा जात्राका विशेषताबारे छलफल गरी बताउन लगाउने ।<br>-आधुनिक श्रव्यदृश्य सामग्रीको प्रयोग र प्रदर्शन गरी शिक्षकले आवश्यक सहजीकरण गर्ने । | -आफ्नो भाषा, जातीय पोसाक र तिनका विशेषता सम्बन्धी परियोजना कार्य दिने ।<br>-आफ्नो क्षेत्रमा मनाइने विभिन्न मेला तथा उत्सवको सूची बनाउन लागउने ।<br>-ती पर्व मनाइने मिति, पर्वमा गरिने काम र ती पर्वका विशेषाताको खोजी गर्न लगाई तालिका बनाउन लगाई छलफल र परियोजना कार्य गराउने । | |
| नैतिक शिक्षा, आचरण, अनुशासन र मानवता | -आआफ्नो इष्टदेवताहरूको स्तुति, प्रार्थना र उपासना गर्न ।<br>-आफ्नो काम आफै गर्ने बानीको विकास गर्न ।<br>-सामूहिक काममा सहभागी हुन ।<br>-क्षमा माग्न र दिन । | -स्तुति, प्रार्थना, उपासना, ईश्वर, गुरु, देउता आदिको स्तुति प्रार्थना र उपासना ।<br>-स्वावलम्बन, सहभागिता र क्षमा । | -स्थानीय चालचलन अनुसार आआफ्नो इष्टदेवताहरूको स्तुति, प्रार्थना र उपासना सम्बन्धमा छलफल गराउने ।<br>-स्तुति, प्रार्थना र उपासना गरेको चित्र देखाई छलफल गराउने ।<br>-स्तुति, प्रार्थना र उपासना गरेको अभिनय गराउने ।<br>-आफ्नो काम आफै गर्दा हुने फाइदाहरूको बारेमा छलफल गराउने ।<br>-आफ्नो काम आफैँ गर्न लगाउने ।<br>- सार्वजनिक र सामूहिक कामहरूमा सहभागी भएको वा नभएको बारेमा छलफल गराउने ।<br>-आफूले गल्ती गरेको बेला क्षमा मागेको र अरुले गल्ती गरेको बेला क्षमा दिएको वा नदिएको सम्बन्धको बारेमा छलफल गराउने ।<br>-नैतिक कथा (युधिष्ठिर र दुर्योधनको कथा) सुनाउने ।<br>-अन्य नैतिक दृष्टान्त र सुक्तिहरू सुनाउने ।<br>-श्रव्यदृष्य सामग्रीको प्रयोग र प्रदर्शन गरी शिक्षकले सहजीकरण गर्ने । | -स्थानीय चालचलन अनुसार आ–आफ्नो इष्ट देउताहरूको स्तुति, प्रार्थना र उपासना सम्बन्धी नमुनाहरू प्रस्तुत गर्न लगाएर ।<br>-स्तुति, प्रार्थना र उपासना सम्बन्धमा प्रश्नोत्तर गरेर ।<br>-स्तुति, प्रार्थना र उपासना गरेको अभिनय गराएर ।<br>-आफ्नो काम आफै गर्दा हुने फाइदाहरूको बारेमा सूची बनाउन लगाउने ।<br>-आफ्नो काम आफैँ गर्न लगाएर ।<br>-सार्वजनिक र सामूहिक कामहरूमा सहभागी हुँदाको फाइदाहरू र सहभागी नहुँदाको बेफाइदाहरू बताउन लगाएर । | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | -आफूले गल्ती गरेको बेला क्षमा मागेको र अरुले गल्ती गरेको बेला क्षमा दिएको वा नदिएको सम्बन्धमा प्रश्नोत्तर गर्ने ।<br>-क्षमा दिँदा हुने फाइदाहरूको बारेमा बताउन लगाएर सुनाउने ।<br>-अन्य नैतिक दृष्टान्त र सुक्तिहरू सुनाउन लगाएर । | |
| स्वास्थ्य, योग र खेलकुद | -स्थानीय स्तरका स्वस्थ खानेकुराहरूको परिचय दिन ।<br>-सामुदायिक स्वास्थ्य र सरसफाइको परिचय र महत्त्व बताउन ।<br>- स्थानीय खेलहरू खेल्ने नियमहरू बताउन ।<br>-स्थानीय खेलहरूको अभ्यास गर्न । | -स्थानीय स्तरका स्वस्थ खानेकुराहरूः भक्का, चप, चटपटे, भुजा, रोटी, तरकारी, दालभात, अचार, वगिया ।<br>-सामुदायिक स्वास्थ्य र सरसफाइको परिचय ।<br>-सामुदायिक स्वास्थ्य र सरसफाइको महत्त्व ।<br>-स्थानीय खेलहरूः डण्डी वियो, कवड्डी, डोरी नाघ्ने खेल । | -छलफल गरी स्थानीय स्तरका स्वस्थ खानेकुराहरूको सूची बनाउन लगाउने ।<br>-सामुदायिक स्वास्थ्य र सरसफाइ बारे विद्यार्थी बीच छलफल गराउने ।<br>-सामुदायिक स्वास्थ्य र सरसफाइको महत्त्वबारे छलफल गराउने ।<br>-सामुदायिक स्वास्थ्य र सरसफाइबारे अभ्यास गराउने ।<br>-डण्डी वियो, कवड्डी, डोरी नाघ्ने खेलको अभ्यास गराउने ।<br>-स्थानीय खेलहरूको महत्त्वबारे छलफल गराउने । | -स्थानीय स्तरका स्वस्थ खानेकुराहरूको सूची बनाउन लगाउने ।<br>-सामुदायिक स्वास्थ्य र सरसफाइका बारेमा कार्ययोजना तयार गरी अभ्यास गर्न लगाउने ।<br>-स्थानीय खेलहरूको परिचय दिन लगाउने ।<br>-डण्डी वियो, कवड्डी, डोरी नाघ्ने खेलको नियम बताउन र लेख्न लगाउने ।<br>-खेलको अभ्यास गराएर शिक्षकले अवलोकन गर्ने । | २० |
| स्थानीय समस्या र समाधानका उपायहरू | -मेलमिलापको आवश्यकता र फाइदा बताउन ।<br>-कुप्रथा र कुलतका नराम्रा पक्षबारे बताउन । | -कार्यको बाँडफाँट, सहयोगीपन, आत्मीयभाव, घर परिवारमा सहयोग, झैझगडा, विपन्नता, अपराधजन्य क्रियाकलाप, | -समूहमा बिभाजन गरी कार्यको बाडफाँट गरिदिने ।<br>-सबै मिलेर कार्य सम्पन्न गर्नुपर्छ भन्ने कुरा बताएर प्रस्ट गरिदिने ।<br>-कुलत र कुप्रथाको परिचय दिने ।<br>-कुलत र कुप्रथा कायम रहेमा के के हुन्छ ? भनी विद्यार्थीलाई छलफल गर्न लगाउने । | -मिलेर किन काम गर्नु पर्छ ? भन्न लगाउने ।<br>-किन हामी दुर्व्यसनमा फस्नु हुँदैन भनी भन्न लगाउने ।<br>-कुलतका बेफाइदाहरूको सूची तयार पार्न लगाउने । | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | -हिंसा, कुप्रथा र लागूपदार्थ दुर्व्यसनबाट पुग्ने नोक्सानी बताउन । | घर परिवारमा फाटो, मनमुटाब, रिसइवी, साथीभाइ, छर छिमेकमा बेमेल, दण्ड जरिवाना अन्य सजाय आदि । | -यसले अपराधजन्य क्रियाकलापमा संलग्न गराई पारिवारिक फाटो सिर्जना गर्छ भनी बताइदिने ।<br>-परिवार र छिमेकमा बेमेल भएमा त्यसले समाजलाई असर गर्छ भनी बताइदिने ।<br>-लागूपदार्थ र दुर्व्यसनमा लाग्दा हुने सजायबारे बताउने । | -दण्ड सजायबाट बच्न के गर्नुपर्छ ? बताउन लगाउने ।<br>-आफ्नो गाउँघरमा के कस्ता नकारात्मक कार्यहरू हुने गरेकाक छन् ? बताउन लगाउने। | |

कक्षा ५

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| रंगेली नपाको चिनारी | -रंगेली नगरपालिकाको भौगोलिक बनोट बारे बताउन ।<br>-काली मन्दिरबारे सामान्य परिचय दिन ।<br>-आफ्नो वडा कार्यालयबाट प्रदान गरिने सेवा तथा सुविधाहरूको सूची तयार पार्न । | -नगरपालिकाको भौगोलिक अवस्थिति र क्षेत्रफल ।<br>-कालीमाता मन्दिरको सामान्य परिचय ।<br>-वडा कार्यालयबाट प्रदान गर्ने सेवा र सुविधाहरू ।<br>-(प्राथमिक उपचार, नियमित र आवश्यक्ता बमोजिम लगाउने खोपहरू, ज्येष्ठ नागरीक र वृद्ध भत्ता) | -नक्साको प्रयोग गरी अक्षांश देशान्तर र भौगोलिक अवस्थिति प्रष्ट पार्ने ।<br>-नगरपालिकाको क्षेत्रफल र दृष्य सामग्रीको प्रयोग गरी छलफल गर्ने<br>-वडा कार्यालयबाट प्रदान गरिने सेवाहरू बारे छलफल गराउने ।<br>-वडा कार्यालयबाट प्रदान गरिने नियमित र आवश्यकता बमोजिम खोपहरूको सूची बनाउने । | -नगरपालिको अवस्थिति बारे प्रश्न सोध्ने ।<br>-काली मन्दिर अवलोकन गर्न लगाई सानो परियोजना तयार पार्न लगाउने ।<br>-आफ्नो वडाको भ्रमण गराई प्रदान गरिने सेवाहरूको नाम लेख्न र भन्न लगाउने । | १७ |
| स्थानीय स्रोत साधन | -स्थानीय पर्यटकीय स्थलहरूको महत्त्व बताउन र संरक्षण गर्न । | -पर्यटकीय स्थलको संरक्षण<br>-परिचय र महत्त्व ।<br>-सरक्षणका उपायहरू। | -विद्यार्थीहरूलाई स्थानीय पर्यटकीय स्थलहरूको सूची बनाउन लगाउने ।<br>-पर्यटकीय स्थलहरूको महत्त्वको बारेमा सामूहिक छलफल गराई प्रस्तुत गर्न लगाउने । | -तल दिइएका प्रश्नहरूको आधारमा मूल्याङ्कन गर्नुहोस् । | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | -स्थानीय बालीनालीको परिचय दिन र कृषि योग्य जमिनको पहिचान गर्न ।<br>-पशुपालनको महत्त्व बताउन र समस्याहरू पहिचान गर्न ।<br>-पेशा, व्यवसाय र सीपको महत्त्व बताउन र संलग्न हुन। | -संरक्षण गर्ने निकायहरू।<br>-बाली तथा जमिन<br>-स्थानीय बालीको परिचय र महत्त्व<br>-जमिनको प्रकारः कृषियोग्य जमिन र आवासयोग्य जमिन<br>-नगरभित्रका कृषियोग्य जमिनको पहिचान<br>-पशुपालनः परिचय र महत्त्व, समस्याको पहिचान, रोग सम्बन्धी समस्या, व्यवसायिक समस्या ।<br>-पेशा, व्यवसायः परिचय र महत्त्व, स्थानीय पेशा, व्यवसाय र सीपको सूची।<br>- सीपमूलक कार्यमा संलग्नता अनुभव । | -पर्यटकीय स्थलहरूको महत्त्व झल्काउने किसिमको पोस्टर, फोटो, चित्र, भिडियो देखाउने ।<br>-पर्यटकीय स्थलहरू संरक्षण गर्ने उपायहरूबारे अन्तरक्रिया गराई निष्कर्ष प्रस्तुत गर्न लगाउने ।<br>-संरक्षण गर्ने निकायहरूबारे छलफल गराई सूची बनाउन लगाउने ।<br>-विद्यार्थीहरूलाई वरपर छरछिमेकमा उत्पादन गरिने स्थानीय बालीहरूको सूची बनाउन लगाउने ।<br>-स्थानीय बालीको महत्त्वको बारेमा सामूहिक छलफल गराई निचोड प्रस्तुत गर्न लगाउने ।<br>-फोटो, चित्र र भिडियोको माध्यमबाट खेतीयोग्य जमिन र आवासयोग्य जमिन छुट्याउन लगाउने ।<br>-नगर भित्र उपर्युक्त जमिनहरू कहाँ कहाँ छन् भनी छलफल गर्न लगाई सूची बनाउन लगाउने ।<br>-विद्यार्थीहरूलाई पशुपालन सम्बन्धी फोटो, चित्र, पोस्टर, भिडियो देखाई पशुपालनको महत्त्वबारे प्रस्तुत गर्न लगाउने ।<br>-पशुमा लाग्ने रोगबारे विद्यार्थीहरूलाई थाहा भएको जानकारीको सूची बनाई छलफल गराउने र निचोड दिने ।<br>-पशुपालन गर्न आइपर्ने समस्या के के हुन सक्छन् भनी अन्तरक्रिया गर्न लगाई निचोड प्रस्तुत गर्न लगाउने ।<br>-विद्यार्थीहरूलाई विभिन्न पेशा, व्यवसाय र सीपको सूची बनाउन लगाउने।<br>-स्थानीय पेशा, व्यवसाय र सीपमूलक कार्यबाट छरछिमेकका मानिसहरूले के कस्ता फाइदा लिइरहेका छन् भनी छलफल गर्न लगाई निचोडको प्रस्तुत गर्न लगाउने । | -नगर भित्र रहेका पर्यटकीय स्थलहरूको सूची तयार गर्नुहोस् ।<br>-पर्यटकीय स्थलहरूको के महत्त्व छ ? कुनै चार वटा बुँदा लेख्नुहोस् ।<br>-हाम्रा पर्यटकीय स्थलहरू संरक्षण गर्ने कुनै चार वटा उपायहरू लेख्नुहोस् ।<br>-हाम्रो पर्यटकीय स्थलहरूलाई क–कसले संरक्षण गर्नपर्छ ? उल्लेख गर्नुहोस् ।<br>-विद्यार्थीहरूलाई नजिकैको कुनै एक पर्यटकीय स्थलको भ्रमण गर्न लगाई त्यसको भौगोलिक अवस्थाबारे छोटो परिचय लेख्न लगाई मूल्याङ्कन गर्ने ।<br>-स्थानीय बाली भनेको के हो ? कुनै १० स्थानीय बालीको नाम लेख्नुहोस् ।<br>-स्थानीय बालीको के महत्त्व छ ?<br>-खेती योग्य जमिन र आवसीय जमिन बीच फरक छुट्याउनुहोस् ।<br>-विद्यार्थीलाई आफ्ना वरपर घुम्न लगाई खेतीयोग्य जमिन र आवसीय जमिनको अवलोकन गर्न लगाई सो को प्रतिवेदन हेरी मूल्याङ्कन गर्ने ।<br>-पशुपालनको महत्त्व बताउनुहोस् ।<br>-पशुमा लाग्ने रोगहरू के के हुन सक्छन् ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | -विद्यार्थीहरूलाई पेशा, व्यवसायमा संलग्न भएको आफ्नो अनुभव प्रस्तुत गर्न लगाउने । | -पशुपालन गर्दा आउने समस्याहरूको सूची बनाउनुहोस् ।<br>-आफूले वरपर देखेका विभिन्न पेशा, व्यवसाय र सीपहरूको सूची बनाउनुहोस् ।<br>-स्थानीय पेशा, व्यवसाय र सीपबाट मानिसहरूले के के फाइदा लिन सक्छन् ?<br>-विद्यार्थीहरूलाई छरछिमेकमा गरिने विभिन्न सीपमूलक कार्यहरूमा संलग्न गराई त्यसको अनुभवको आधारमा सीप विकासको मूल्याङ्कन गर्ने । | |
| दुर्घटना र विपद् व्यवस्थापन | -विपद् व्यवस्थापनको परिचय दिन ।<br>-विपद् व्यवस्थापनमा सुरक्षा निकायको भूमिका पहिचान गर्न ।<br>-विपद् व्यवस्थापनमा अभिभावक र समुदायको भूमिका पहिचान गर्न । | -विपद् व्यवस्थापनको परिचय ।<br>-विपद् व्यवस्थापनमा सुरक्षा निकायको भूमिका<br>-विपद् व्यवस्थापनमा अभिभावक र समुदायको भूमिका । | -विपद् व्यवस्थापनको परिचयका लागि मष्तिष्क मन्थन गराउने र छलफल गराउने ।<br>-विपद् व्यवस्थापन गर्नुपर्ने कारणहरूमा छलफल गर्ने ।<br>-विपद् व्यवस्थापनका लागि गर्नुपर्ने पूर्व तयारीका सम्बन्धमा चित्रको माध्यमबाट छलफल गराउने ।<br>-विपद्मा परेका बिरामीहरूको सहयोग गर्न उत्प्रेरित गर्ने ।<br>-विपद् व्यवस्थापनको भूमिका अभिनय गराउने ।<br>-विपद् व्यवस्थापनमा सुरक्षा निकायको भूमिकाको बारेमा छलफल गराउने।<br>-विपद् व्यवस्थापनमा अभिभावक र समुदायको भूमिकाको बारेमा छलफल गराउने । | -विपद् व्यवस्थापनको परिचय भन्न लगाउने।<br>-विपद् व्यवस्थापनका कारणहरू भन्न लगाउने।<br>-विपद् व्यवस्थापन गर्ने तरिका सोध्ने ।<br>-विपद् व्यवस्थापनका लागि सुरक्षा निकाय, अभिभावक, समुदायको भूमिका प्रस्तुत गर्न लगाउने । | २० |
| हाम्रो संस्कार र संस्कृति | -यस क्षेत्रमा प्रचलनमा रहेका स्थानीय जातिगत लोककथा, लोकगीत, | -छठपर्व, सूर्य उपासना तथा षष्ठी माईसम्बन्धी पौराणिक लोककथा, मुसलमान जातिमा प्रचलित सैयदा | -स्थानीय स्तरमा प्रचलित लोकगीत तथा लोक कथाका बारेमा कक्षामा छलफल गर्ने र शिक्षकले बताउने ।<br>-विद्यार्थीले जानेका कुनै लोकगीत, लोक कथा कक्षामा प्रस्तुत गर्न लगाउने। | -विद्यार्थीले जानेका लोककथा, लोकगीत कक्षामा भन्न लगाउने ।<br>-आफूले स्थानीय स्तरमा देखेका बाजाका नाम भन्न लगाउने । | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | लोकबाजा तथा स्थानीय कलाहरू उल्लेख गर्न ।<br>-यस क्षेत्रमा बसोबास गर्ने लोपोन्मुख जातजाति र भाषाको महत्त्व बताउन ।<br>-स्थानीय स्तरमा मनाइने विभिन्न चाडपर्व, लाग्ने मेला, उत्सव तथा जात्राको आवश्यकता र महत्त्व बताउन । | विबीको कहानी, होली पर्वसँग जोडिएको एक ढौण्डा राक्षसी र होलिका एवम् प्रह्लादसम्बन्धी कथा, थारु जातिमा प्रचलित सोनकेस्री रानी, हिटवक बटकोही र सटलसिंह रज्वा कथा आदि ।<br>-मृदंग, झाल, ओढनी, दोदरा, घडीघण्टा, झाँगडढोल, डिगरी, ढुलुक, सहाना, गोल्की, मैनामुरली, सखिया मादल, टामाड, कुर्ताल, सतारसिटि आदि ।<br>-मिथिला चित्रकला, मोखा ( माटाको भित्तेचित्रकला), मूर्तिकला, टाटुकला आदि<br>-हजाम (ठाकुर), कानू, सुढी, लोहार, तत्मा, खत्वे, धोबी, माझी, नुनीया, कुम्हार, हलुवाई, मारवाडी, सन्थाल जातिका भाषा ।<br>-सिरुवा, सोहराइ, कर्माधर्मा, वसन्त पञ्चमी, गोठाले पर्व, | -यस क्षेत्रमा रहेका लोपोन्मुख तथा प्रचलित बाजाका भिडियो तथा चित्रहरू प्रस्तुत गरी छलफल गर्ने र त्यस्ता बाजाको सूची बनाउन लगाउने ।<br>-स्थानीय स्तरमा प्रचलित कलाका नमूना सङ्कलन गरी प्रदर्शन गर्ने ।<br>-शिक्षक सहजकर्ता र प्रेरकका रुपमा प्रस्तुत भई आवश्यक सहजीकरण गर्ने।<br>-स्थानीय स्तरमा बसोबास गर्ने लोपोन्मुख जाति र तिनले बोल्ने भाषाको सूची तयार गर्न लगाउने ।<br>-ती जातिको समाजमा महत्त्व के छ भनी छलफल गर्न लगाउने र टिपोट गर्न लगाउने।<br>-ती लोपोन्मुख जातिले बोल्ने भाषाको के महत्त्व छ भनी छलफल गर्न र बताउन लगाउने ।<br>-लोपोन्मुख जातजाति र भाषाको महत्त्वका बारेमा शिक्षकले बताइदिने ।<br>-यस क्षेत्रमा मनाइने पर्वहरूका बारेमा छलफल गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>-ती चाडपर्व, जात्रा, उत्सव तथा मेला किन आवश्यक छन् भनी छलफल गर्न लगाई प्रस्तुत गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने ।<br>-छलफलबाट आएका कुरालाई टिपोट गर्न लगाउने ।<br>-शिक्षक सहजकर्ता र प्रेरकका रुपमा प्रस्तुत भई आवश्यक सहजीकरण गर्ने। | -स्थानीय स्तरमा प्रचलित कलाका नाम भन्न र चित्र बनाउन लगाउने ।<br>-परियोजना कार्य दिने ।<br>तलका प्रश्नका आधारमा मूल्याङ्कन गर्ने ।<br>-पालिकामा कुन कुन जातजातिका मानिस अत्यन्तै कम सङ्ख्यामा छन् ?<br>-यस क्षेत्रमा कुन भाषा बढी मानिसले बोल्छन् र कुन भाषा थोरै मानिसले बोल्छन् ?<br>-हामीलाई भाषा किन चाहिन्छ ?<br>-भाषा किन जोगाउनुपर्छ?<br>-भाषाको के महत्त्व छ ?<br>-यस पालिकामा मनाइने चाडपर्व, मेला, उत्सव र जात्रा केके होलान् ?<br>-त्यस्ता उत्सव, जात्रा र मेला किन लागेका होलान् ?<br>-चाडपर्व, मेला, जात्रा र उत्सव हामीलाई किन चाहिन्छ ?<br>-आवश्यक छलफल, प्रयोगात्मक र परियोजना कार्य गराउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | छठ, जितीया, फगुवा, सुकराती, हुक्कापाती, तिला सङ्क्रान्ति, जुरसितल, माघीलगायतका पर्वहरू ।<br>-ग्रामथान मेला, दशाए नाच, पत्तामेला, पेन्दिया, फागुवालगायतका मेला तथा उत्सवहरू । | | | |
| नैतिक शिक्षा, आचरण, अनुशासन र मानवता | -धर्मको अर्थ र परिभाषा बताउन ।<br>-धार्मिक विविधताहरूको पहिचान र सम्मान गर्न ।<br>-धैर्यतापूर्वक अरुको कुरा सुन्न र आफ्नो कुरा भन्न ।<br>-अनुशासनको अर्थ, परिभाषा र फाइदा बताउन<br>-अनुशासित जीवन बिताउन<br>-परोपकारी हुन । | -धर्म र धार्मिक सहिष्णुता<br>-धैर्यता<br>-अनुशासनको अर्थ, परिभाषा र फाइदा<br>-परोपकार । | -धर्मको अर्थ र परिभाषा सम्बन्धमा छलफल गराई धर्मको अर्थ र परिभाषा बताउने ।<br>-विभिन्न धर्महरूको मूल सिद्धान्तहरूको बारेमा छलफल गराउने ।<br>-विभिन्न धर्महरूको धार्मिक कार्यहरूमा सहभागि हुन प्रेरित गराउने खालका उदाहरणहरू प्रस्तुत गर्न लगाउने।<br>-धैर्यता पूर्वक अरुको कुरा सुन्न लगाउने र अफ्ना कुरा भन्न लगाउने ।<br>-विद्यार्थीहरुसँग छलफल गरी अनुशासनको अर्थ र परिभाषा बताउने ।<br>-अनुशासनबाट हुने फाइदाको बारेमा छलफल गराउने र सूची बनाउने ।<br>-अनुशासनलाई महत्त्व दिने कथा कविता र गीत आदि सुनाउने र सुनाउन लगाउने ।<br>-परोपकार सम्बन्धित कथा, कविता, र गीत आदि सुनाउन र गाउन लगाउने।<br>-परोपकारको महत्त्व सम्बन्धमा छलफल गराउने ।<br>-नैतिक कथा (राजा शिवी र परेवाको कथा) सुनाउने ।<br>-अन्य दृष्टान्त र सुक्तिहरु सुनाउने । | -धर्मको अर्थ लेख्न लगाउने ।<br>-विभिन्न धर्महरूको मूल सिद्धान्तहरूको बारेमा तालिका बनाई प्रस्तुत गर्न लगाउने ।<br>-विभिन्न धर्महरूको धार्मिक कार्यहरूमा सहभागी हुँदा हुने फाइदाहरूको बारे लेख्न लगाउने ।<br>-धैर्यतापूर्वक अरुको कुरा सुन्दा हुने फाइदाहरूको सूची बनाउन लगाउने ।<br>-अनुशासनको अर्थ र पभिाषा लेख्न लगाउने ।<br>-अनुशासनबाट हुने फाइदाहरूको सूची बनाउन लगाउने ।<br>-अनुशासनलाई महत्त्व दिने कथा, कविता र गीत लेख्न लगाउने ।<br>-परोपकारको महत्त्व लेख्न लगाउने । | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | -विद्यार्थीहरुले गरेका क्रियाकलापको अवलोकन गर्ने ।<br>-परोपकार सम्बन्धी कथा, कविता र गीत आदि भन्न र लेख्न लगाएर । | |
| स्वास्थ्य, योग र खेलकुद | -सन्तुलित भोजनको अवधारणा बताउन।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूको सूची बनाउन।<br>-स्थानीय खेलकुदको परिचय, महत्त्व र आवश्यकता बताउन ।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरूको सूची बनाउन । | -सन्तुलित भोजन ।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूः अस्पताल,स्वास्थ्य चौकी,वडास्वास्थ्यकार्यालय, महिला स्वयम् सेविका ।<br>-स्थानीय खेलहरूः रुमाल लुकाइ, गट्टी, दौड, पिको।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरूः आँक, तुलसी, निम, पिप्ला, गुर्जो, बेसार, ज्वानो, अम्बाको पात, धतुरो, आईटिङ झार, भूमिराज, हलेदो घ्यु कुमारी, पहेलो लहरो । | -सन्तुलित भोजनबारे छलफल गराउने ।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरुबारे छलफल गराउने ।<br>-स्वास्थ्य प्रदायक संस्थाको लघु शैक्षिक भ्रमण गराउने ।<br>-रुमाल लुकाई, गट्टी, दौड, पिको खेलको अभ्यास गराउने ।<br>-स्थानीय खेलहरुको महत्त्वबारे छलफल गराउने ।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरुका बारे छलफल गराउने ।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरुः तुलसी, निम, पिप्ला, गुर्जाको पहिचान गरी संकलन गर्न लगाउने । | -सन्तुलित भोजन भनेको के हो बताउन र लेख्न लगाउने ।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूको सूची बनाउन लगाउने ।<br>-रुमाल लुकाई,गट्टी,दौड,पिको खेलको नियम बताउन र लेख्न लगाउने, स्थानीय स्तरमा पाइने जडीबुटीहरूको परिचय दिन लगाउने।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरू तुलसी, निम, पिप्ला, गुर्जोको पहिचान गर्न लगाउने। | २० |
| स्थानीय समस्या र समाधानका उपायहरू | -मिलनसार र सहयोगी बन्दै अघि बढ्न ।<br>-हिंसा र लागूपदार्थ जस्ता खराब व्यवहार/प्रवृति प्रति नकारात्मक धारणा बनाई | -सबैमा मित्र भाव, समान दृष्टिकोण, मेलमिलाप, सहयोगीपन, आत्मियता<br>-हिंसा र लागूपदार्थको चर्चा<br>-हिंसाले द्वन्द्व सिर्जना ।<br>-समाज खण्डित र बेमेल। | -मिलेर बसेको घर परिवारको उदाहरण दिने ।<br>-मिलेर बस्न सिकाउने, एक अर्काले नजानेका कुरामा सहयोग गर्न लगाउने ।<br>-कसैप्रति नराम्रा शब्द प्रयोग नगर्ने र सबैमा समान व्यवहार देखाउनु पर्छ भन्ने बारेमा छलफल गर्न लगाउने ।<br>-हिंसा र लागूपदार्थ बारेमा बताइदिने, हिंसाले द्वन्द्व बढाई समाजमा बेमेल हुने कुरा प्रस्ट पार्ने क्रियाकलाप गराउने । | -के के कुरामा एक अर्कालाई सहयोग गर्नुपर्छ ? भन्न लगाउने ।<br>-खराब चरित्र भएको मानिसलाई किन कसैले मन पराउँदैनन् ? लेख्न लगाउने ।<br>-हामी असल हुन कस्ता बानीको विकास गर्नुपर्छ सूची बनाउन लगाउने । | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | समाधानका उपाय बताउन। | -शारीरिक जिर्णता, रिसइवी।<br>-अङ्गभङ्ग, आर्थिक संकट।<br>-खराब चिज भन्ने धारणा।<br>-हिंसाबाट टाढा<br>-खराब व्यक्तिको संगतबाट अलग । | -यिनलाई उपयोग गर्दा रोग लाग्ने, अङ्गभङ्ग हुने कुरा अभिनय गर्न लगाउने ।<br>-विद्यार्थीलाई घरमा हिंसा हुन्छ हुँदैन, लागूपदार्थ सेवन गर्छन् गर्दैनन् भनी सोध्ने ।<br>-हिंसा र खराब व्यक्तिको व्यवहारबाट टाढा रहन के के गर्न सकिन्छ सूची बनाउन लगाउने ।<br>-अरूलाई सहयोग गर्न के के गर्न सकिन्छ भनी सूची बनाउन लगाउने ।<br>-समान व्यवहार के के हुन सक्छन् भनी समूहमा छलफल गराई प्रस्तुत गर्न लगाउने । | -कस्ता व्यक्तिबाट टाढा रहनु पर्छ भन्न लगाउने ।<br>-तिम्रा घरमा कुनै किसिमका हिंसा, कुप्रथा छन् कि छैनन् ? भनी भन्न र लेख्न लगाउने ।<br>-परिवारका कोही सदस्यले लागूपदार्थ सेवन गर्नुहुन्छ कि गर्नुहुन्न ? भनी प्रश्न गर्ने ।<br>-कुलतमा लागेको साथीलाई के परामर्श दिन्छौ भनी सोध्ने र शिक्षकले अवलोकन गर्ने। | |

कक्षा ६

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|
| रंगेली नपाको चिनारी | -स्थानीय प्राकृतिक स्रोत सम्पदाबाट हुने फाइदा बताउन ।<br>-संसारीमाई मन्दिरको सामान्य परिचय र इतिहास बारे बताउन । | -स्थानीय प्राकृतिक स्रोत सम्पदा, नदीबाट हुने फाइदाहरू ।<br>-संसारीमाई मन्दिरको इतिहास र धार्मिक महत्त्व । | -स्थानीय प्राकृतिक स्रोत सम्पदाको तस्बिर, भिडियो आदिको माध्यमबाट हुने फाइदाहरू बारे छलफल गर्ने ।<br>-संसारीमाई मन्दिरको वृत चित्र, तस्बिर देखाई यसको ऐतिहासिक पृष्ठभूमि बारे प्रष्ट पार्ने र पार्न लगाउने । | -स्थानीय प्राकृतिक स्रोत सम्पदाहरू मध्ये कुनै एकको फाइदाहरू भन्न र लेख्न लगाउने ।<br>-संसारीमाई मन्दिरको स्थापना र धार्मिक महत्त्व प्रष्ट पार्न लगाउने । | १७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | -रंगेली नपा भित्रका प्रसिद्ध व्यक्तिको परिचय र योगदान बताउन । | | | | |
| स्थानीय स्रोत साधन | -पर्यटनको परिभाषा दिन तथा स्थानीय पर्यटकीय स्थलहरूको संरक्षण र सम्बर्धन गर्न ।<br>-कृषि तथा पशुपालनका स्थानीय समस्याबारे सचेत भई समाधानको उपायहरू खोजी गर्न ।<br>-स्थानीय परम्परागत पेशा र सीपको खोजी र संरक्षण गर्न ।<br>-विभिन्न व्यावसायिक क्रियाकलापहरूको वर्गीकरण गरी तिनीहरूको महत्त्व वर्णन गर्न ।<br>-उद्योग, कलकारखानाबाट स्थानीयले पाएका फाइदाबारे जानकारी लिन र बेफाइदाबारे सचेत रहन। | -पर्यटनः परिभाषा र परिचय<br>-नगरभित्रका पर्यटकीय स्थलहरू<br>-संरक्षणका उपायहरू<br>-सम्बर्धनका पक्षहरू<br>-भौतिक पक्ष<br>-प्रचार प्रसार पक्ष<br>-कृषि तथा पशुपालनः परिचय, कृषि र पशुपालन बीच सम्बन्ध, समस्याहरूको पहिचान र समाधानका उपायहरू ।<br>-नगर भित्र पाइने परम्परगत पेशा र सीपहरूः बाँसको काम, माटोको काम, सिलाइबुनाइ, रंगरोगन, झल्ला तथा चटाइ बुनाइ।<br>-संरक्षणका उपायहरू ।<br>-व्यवसाय वर्गीकरणः परिचय र महत्त्व, नगर भित्र मानिसहरूले अपनाएका | -फोटो, चित्र, भिडियो प्रदर्शन गरी पर्यटनको अवधारणा बारे विद्यार्थीहरूलाई छलफल गर्न लगाउने ।<br>-नगरभित्रका पर्यटकीय स्थलहरूको सूची बनाउन लगाउने । (धार्मिक, प्राकृतिक, साँस्कृतिक, मानव निर्मित)<br>-उपर्युक्त पर्यटकीय स्थलहरूको संरक्षणका उपायहरू बारे सामूहिक छलफल गरी प्रस्तुत गर्न लगाउने ।<br>-पर्यटकीय स्थलहरूको सम्बर्धनका पक्षहरूबारे फोटो, चित्र, भिडियो प्रदर्शन गरी विद्यार्थीहरू बीच चर्चा गराउन लगाई प्रस्तुत गर्न लगाउने ।<br>- विद्यार्थीहरूले आफ्ना वरपर देखेका कृषि कार्य र पशुपालनबारे अनुभव प्रस्तुत गर्न लगाउने ।<br>-कृषि र पशुपालन बिचको अन्तरसम्बन्धबारे विद्यार्थीहरूलाई समूहगत छलफल गर्न लगाई निचोड प्रस्तुत गर्न लगाउने ।<br>-कृषि र पशुपालनका समस्याहरू के के हुन सक्छन् भनी विद्यार्थीलाई प्रश्न गरी आएका जवाफहरू बोर्डमा टिपी छलफल गराउने ।<br>-विद्यार्थीहरूलाई समस्या समाधानका उपायहरूको सूची बनाउन लगाई छलफल गराउने ।<br>-विद्यार्थीहरूलाई नगरभित्र मानिसहरूले अपनाएका विभिन्न परम्परागत पेशा तथा सीपहरूको सूची बनाउन लगाई छलफल गराउने ।<br>-उपर्युक्त सूचीका आधारमा परम्परागत पेशा र सीपको अवधारणा बारे विद्यार्थीहरूलाई आ–आफ्ना धारणा प्रस्तुत गर्न लगाई निष्कर्ष दिने । | -तल दिइएका प्रश्नहरूको आधारमा मूल्याङ्कन गर्नुहोस् ।<br>-पर्यटन भनेको के हो ?<br>-नगरभित्रका पर्यटकीय स्थलहरूको सूची बनाउनुहोस्।<br>-पर्यटकीय स्थलहरूको संरक्षण गर्ने उपाँयहरू के के हुन सक्छन् ?<br>-विद्यार्थीहरूलाई नजिकैको कुनै पर्यटकीय स्थलको भ्रमण गर्न लगाई त्यस क्षेत्रको संवर्धनका विविध पक्षबारे प्रतिवेदन तयार गर्न लगाएर मूल्याङ्कन गर्ने ।<br>-तल दिइएका प्रश्नहरूको आधारमा मूल्याङ्कन गर्नुहोस् ।<br>-कृषि र पशुपालन बिच के सम्बन्ध छ ?<br>-कृषि र पशुपालनका समस्याहरू के के छन् ?<br>-कृषि तथा पशुपालनमा आइपर्ने समस्याहरू कसरी हल गर्न सकिन्छ ? उपायहरू लेख्नुहोस ।<br>-कृषि र पशुपालन एक अर्काको परिपूरक हुन् भन्नेबारेमा एउटा संवाद तयार गर्न लगाई मूल्याङ्कन गर्ने । | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | व्यवसायहरू, व्यावसायिक कामको वर्गीकरणः साना, मझौला र ठूला व्यवसाय ।<br>-नगर भित्र सञ्चालित उद्योगहरूको सूची (साना, मझौला र ठूला)<br>-सञ्चालित उद्योगबाट हुने फाइदाहरू ।<br>-उपभोग आपूर्ति<br>-सञ्चालित उद्योगबाट हुने बेफाइदाहरू<br>-वातावरणीय असर र दुर्घटना<br>-अपराधिक क्रियाकलाप | -परम्परागत पेशा तथा सीपहरूको संरक्षणका उपायहरूबारे समूहगत छलफल गर्न लगाई सूची बनाउन लगाउने ।<br>-मानिसले जीवन यापनकालागि अपनाउने पेशाहरूको सूची बनाउन लगाउने र उपर्युक्त सूचीका आधारमा नगरभित्रका मानिसहरूले अपनाएका व्यवसायहरू छनौट गर्न लगाउने ।<br>-छनौट भएका व्यवसायहरूलाई साना, मझौला र ठूला व्यवसायमा वर्गीकरण गर्न लगाई तालिका प्रस्तुत गर्न लगाउने र निष्कर्ष दिने ।<br>-विद्यार्थीहरूलाई विभिन्न प्रकारका फोटो, चित्र, भिडियो देखाई साना, मझौला, ठूला उद्योग वर्गीकरण गर्न लगाउने ।<br>-नगर भित्र सञ्चालित उद्योगहरूको सूची बनाउन लगाई उपर्युक्त आधारमा वर्गीकरण गर्न लगाउने ।<br>-उल्लिखित उद्योगहरूबाट स्थानीयहरूले लिन सक्ने फाइदाहरूको सूची बनाउन लगाई प्रस्तुत गर्न लगाउने र निष्कर्ष दिने ।<br>-उद्योग कलकारखानाबाट हुने बेफाइदाहरूबारे समूहगत छलफल गराई सूची बनाउन लगाउने र शिक्षकले आवश्यक सहजीकरण गरी निष्कर्ष दिने । | -तल दिइएका प्रश्नहरूको आधारमा मूल्याङ्कन गर्नुहोस् ।<br>-परम्परागत पेशा र सीप भनेको के हो ?<br>-हाम्रो नगर भित्र पाइने परम्परागत पेशा र सीपहरूको सूची बनाउनुहोस् ।<br>-परम्परागत पेशा र सीप संरक्षण गर्ने उपाँयहरु के के हुन सक्छन ? उल्लेख गर्नुहोस् ।<br>-हाम्रो परम्परागत सीप हाम्रो अमूल्य सम्पदा हो । यस भनाइलाई स्पष्ट पार्दै साथीलाई एक चिठी लेख्नुहोस् ।<br>-तल दिइएका प्रश्नहरूको आधारमा मूल्याङ्कन गर्नुहोस् ।<br>-हाम्रो नगर भित्र मानिसहरूले अपनाएका पेशा, व्यवसायको सूची बनाउनुहोस् ।<br>-दिइएका व्यवसायहरूलाई साना, मझौला र ठूला व्यवसायमा वर्गीकरण गर्नुहोस् ।<br>-घुम्ती पसल, किराना पसल, मोटरसाइकल ग्यारेज, तरकारी खेती, होटल, सुपरमार्केट<br>-उद्योगलाई कति भागमा वर्गीकरण गरिएको छ ?<br>-वर्गीकरणका आधारमा उद्योगका उदाहरणहरू प्रस्तुत गर्नुहोस् ।<br>-उद्योगबाट स्थानीयबासीलाई प्राप्त हुने फाइदाहरू के के हुन सक्छन् ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | -उद्योगबाट के के बेफाइदा हुन्छ ?<br>-उद्योग कलकारखानाबाट फाइदा मात्र होइन नोक्सान पनि हुन्छ । यस भनाइलाई आफ्नो भाषामा स्पष्ट पार्नुहोस् । | |
| दुर्घटना र विपद् व्यवस्थापन | -विपद्बाट सुरक्षित रहन गरिने कार्यहरू बताउन ।<br>-विपद्का कारण उत्पन्न जोखिमहरूको जानकारी उल्लेख गर्न ।<br>-जोखिमबाट सुरक्षित रहने उपायहरू पहिचान र अवलम्बन गर्न । | -विपद्बाट सुरक्षित रहन गरिने कार्य ।<br>-विपद्का कारण उत्पन्न जोखिमहरूको जानकारी ।<br>-जोखिमबाट सुरक्षित रहने उपायहरू । | -विपद्बाट सुरक्षित रहन गरिने उपायलाई चित्र तथा प्रयोगात्मक कार्यका माध्यमबाट जानकारी गराउने ।<br>-स्थानीय विपद्का कारण उत्पन्न जोखिमहरूको बारेमा छलफल र अन्तरक्रिया गर्ने, गराउने ।<br>-स्थानीय स्तरमा हुन सक्ने जोखिमबाट सजग रहन अपनाउनु पर्ने उपाय लेख्न लगाउने ।<br>-जोखिमबाट सुरक्षित रहने उपायहरू सम्बन्धमा अभिनय प्रदर्शन गर्ने । | -विपद्बाट सुरक्षित रहन गरिने उपाय भन्न लगाउने ।<br>-स्थानीय विपद्का कारण उत्पन्न जोखिमहरू भन्न, लेख्न लगाउने ।<br>-स्थानीय स्तरमा हुन सक्ने जोखिमबाट सजग रहन गरिने उपाय सोध्ने । | २० |
| हाम्रो संस्कार र संस्कृति | -स्थानीय स्तरमा प्रचलित लिपि, लोककथा, लोकगीत, लोकसाहित्य, लोकबाजा तथा स्थानीय कलाबारे परिचित हुन ।<br>-स्थानीय स्तरमा प्रचलित धर्म, रहनसहन, भेषभूषा र रीतिरिवाजबारे परिचित हुन<br>-स्थानीय स्तरमा प्रचलित कलाको व्यावहारिक प्रयोगका लागि आधारभूत सीप विकास गर्न । | -छठपर्व, सूर्य उपासना तथा षष्टिमाईसम्बन्धी पौराणिक लोककथा, मुसलमान जातिमा प्रचलित सैयदा विबीको कहानी, होली पर्वसँग जोडिएको एक ढौण्डा राक्षसी र होलिका एवम् प्रह्लादसम्बन्धी कथा, थारु जातिमा प्रचलित सोनकेस्री रानी, हिटवक बटकोही र सटलसिंह रज्वा कथा | -स्थानीय स्तरमा प्रचलित लोकगीत तथा लोक कथा तथा लिपिका बारेमा कक्षामा छलफल गर्ने र शिक्षकले बताउने ।<br>-विद्यार्थीले जानेका कुनै लोकगीत, लोक कथा तथा देवनागरी लिपिबाहेकका लिपिका बारेमा कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>-यस क्षेत्रमा रहेका लोपोन्मुख तथा प्रचलित बाजाका भिडियो तथा चित्रहरू प्रस्तुत गरी छलफल गर्ने ।<br>-स्थानीय स्तरमा प्रचलित कलाका नमूना सङ्कलन गरी प्रदर्शन गर्ने ।<br>-त्यस्ता कला तथा लिपिका बारेमा छलफल गरी विद्यार्थीलाई परिचित गराउने<br>-स्थानीय स्तरमा प्रचलित धर्महरू के के छन् भनी छलफल गरी प्रस्तुत गर्न लगाउने ।<br>-ती धर्मका बारेमा समूह समूह बनाई छलफल गराई प्रस्तुत गर्न लगाउने । | -कुनै लोककथा तथा लोकगीत भन्न लगाउने<br>-आफूलाई थाहा भएका लोकबाजाका बारेमा बताउन लगाउने ।<br>-आफूले जाने स्थानीय कला झल्काउने वस्तु बनाउन लगाउने ।<br>-स्थानीय मानिसले अपनाएका विभिन्न धर्मका बारेमा भन्न लगाउने ।<br>-पालिकामा बसोबास गर्ने मानिसले लगाउने भेषभूषाका बारेमा खोजी गर्न लगाउने ।<br>-यहाँका मानिसको जीवनशैली र रहनसहनका बारेमा खोजी गर्ने परियोजना कार्य दिने ।<br>-स्थानीय कला झल्कने चित्र बनाउन लगाउने | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | -मृदंग, झाल, ओढनी, दोदरा, घडीघण्टा, झाँगडढोल, डिगरी, ढुलुक, सहाना, गोल्की, मैनामुरली, सखिया मादल, टामाड, कुर्ताल, सतारसिटि<br>-मिथिला चित्रकला, मोखा ( माटाको भित्तेचित्रकला), मूर्तिकला, टाटुकला<br>-हिन्दु, मुस्लिम, इसाई, बौद्ध, किराँती र प्रकृति धर्म<br>-स्थानीयस्तरका मानिसका रहनसहन र जीवनशैली, गनगाई, ताजपुरिया, मारवाडी, सन्थाल, डोम, दुसाध, बाँतर, मुसहर, हजाम, राजवंशी, हलुवाईलगायतका जातिका जातिगत भेषभूषा<br>-मिथिला चित्रकला, मोखा ( माटाको भित्तेचित्रकला), टाटुकला, मूर्तिकला आदि कलाको निर्माणका लागि | -यस क्षेत्रका मानिसले अपनाएका जीवनशैली र रहनसहनका बारेमा छलफल गराउने ।<br>-परियोजना कार्यः आफ्नो समूदायका मानिसको जीवनशैली र रहनसहनको अवलोकन गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>-स्थानीयस्तरमा बसोबास गर्ने जातजाति, तिनका भेषभूषा र रीतिरिवजका बारेमा छलफल गरी कक्षामा प्रस्तुत गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने ।<br>-स्थानीयस्तरमा चलनचल्तीमा रहेका कलाहरू केके छन् भनी कक्षामा छलफल गर्न लगाई शिक्षकले आवश्यक सहजीरकण गर्ने ।<br>-त्यस्ता कलाका नमूनाहरू शिक्षकले प्रस्तुत गर्ने ।<br>-त्यस्ता कलाका लागि आवश्यक सामग्री र निमार्ण विधिबारे तयार पारिएका भिडियो तथा वृत्तचित्र प्रस्तुत गर्ने,<br>-सम्भव भएसम्म त्यस्ता कलामा निपुण विज्ञलाई विद्यालयमा उपस्थित गराई विद्यार्थीलाई सिक्न प्रोत्साहन गर्ने,<br>-शिक्षक सहजकर्ता र प्रेरकका रुपमा प्रस्तुत भई आवश्यक सहजीकरण गर्ने। | -टाटुकला, मूर्तिकला आदि निर्माणका लागि आवश्यक सामग्रीबारे बताउन लगाउने ।<br>-त्यस्ता सामग्री निर्माण गर्न प्रयोगात्मक र परियोजना कार्य दिने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आवश्यक सामग्री, निर्माण विधि, | | | |
| नैतिक शिक्षा, आचरण, अनुशासन र मानवता | -नागरिकको कर्तव्य र अधिकार पहिचान गरी व्यवहारमा उतार्न ।<br>-सार्वजनिक सम्पत्तिको महत्त्व बताउन त्यसको संरक्षण, संवर्धन र सदुपयोग गर्न ।<br>-विद्यालयको आचार संहिताको पालना गर्न ।<br>-असल चारित्रिक गुणहरूको विकास गर्न ।<br>-चरित्र निर्माणमा प्रभाव पार्ने तत्त्वहरू बताउन ।<br>-चरित्र निर्माणका आधारशीला बताउन र व्यवहारमा देखाउन ।<br>-असल आचरण अपनाउन<br>-अनुशासित हुन र सकारात्मक सोचाइको विकास गराउन ।<br>-आफ्ना दैनिक कार्यलाई उचित व्यवस्थापन गर्न । | -नागरिक अधिकार र कर्तव्य<br>-सार्वजनिक सम्पत्तिको महत्त्व संरक्षण र सदुपयोग<br>-चारित्रिक गुणहरूमा प्रभाव पर्ने तत्त्वहरूः घर, परिवार, समाज, वातावरण, संस्कृति र परम्परा ।<br>-अनुशासन, स्वव्यवस्थापन, स्वस्थ चिन्तन ।<br>-मानव र अन्य प्राणीमा समानता, भिन्नता र अन्तर निर्भरता ।<br>-मानवका विशेषताहरू (ज्ञान, बुद्धि, विवेक र चेतना)<br>-मानवीय मूल्यहरूः सत्य, धर्म, शान्ति, प्रेम र अहिंसा। | -नागरिकको कर्तव्य र अधिकारको बारेमा छलफल गराई सूची बनाउने ।<br>-सार्वजनिक सम्पत्तिको महत्त्व सम्बन्धमा छलफल गराई सूची बनाउन लगाउने<br>-विद्यालयको आचार सहिंताको बारेमा छलफल गराई सूची बनाउन लगाउने<br>-असल चारित्रिक गुणहरूको बारेमा छलफल गराई असल चारित्रिक गुणहरूको सूची बनाउन लगाउने ।<br>-चरित्र निर्माणमा प्रभाव पार्ने तत्त्वहरूको बारेमा छलफल गराई चरित्र निर्माणमा प्रभाव पार्ने तत्त्वहरूको सूची बनाउन लगाउने ।<br>-अनुशासनको फाइदाहरूको बारेमा छलफल गराई अनुशासनका फाइदाहरूको सूची बनाउन लगाउने ।<br>-विद्यार्थीहरूको दिनचर्याको बारेमा छलफल गराई दिनचर्या बनाउन लगाउने<br>-मानवमा हुनुपर्ने आधारभूत गुणहरूको छलफल गराई सूची बनाउन लगाउने<br>-मानवीय विशेषताहरू र मानवीय मूल्यहरूको बारेमा छलफल गराई सूची बनाउन लगाउने । | -नागरिकको कर्तव्य र अधिकारको बारेमा सूची बनाउन लगाएर ।<br>-सार्वजनिक सम्पत्तिको महत्त्व लेख्न लगाएर ।<br>-विद्यालयको आचार सहिंताको सूची बनाउन लगाएर ।<br>-असल चारित्रिक गुणहरूको सूची बनाउन लगाउने ।<br>-चरित्र निर्माणमा प्रभाव पार्ने तत्त्वहरू लेख्न लगाउने ।<br>-अनुशासनको फाइदाहरूको सूची बनाउन लगाउने ।<br>-विद्यार्थीहरूको व्यक्तिगत दिनचर्याको तालिका बनाउन लगाउने ।<br>-मानवीय आधारभूत गुणहरूको सूची बनाउन लगाउने ।<br>-मानवीय विशेषता र मूल्यहरू लेख्न लगाउने। | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | -सही कुराको पहिचान, कार्यान्वयन तथा पालना गर्न ।<br>-मानवमा हुनुपर्ने आधारभूत गुणहरू पहिचान गर्न ।<br>-आफूमा मानवीय विशेषताहरू भए वा नभएको जाँच्न ।<br>-मानवीय विशिष्टता अनुरुप व्यवहार गर्न । | | | | |
| स्वास्थ्य, योग र खेलकुद | -विभिन्न चाडपर्वमा बनाइने खानेकुराका परिकारहरू बारे बताउन ।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूबाट प्राप्त हुने सेवाका बारेमा भन्न ।<br>-योगको अवधारणा र महत्त्व बताउन ।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरूको महत्त्व बताउन ।<br>- | -विभिन्न चाडपर्वमा बनाइने खानेकुराका परिकारहरू ठेकुवा, वगिया, सेलरोटी, जौको सातु, खिचडी, पुवा , तिलको लड्डू, खजुरी,पुरी।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूःअस्पताल,स्वास्थ्य चौकी,वडास्वास्थ्यकार्यालय महिला स्वयम् सेविका ।<br>-योगको अर्थ, महत्त्व परिचय र उपयोगिता ।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरूः आँक, तुलसी, | -विभिन्न चाडपर्वमा बनाइने खानेकुराका परिकारहरू बारे छलफल गराउने ।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाको लघु शैक्षिक भ्रमण गराउने र त्यहाँबाट प्राप्त हुने सेवाबारे टिपोट गर्न लगाई कक्षामा समूहगत प्रस्तुति गर्न लगाउने ।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूबाट प्राप्त हुने सेवा बारे छलफल गराउने ।<br>-योगको अवधारणा र महत्त्व बारे छलफल गर्ने ।<br>-योगका आसनहरूको चित्र र भिडियो देखाउने ।<br>-योगका सामान्य आसनहरूको अभ्यास गराउने ।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरूको महत्त्व बारे छलफल गराउने ।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरू संकलन गर्न लगाउने । | -विभिन्न चाडपर्वमा बनाइने खानेकुराका परिकारहरू बारे बताउन र सूची बनाउन लगाउने ।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूबाट प्राप्त हुने सेवाका बारेमा भन्न र लेख्न लगाउने ।<br>-योगको अर्थ, महत्त्व परिचय र उपयोगिता बताउन र लेख्न लगाउने ।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरूको महत्त्व बताउन र लेख्न लगाउने । | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | निम, पिप्ला, गुर्जो, बेसार, ज्वानो, अम्वाको पात, धतुरो, आईटिङ झार, भूमिराज, हलेदो, घ्यु कुमारी, पहेलो लहरो, करीपत्ता। | | | |
| स्थानीय समस्या र समाधानका उपायहरू | -स्थानीय क्षेत्रका सामाजिक समस्याहरूलाई पहिचान गर्न ।<br>-सामाजिक समस्याको कारण पत्ता लगाई कुप्रथा र हिंसाका बेफाइदा बताउन ।<br>-समाजमा भएका कुप्रथा र हिंसालाई निराकरण गर्ने उपाय बताउन । | -गरीवी, अशिक्षा, चेतनाको कमी<br>-हेपाहा प्रवृति, लैङ्गिक विभेद<br>-सामाजिक विभेद,आर्थिक अभाव<br>-अन्धविश्वास,माया ममताको कमी<br>-अशिक्षा,डर, त्रास<br>-आर्थिक सङ्कट, हीनताबोध, बेमेल, अङ्गभङ्ग, दण्ड सजाय<br>-शिक्षा र चेतनाको प्रचार<br>-सामाजिक एकता, मानवीय व्यवहार<br>-चेतनामूलक कार्यक्रम, सामाजिक दण्ड<br>-समाजबाट बहिष्कृत आदि। | -गाँउघरमा भएका समस्या विद्यार्थीलाई भन्न लगाउने ।<br>-कुप्रथा र हिंसाले हामीलाई के के हानी गर्छ भनी विद्यार्थीलाई छलफल गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>-सामाजिक समस्या कसरी निम्तिन्छन् भनी भन्न लगाउने र शिक्षकले आवश्यक सहजीकरण गरिदिने ।<br>-विद्यार्थीमा आत्मविश्वास जगाउन हौसला प्रदान गर्न, मेलमिलापको भावना राखी हिनताबोधबाट अलग रहन प्रोत्साहन दिने।<br>-शिक्षा र चेतनाको पर्याप्तताले मात्र समस्या समाधान हुन सक्छ भनी बताइदिने ।<br>-समाजमा भएका कुप्रथा र हिंसालाई कसरी निराकरण गर्न सकिन्छ भनी छलफल गर्ने र शिक्षकले आवश्यक सहजीकरण गर्ने । | -समाजमा भएका समस्याहरू लेख्न लगाउने।<br>-कुन कुन कारणले समस्या सिर्जना हुन्छ भन्न लगाउने ।<br>-समस्या समाधानका उपायहरू लेख्न लगाउने । | १४ |

कक्षा ७

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | काघ |
|---|---|---|---|---|---|
| रंगेली नपाको चिनारी | -रंगेली नगरपालिकाको प्राचीन इतिहास सम्बन्धी जानकारी गराउन ।<br>-स्थानीय तह अन्तर्गत संघ संस्थाबाट प्रदान गरिने सेवाहरू र तीनको महत्त्व बताउन ।<br>-ऐतिहासिक हाटः दोहमना बजारको परिचय र महत्त्व बताउन । | -रंगेली नगरपालिकाको प्राचीन इतिहास<br>-पुरानो सदरमुकाम<br>-काली मन्दिर<br>-संसारीमाई मन्दिर<br>-स्थानीय तह अन्तरगत संघ संस्थाहरुःहुलाक कार्यालय, जिल्ला अस्पताल, मालपोत कार्यालय, इलाका प्रहरी कार्यालय, इलाका प्रशासन कार्यालय, दिना बाबु धर्मशाला<br>-सेवा र महत्वः चिठी पत्र आदान प्रदान, उपचार, जग्गा सम्बन्धी कारोबार, जीउधनको सुरक्षा र शान्ति सुरक्षा कायम, नागरिकता, राहदानी, मतदाता परिचय पत्र, पर्यटकीय विश्रामस्थल<br>-दोहमना बजारको पचिय र महत्वः पशु चौपायाहरूको | -रंगेली नगरपालिकालाई मोरंग जिल्लाको पुरानो सदरमुकामको रुपमा परिचय दिई यहाँ रहेका काली मन्दिर, संसारीमाई मन्दिर अन्य प्राचीन ठाउँ एवम् वस्तुहरूको बारे छलफल गर्ने र गराउने ।<br>-विभिन्न संघ संस्थाहरू जस्तैः हुलाक कार्यालय, जिल्ला अस्पताल, मालपोत कार्यालय, इलाका प्रशासन कार्यालयबाट प्रदान गरिने सेवाहरूबारे जानकारी गराउँदै यसको महत्त्व बारे प्रकाश पार्न लगाउने ।<br>-काली मन्दिर र संसारीमाई मन्दिर भ्रमण र अवलोकन गर्न लगाउने ।<br>-संसारी मन्दिर बारे एक सानो परियोजना कार्य गर्न लगाउने ।<br>-दोहमना बजार भ्रमण र अवलोकन गराउँदै यसको परिचय र महत्त्व बारे स्पष्ट पार्ने, पार्न लगाउने । | -रंगेली नगरपालिकाको प्राचीन इतिहास बारे बताउन लगाउने ।<br>-स्थानीय संघ संस्थाहरूको नाम भन्न लगाउने।<br>-संघ संस्थाबाट प्रदान गरिने सेवाहरू लेख्न लगाउने ।<br>-सघं संस्थाहरूको महत्त्व बुँदागत रुपमा टिपोट गर्न लगाउने । | १७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | खरीद विक्रि, तरकारी बजार, लत्ताकपडाको व्यापार । | | | |
| स्थानीय स्रोत साधन | -स्थानीय पर्यटनको विकास र सम्भावनाबारे उल्लेख गर्न ।<br>-स्थानीय कृषि र उद्योग बीच अन्तरसम्बन्ध उल्लेख गर्न ।<br>-स्थानीय कृषि प्रणालीको विशेषताहरू वर्णन गर्न र आधुनिक कृषि बिकासको सम्भावना उल्लेख गर्न ।<br>-स्थानीय व्यावसायिक मानिसहरूसँग अनुभव र लगानीबारे छलफल गरी उल्लेख गर्न । | -पर्यटन विकास अवधारणाः<br>-भौतिक विकास<br>-जनशक्ति विकास<br>-पर्यटन विकासका संभावना<br>-धार्मिक पर्यटन<br>-साँस्कृतिक पर्यटन<br>-भौगोलिक पर्यटन<br>-कृषि र उद्योग<br>-कृषि र उद्योग बिचको अन्तरसम्बन्ध<br>-पशुपालन र डेरी उद्योग<br>-धान खेती र सेलर मील<br>-गहुँ खेती र पाउरोटी/बिस्कुट उद्योग<br>-सनपाट र जुट मील<br>-उखु र चिनी उद्योग<br>-कृषि प्रणाली<br>-स्थानीय कृषि प्रणालीका विशेषताहरू<br>-मानवीय श्रममा आधारित<br>-वर्सातमा आधारित<br>-परम्परागत तरिका | -विद्यार्थीहरूलाई पर्यटन विकासबाट हुने लाभको सूची तयार गर्न लगाउने ।<br>-विद्यार्थीहरूलाई समुहगत रुपमा स्थानीय पर्यटनको विकासबारे छलफल गर्न लगाई पर्यटन विकासका पक्षहरू प्रस्तुत गर्न लगाउने ।<br>-नगरभित्रका पर्यटकीय स्थलहरूको सूची बनाउन लगाई धार्मिक, साँस्कृतिक र भौगोलिक पर्यटन छुट्याउन लगाउने ।<br>-उपर्युक्त पर्यटकीय स्थलहरूको विकासबारे छलफल गर्न लगाई विकासका संभावनाहरूको आधार प्रस्तुत गर्न लगाउने ।<br>-विद्यार्थीहरूलाई स्थानीय कृषि उत्पादनका सूची बनाउन लगाउने र ती उत्पादनहरू प्रयोग हुने उद्योगहरूको पनि सूची बनाउन लगाउने ।<br>-कृषि उत्पादन र उद्योग बीच कस्तो सम्बन्ध रहन्छ भनी समुहगत छलफल गर्न लगाई निचोड प्रस्तुत गर्न लगाउने ।<br>-उद्योगबाट कृषकहरूले पाउन सक्ने फाइदाहरूको बारे चर्चा गर्न लगाउने र त्यस्ता फाइदाहरूको बुँदागत सूची बनाउन लगाउने ।<br>-विद्यार्थीहरूलाई वरपर छरछिमेकमा किसानहरूको खेती गर्ने तरिकाहरू कस्ता कस्ता छन भनी आपसमा छलफल गर्न लगाउने ।<br>-विभिन्न चार्ट, फाटो, चित्र प्रर्दशन गरी स्थानीयहरूले अपनाएको कृषि प्रणाली बारे चर्चा गराउने ।<br>-विद्यार्थीहरूलाई उनीहरूले देखेका सुनेका आधुनिक कृषि प्रणालीका विधीहरूको अनुभव आदन प्रदान गर्न लगाई आधुनिक कृषिको अवधारणाबारे अवगत गराउने ।<br>-नगर भित्र प्रयोग भएका आधुनिक कृषि प्रविधिका साधनहरूको सूची तयार गर्न लगाउने । | -तल दिइएका प्रश्नहरूको आधारमा मूल्याङ्कन गर्नुहोस ।<br>-पर्यटन विकासका पक्षहरू के के हुन ?<br>-पर्यटन विकासका लागि आवश्यक पर्ने जनशक्तिको सूची बनाउनुहोस ।<br>-हाम्रो नगर भित्र रहेका पर्यटन विकासका संभावित क्षेत्रहरू के के छन् ?<br>-विद्यार्थीहरूलाई नजिकैको पर्यटकीय स्थलको भ्रमण गर्न लगाई त्यसका विकासका संभावनाहरूबारे अवलोकन प्रतिवेदन तयार गर्न लगाई मूल्याङ्कन गर्ने ।<br>-तल दिइएका प्रश्नहरूको आधारमा मूल्याङ्कन गर्नुहोस ।<br>-हाम्रो नगर भित्र कृषिमा आधारित उद्योगहरू के के छन् ?<br>-कृषि र उद्योग बीच कस्तो सम्बन्ध रहेको हुन्छ ?<br>-उद्योगबाट कृषकहरूले के के फाइदा पाउन सक्छन् ?<br>-तल दिइएका प्रश्नहरूको आधारमा मूल्याङ्कन गर्नुहोस | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | -प्राङ्गारिक मल<br>-आधुनिक कृषिको संभावना<br>-आवधारणा<br>-मेसिनको प्रयोग ट्याक्टर, थ्रेसर, बाली काट्ने मेसिन<br>-रासायनिक मल र विषादीको प्रयोग<br>-व्यावसायिक लगानी<br>-स्थानीय व्यावसायिक मानिसहरूको पहिचान<br>-व्यवसायमा लगानी<br>-आर्थिकः बैङ्क, फाइनान्स र सहकारीको भूमिका । | -विद्यार्थीहरूलाई आफ्ना वरपरका व्यावसायिक व्यक्तिहरूको विवरण संकलन गर्न लगाउने र उनीहरूले व्यवसाय गर्न अर्थको जोहो कसरी गरेका होलान् भनी छलफल गर्न लगाउने ।<br>-व्यवसाय गर्न आवश्यक अर्थको लागि बैङ्क, फाइनन्स र सहकारीबाट प्राप्त हुने ऋण, कर्जा, अनुदान र लगानीबारे विद्यार्थीहरूलाई प्रष्ट पारी उपर्युक्त संस्थाहरूको भूमिका बुँदागत टिपोट गर्न लगाउने । | -हाम्रा नगरभित्रका स्थानीय कृषि प्रणालीका विशेषताहरू के के हुन ?<br>-हाम्रो नगरका कृषकहरूले के कस्ता आधुनिक कृषि औजार प्रयोग गरिरहेका छन् ?<br>-रासायनिक मल र विषादीको प्रयोगबाट हुने फाइदा र बेफाइदाको सूची बनाउनुहोस ।<br>-विद्यार्थीहरूलाई उनीहरूको छरछिमेकमा भएका किसानहरूको विवरण टिप्न लगाई उनीहरूले प्रयोग गर्न कृषि औजारहरूलाई आधुनिक र परम्परागत औजारमा वर्गीकरण गर्न लगाई मूल्याङ्कन गर्ने ।<br>-तल दिइएका प्रश्नहरूको आधारमा मूल्याङ्कन गर्नुहोस् ।<br>-व्यवसाय सञ्चालनको लागि व्यावसायिक मान्छेहरूले कसरी पूजीको व्यावस्था गर्छन ?<br>-व्यावसायिक व्यक्तिले कुन कुन संस्थाबाट ऋण, कर्जा लिन सक्छ ?<br>-विद्यार्थीलाई नजिकैको कुनै व्यावसायिक व्यक्तिसँग भेट गराई उनले व्यवसाय सञ्चालनको लागि गरेको लगानीबारे अन्तरवार्ता लिन लगाएर मूल्याङ्कन गर्ने । | |
| दुर्घटना र विपद् व्यवस्थापन | -विपद् व्यवस्थापनमा रंगेली नगरपालिका,व्यक्ति, संघ सस्थाको (रेडक्रस, | -विपद् व्यवस्थापनमा रंगेली नगरपालिका, व्यक्ति, संघ | -विपद् व्यवस्थापनका पक्षहरूको जानकारी गराउने ।<br>-श्रव्यदृश्य सामग्रीको माध्यमबाट विपद् व्यवस्थापन गर्दा ध्यान दिनुपर्ने पक्षहरूको बारेमा जानकारी गराउने । | -विपद् व्यवस्थापनमा रंगेली नगरपालिका, व्यक्ति, सङ्घसंस्था, रेडक्रस, बालक्लव, स्काउट) को भूमिका भन्न र लेख्न लगाउने। | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | बालक्लव, स्काउट,) भूमिका पहिचान गर्न ।<br>-विपद्मा मनोपरामर्श गर्ने तरिका अभिनय गर्न । | सस्था (रेडक्रस, बालक्लव, स्काउट) को भूमिका ।<br>-विपद्मा मनोपरामर्शको तरिका । | -विपद् व्यवस्थापनमा व्यक्ति सघं सस्था (रेडक्रस, बालक्लव, स्काउट) को भूमिका सम्बन्धमा छलफल गराउने र यससँग सम्बन्धित ती संस्थाले योगदान गरेका सामग्री प्रदर्शन गर्ने ।<br>-विपद्को समयमा आवश्यक पर्ने मनोसामाजिक परामर्शका बारेमा छलफल गराउने ।<br>-मनोपरार्श गर्ने तरिकालाई अभिनय गराउने । | -विपद्को समयमा आवश्यक पर्ने मनोसामाजिक परामर्शको महत्त्व बताउन लगाउने ।<br>-मनोपरामर्श क्रियाकलापको अवलोकन गर्ने र पृष्ठपोषण दिने । | |
| हाम्रो संस्कार र संस्कृति | -यस क्षेत्रमा प्रचलनमा रहेका स्थानीय जातिगत लोककथा, लोकनाच, लोक बाजा तथा स्थानीय कलाको महत्त्व, उपयोगिता बताउँदै तिनको संरक्षण र संवर्धन गर्न ।<br>-यस क्षेत्रमा बसोबास गर्ने विविध जातजाति एवम् भाषा तथा भेषभूषाको सामाजिक तथा सांस्कृतिक महत्त्व र आवश्यकताबारे बताउँदै समभाव विकास गर्न ।<br>-स्थानीय स्तरमा प्रचलित विभिन्न चाडपर्व, जात्रा, उत्सव तथा मेलाका सामाजिक सांस्कृतिक | -छठपर्व, सूर्य उपासना तथा षष्टिमाईसम्बन्धी पौराणिक लोककथा, मुसलमान जातिमा प्रचलित सैयदा बिबीको कहानी, होली पर्वसँग जोडिएको एक ढौण्डा राक्षसी र होलिका एवम् प्रह्लादसम्बन्धी कथा, थारु जातिमा प्रचलित सोनकेस्री रानी, हिटवक बटकोही र सटलसिंह रज्वा कथाको महत्त्व, उपयोगिता, संरक्षणका उपाय र संवर्धनका उपायहरू<br>-मृदंग, झाल, ओढनी, दोदरा, घडीघण्टा, झाँगडढोल, डिगरी, ढुलुक, सहाना, गोल्की, मैनामुरली, | -स्थानीयस्तरमा प्रचलनमा रहेका लोक कथा, लोकनाच, लोक बाजा हामीलाई किन चाहिन्छ भनी कक्षामा छलफल गर्न लगाउने ।<br>-ती सामाजिक सम्पत्तिको जीवनमा कसरी उपयोग गर्न सकिन्छ भनी छलफल गरी उपायहरू खोजी गर्न लगाउने र शिक्षकले आवश्यक सहजीकरण गर्ने ।<br>-त्यस्ता सामाजिक सम्पत्तिको मानव जीवनमा केके महत्त्व रहन्छ भनी खोजी गर्न लगाई आवश्यक सहजीकरण गर्ने ।<br>-त्यस्ता सामाजिक सम्पत्तिको जगेर्ना गर्नका लागि स्थानीय सरकार, सरोकारवाला, व्यक्तिगत स्तरबाट गर्न सकिने उपायबारे छलफल गर्न लगाई प्रस्तुत गर्न लगाउने ।<br>-निष्कर्षमा शिक्षकले बताइदिने ।<br>-जातजाति र भाषाको महत्त्व के छ भनी कक्षामा छलफल गर्ने, गराउने ।<br>-आफ्नो जाति, भाषा र भेषभूषाको किन हामीलाई आवश्यक परेको होला भनी छलफल र प्रस्तुति गर्न लगाई शिक्षकले आवश्यक सहजीकरण गर्ने ।<br>-स्थानीय स्तरमा मनाइने चाडपर्वका बारेमा छलफल गरी तिनका केके महत्त्व रहेका छन् बताउन लगाउने र शिक्षकले आवश्यक सहजीकरण गर्ने ।<br>-त्यस्ता चाडपर्व, मेला, उत्सव, जात्रा आदिको जगेर्ना गर्न कुन कुन निकाय जिम्मेवार छन् भनी छलफल गर्ने । | -यस क्षेत्रमा प्रचलित लोककथा, लोकबाजा, लोकनाचको के महत्त्व छ ?<br>-हाम्रा जीवनमा तीनको के उपयोगिता छ ?<br>-तीनको संरक्षण कसरी गर्न सकिन्छ उपायहरू बताउनुहोस् ।<br>-त्यस्ता सामाजिक सम्पत्तिको जगेर्ना गर्ने जिम्मेवार निकाय कुनकुन हुन् ? कसरी ?<br>-मानिसले आफ्नो जातीय पोसाक किन लगाएका होलान् ?<br>-हामीले बोल्ने भाषा, मनाउने संस्कृति हामीलाई किन चाहिन्छ ?<br>-तपाईंलाई आफ्नो जात, तपाईंले बोल्ने भाषा, लगाउने पोसाक र तपाईंले मान्ने रीतिरिवाजका बारेमा कसैले नराम्रो भने भने कस्तो लाग्छ ?<br>-हामीले किन सबै जाति, भाषा, धर्म र सबैका संस्कृतिलाई किन सम्मान गर्नुपर्छ ? | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | एवम् ऐतिहासिक महत्त्व बुझी तिनको जगेर्ना गर्न । | सखिया मादल, टामाड, कुर्ताल, सतारसिटि बाजाको संरक्षण र संवर्धनका उपायहरू<br>-मैथिली, राजवंशी, सन्थाल, उरावँ, भोजपुरी, हिन्दी, उर्दू, मगही, अंगिका, थारु, खवासलगायतका भाषा र तिनका जातिगत भेषभूषा, तिनको महत्त्व, आवश्यकता, त्यस्ता भाषा, जाति र भेषभूषाप्रतिको सम्मान र आदरभाव<br>-सिरुवा, सोहराइ, कर्माधर्मा, वसन्त पञ्चमी, गोठाले पर्व, छठ, जितीया, फगुवा, माघीलगायतका पर्वहरू, ग्रामथान मेला, दशाए नाच, फगुवालगायतका मेला तथा उत्सवहरू र तिनको ऐतिहासिक महत्त्व तथा जगेर्नाका उपायहरू | -त्यस्ता सामाजिक सम्पत्तिको जगेर्ना कसरी गर्ने भनी छलफलका माध्यमबाट प्रस्तुत गर्न लगाई आवश्यक सहजीकरण गर्ने । | -चाडपर्व, जात्रा, मेला तथा उत्सवहरू हामीलाई किन चाहिन्छ ?<br>-तपाईंका क्षेत्रमा मनाइने चाडपर्व, मेला, उत्सव तथा जात्रा कहिलेदेखि किन मनाउन थालिएको होला अग्रज वा जान्ने व्यक्तिलाई सोधर कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>-त्यस्ता सामाजिक सम्पत्तिको जगेर्ना कसरी गर्न सकिन्छ?<br>-तिनको संरक्षण गर्न को जिम्मेवार छ ?<br>-तपाईका तर्फबाट तिनको संरक्षण गर्न केके गर्नुहुन्छ ? | |
| नैतिक शिक्षा, | -धर्म र धर्मग्रन्थहरू बारे बताउन । | -धर्म र धर्मग्रन्थहरू | -धर्म र धर्मग्रन्थको बारेमा छलफल गराई धर्म र धर्मग्रन्थ को सूची बनाउन लगाउने । | -मुख्य धर्म र धर्मग्रन्थको सूची बनाउन लगाउने । | १९ |

| | | | | | |
|---|---|---|---|---|---|
| आचरण, अनुशासन र मानवता | -असल नागरिकका गुणहरू व्यवहारमा उतार्न ।<br>-सामाजिक आचरण र नियमहरूको पालना गर्न ।<br>-समाजमा एकता, सद्भाव र मेलमिलापको वातावरण निर्माण गर्न ।<br>-चरित्र विकासका विभिन्न नमुनाहरू प्रस्तुत गर्न र व्यवहारमा उतार्न ।<br>-असल उद्देश्य राखी काममा सक्रिय रहन ।<br>-अनुकरणीय चरित्रको विकासका लागि प्रेरित हुन<br>-अनुशासनका पक्षहरू बुझी व्यवहारमा उतार्न ।<br>-अनुशासनका फाइदा बताई व्यवहारमा उतार्न ।<br>-व्यक्तिगत, सामाजिक र साँस्कृतिक विविधताको सम्मान गर्न ।<br>-सामाजिक मानवीय मूल्यहरू पहिचान गरी व्यवहारमा उतार्न । | -नागरिकको अधिकार जिम्मेवारी पूर्वक प्रयोग<br>-नैतिक दायित्व, सामाजिक आचरण र नियमको पालना<br>-चरित्र विकासका नमुनाहरू<br>-सल आचरण्का आधारहरू<br>-(धर्मशास्त्र, नीतिशास्त्र)<br>-अनुशासनका पक्षहरू<br>-अनुशासनका फाइदाहरू<br>-व्यक्तिगत सामाजिक र साँस्कृतिक विविधताहरू<br>-मानवीय मूल्यहरू (सामाजिक, पेशागत, राष्ट्रिय, अन्तर्राष्ट्रिय) | -असल नागरिकका गुणहरू बारेमा छलफल गराई असल नागरिकका गुणहरूको सूची बनाउने ।<br>-सामाजिक आचरण र नियमहरूको बारेमा छलफल गराई सामाजिक आचरण र नियमहरूको सूची बनाउन लगाउने ।<br>-असल आचरण भएका व्यक्तिहरूको जीवनी सुनाउने ।<br>-नैतिक कथा, कविता, गीत, र सुक्ति सुनाउने ।<br>-अनुशासनका पक्षहरूका बारेमा छलफल गराई अनुशासनका पक्षहरूको सूची बनाउन लगाउने ।<br>-अनुशासनका फाइदाहरूका बारेमा छलफल गराई अनुशासनका फाइदाहरूको सूची बनाउन लगाउने ।<br>-विद्यार्थीहरू बीच छलफल गराई व्यक्तिगत, सामाजिक र साँस्कृतिक विविधताको तालिका बनाउन लगाउने ।<br>-विद्यार्थीहरू बीच छलफल गराई सामाजिक, पेशागत राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवीय मूल्यहरूको सूची बनाउन लगाउने । | -असल नागरिकको गुणहरू लेख्न लगाएर ।<br>-सामाजिक आचरण र नियमहरूको तालिका बनाउन लगाएर ।<br>-असल व्यक्तिहरूको जीवनी लेख्न लगाउने ।<br>-नैतिक कथा कविता र गीत लेख्न लगाउने ।<br>-अनुशासनका पक्षहरूको सूची बनाउन लगाउने ।<br>-अनुशासनका फाइदाहरू लेख्न लगाउने ।<br>-व्यक्तिगत सामाजिक र साँस्कृतिक विविधताको तालिका बनाउन लगउने ।<br>-सामाजिक, पेशागत, राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवीय मूल्यहरूको सूची बनाउन लगाउने। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | -पेशागत मानवीय मूल्यहरू पहिचान गरी व्यवहारमा उतार्न ।<br>-राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवीय मूल्यहरू पहिचान गरी व्यवहारमा प्रदर्शन गर्न | | | | |
| स्वास्थ्य, योग र खेलकुद | -अम्लीय क्षारीय गुण भएको खाना पहिचान गर्न र जङ्क फुडका असरहरू भन्न ।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूबाट प्राप्त हुने सेवाको महत्त्व र आवश्यकता बताउन ।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरूको प्रयोग गर्न<br>-योगको महत्त्व र आवश्यकता बताउन तथा योगाभ्यास गर्न । | -अम्लीय गुण भएको खानाः माछा, मासु, दही, सुन्तला, कागती, तारेको, भुटेको ।<br>-क्षारीय गुण भएका खानाः ताजा सागपात, फलफूल, रेसा र बोक्रा युक्त खाना<br>-जङ्क फुडः चाउचाउ, कुरमुरे, पाउरोटी ।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूः अस्पताल, स्वास्थ्य चौकी, वडा स्वास्थ्य कार्यालय ।<br>-महिला स्वयम् सेविकाबाट प्रदान गरिने सेवाहरू।<br>-योगको महत्त्व र आवश्यकता तथा योगासनहरूः नमस्कार आसन, बज्रासन, अर्ध | -अम्लीय, क्षारीय गुण भएको खाना र जङ्क फुडका असरहरूबारे छलफल गर्ने<br>-अम्लीय, क्षारीय गुण भएको खाना र जङ्क फुडका चार्ट देखाएर पहिचान गर्न लगाउने ।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूबाट प्राप्त हुने सेवाको महत्त्व र आवश्यकता बारे छलफल गर्न लगाउने।<br>-योगको महत्त्व र आवश्यकता बारे छलफल गर्ने र शिक्षकले प्रष्ट पारिदिने ।<br>-चित्र वा भिडियो देखाई योगाभ्यास गर्न लगाउने ।<br>-औषधिय गुण भएका जडिवुटिहरको प्रयोग बारे छलफल गर्ने ।<br>- | -अम्लीय क्षारीय गुण भएको खाना पहिचान गर्न र जङ्क फुडका असरहरू भन्न र लेख्न लगाउने ।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूबाट प्राप्त हुने सेवाको महत्त्व र आवश्यकता बताउन र लेख्न लगाउने ।<br>-योगको महत्त्व र आवश्यकता बताउन र लेख्न तथा योगाभ्यास गर्न लगाउने ।<br>-कुन जडीबुटी के को लागि प्रयोग गरिन्छ सोध्ने र लेख्न लगाउने । | १९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | चन्द्रासन, नटराज आसन, गोमुख आसन, सुखासन, सर्वांगासन, ताडासन ।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरूः आँक, तुलसी, निम, पिप्ला, गुर्जो, बेसार, ज्वानो,अम्वाको पात, धतुरो, आईटिङ झार, भूमिराज, हलेदो, घ्यू कुमारी, पहैंलो लहरो, करीपत्ता । | | | |
| स्थानीय समस्या र समाधानका उपायहरू | -स्थानीय तहका सामाजिक समस्या बुझ्न र चिन्न ।<br>-हिंसा,कुप्रथा र दुर्व्यसन जस्ता समस्या उत्पन्न हुनका कारण पत्ता लगाउन ।<br>-कुप्रथा र दुर्व्यसनबाट सिर्जित समस्या समाधानका उपाय बताउन। | -गरीवी, बेरोजगारी, लागूपदार्थको प्रयोग।<br>-परम्पराको निरन्तरता, चेतनाको कमी, सुरक्षाको अभाव, पारिवारिक र सामाजिक अचेतना, छोरा र छोरीप्रति गरिने व्यवहार, बढ्दो यान्त्रिकीकरण र देखासिकी, खुल्ला बजार, खुल्ला सिमाना, चेतना जागृत(जागरण), शिक्षाको अभाव, खर्चमा मितव्ययीता<br>-अनावश्यक प्रथाको अन्त्य (दाइजो, बालविवाह) | -गरीवी र वेरोजगारले निम्त्याउने समस्याको कारण लेख्न लगाउने ।<br>-लागूपदार्थ खराब वस्तु किन हुन् ? कारण लेख्न लगाउने ।<br>-सचेतनाको कमीका कारण उल्लेखित समस्या सिर्जना भएको कुरा बताइदिने ।<br>-यस्ता वस्तुको उपयोग गर्न किन हुँदैन भनी छलफल गराउने ।<br>-मोवाइल, टिभीमा देखिएका सबै कुरा राम्रा हँदैनन् भनी बताइदिने ।<br>-उल्लेखित वस्तु नराम्रा हुन् भनी चेतना जगाउन के के गर्नुपर्छ ? बताउन लगाउने ।<br>-समाजमा उल्लेखित समस्या वाहेकका अन्य समस्या भए भन्न लगाउने ।<br>-त्यस्ता सामाजिक समस्याको निराकरण गर्ने जिम्मेवार निकायका बारेमा छलफल गराउने ।<br>-ती सामाजिक समस्या कसरी अन्त्य गर्न सकिन्छ भनी आवश्यक छलफल गराउने ।<br>-शिक्षकले सहजिकरण गर्ने/गरिदिने । | -यस क्षेत्रमा के कस्ता सामाजिक समस्याहरू छन् भनी लेख्न लगाउने ।<br>-सामाजिक समस्या उत्पन्न हुनाका कारण भन्न लगाउने ।<br>-ती सामाजिक समस्या निराकरणका उपायहरू बताउन लगाउने ।<br>-सामाजिक नियम र राज्यको कानुनका बारेमा परियोजना कार्य गर्न लगाउने ।<br>-समाजमा राज्यले निषेध गरेका कार्य गरे के के सजाय हुन सक्छ भनी बताउन लगाउने ।<br>-सामाजिक समस्या अन्त्य गर्न ककसले केके गर्नुपर्छ भनी सोध्ने । | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | -दर्बिलो कानुनी व्यवस्था र कार्यान्वयन, सामाजिक दण्ड र बहिष्कार । | | -आफ्ना छरछिमेकमा भएका सामाजिक समस्या निराकरण गर्न तिमी के के गर्न सक्छौ भनी सोध्ने । | |

कक्षा ८

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|
| रंगेली नपाको चिनारी | -रंगेली नगरपालिकाको पौराणिक, भौगोलिक, ऐतिहासिक अवस्था उल्लेख गर्न ।<br>-प्राकृतिक स्रोत तथा सम्पदाको संरक्षण एवम् सम्वर्धन सम्बन्धी महत्त्व प्रष्ट पार्न ।<br>-व्यक्तिगत घटना दर्ताको प्रकृया र यसको दैनिक जीवनमा हुने प्रयोग बताउन । | -रंगेली नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि (घोषणा मिति सहित विविध घटनाक्रम)<br>-रंगेली नगरपालिकाको नामाकरण हुनुको कारणको पहिचान ।<br>-भैगोलिक स्वरुप जिल्ला सदरमुकाम र प्रदेश राजधानी देखिको दूरी आदि<br>-रंगेलीको क्षेत्रफल, अक्षांश, देशान्तर र सिमाना ।<br>-नगरको, वडागत र लैंगिक जनसङ्ख्या । | -रंगेली नगरपालिकाको नक्शा अधययन गर्न लगाउँदै घोषणा मिति सहित घटनाक्रम बारे छलफल गर्ने ।<br>-रंगेली नगरपालिकाको नामाकरण हुनुको कारण बारे छलफल गरी शिक्षकले निष्कर्ष दिने ।<br>-रंगेली नगरपालिकाको नक्सा प्रर्दशन गरी भौगोलिक स्वरुप अन्तर्गत अक्षांश, देशान्तर, सिमाना, जनसङ्ख्या बारे जानकारी दिने र दिन लगाउने ।<br>-प्राकृतिक स्रोत तथा सम्पदाको संरक्षण एवम् सम्वर्धन सम्वन्धी छलफल गराउने ।<br>-स्थानीय नदी नाला तथा वन सम्पदाको महत्त्व बारे छलफल गर्न लगाउने ।<br>-परियोजना कार्यः स्थानीय प्राकृतिक स्रोत तथा सम्पदाको भ्रमण तथा अवलोकन गरी प्रतिवेदन तयार पार्न लगाउने ।<br>-व्यक्तिगत घटना दर्ता बारे छलफल गराई शिक्षकले सहजिकरण गर्ने ।<br>-व्यक्तिगत घटना दर्ताको दैनिक जीवनमा हुने प्रयोग बारे छलफल गर्ने । | -रंगेली नामकरण हुनुको कारण भन्न र लेख्न लगाउने ।<br>-रंगेलीको भौगोलिक अवस्थाबारे भन्न र लेख्न लगाउने ।<br>-रंगेली नगरपालिकाको कूल जनसङ्ख्या भन्न र लेख्न लगाउने ।<br>-चिसाङ खोला र वक्राहा खोलाको संरक्षणको उपाय भन्न लगाउने ।<br>-रंगेली सामुदायिक वनको महत्त्व टिपोट गर्न लगाउने ।<br>-व्यक्तिगत घटना दर्ताको प्रक्रिया भन्न र लेख्न लगाउने ।<br>-व्यक्तिगत घटना दर्ताको दैनिक जीवनमा हुने प्रयोग बारे भन्न र लेख्न लगाउने | १७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | -प्राकृतिक स्रोत तथा सम्पदाको संरक्षण एवम् सम्वर्धन ।<br>-स्रोतः चिसाङ, वक्राहा नदी, रंगेली सामुदायिक वन<br>-नदीनालाको संरक्षण र महत्वः वृक्षारोपण, तटबन्ध निर्माण, नदी सरसफाइ ।<br>-वनसम्पदाको संरक्षण र महत्वः जनचेतना, वृक्षारोपण,हरियो रुखकटान र रोकथाम ।<br>-व्यक्तिगत घटना दर्ता प्रक्रियाः जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, सम्वन्ध विच्छेद<br>-व्यक्तिगत घटना दर्ताको दैनिक जीवनमा प्रयोगः विद्यालय भर्ना, जनगणना, वैवाहिक सम्वन्धको तथ्यांक संकलन, आदि । | | | |
| स्थानीय स्रोत साधन | -पर्यटकीय स्थलहरूको भ्रमण गर्न र तिनीहरूको बिकास, संरक्षण र संवर्धन गर्न । | -स्थानीय पर्यटकीय स्थल विकासको अवधारणा<br>-पर्यटकीय स्थलहरूको भ्रमण | -विद्यार्थीहरुलाई स्थानीय पर्यटकीय स्थलहरूको सूची बनाउन लगाई तिनीहरूको विकासकालागि के कस्ता कामहरू गर्न सकिन्छ भनी छलफल गर्न लगाउने । | -तल दिइएका प्रश्नहरूको आधारमा मूल्याङ्कन गर्नुहोस् ।<br>-पर्यटन विकासका अवधारणा भन्नाले के बुझिन्छ ? | २२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | -कृषि र स्थानीय जनजीवन बीच अन्तरसम्बन्धबारे उल्लेख गर्न ।<br>-पशु तथा पंक्षी पालनको व्यावसायिकताबारे सम्भावना उल्लेख गर्न र विकासको खोजी गर्न<br>-स्थानीय, पेशा, व्यवसाय र सीपको वर्तमान अवस्था र महत्त्व बताउन । | -संरक्षणका उपायहरू<br>-संवर्धनका पक्षहरू<br>-कृषि र जनजीवन<br>-जीवन निर्वाहको आधार<br>-विकास र कृषि<br>-पशुपंक्षी पालन<br>-परिचय<br>-व्यावसायिक संभावना<br>-समस्या र चुनौती<br>-स्थानीय पेशा, व्यवसाय<br>-पेशा, व्यवसाय र सीपको वर्तमान अवस्था र महत्त्व । | -विद्यार्थीहरूलाई नजिकैको कुनै पर्यटकीय स्थलको भ्रमण गर्न लगाई उक्त स्थलमा के कस्ता विकास भएका रहेछन् र के कस्ता विकास गर्न सकिन्छ भनी तालिका बनाउन लगाउने ।<br>-विभिन्न चार्ट, फोटो, तस्बिर र भिडियो प्रदर्शन गरी पर्यटकीय स्थलहरूको संरक्षणका उपायहरूबारे समूहगत छलफल गराउने र निचोड प्रस्तुत गर्न लगाउने ।<br>-संवर्धनका पक्षहरू बारे विद्यार्थीहरूलाई प्रष्ट पारी स्थानीय पर्यटकीय स्थलहरूको संवर्धनको लागि गर्न सकिने कामहरूको सूची बनाउन लगाउने<br>-विद्यार्थीहरूलाई आफ्ना छरछिमेकका मानिसहरूको जीवन निर्वाहका आधार के के छन् भनी चर्चा गर्न लगाई टिपोट गर्न लगाउने ।<br>-बहुसंख्यक मानिसहरूको जीवन निर्वाहको आधार कृषि हो भन्ने कुरा प्रष्ट पारी कृषि र विकास विचको अन्तरसम्बन्ध आधारहरू छलफल गर्न लगाउने<br>-विद्यार्थीहरूलाई नगर भित्र उनीहरूले देखेका पशुपंक्षी पालनको अवस्था कस्तो त भनी चर्चा गर्न लगाउने ।<br>-विभिन्न फोटो, तस्बिर र भिडियो प्रदर्शन गरी पशुपंक्षी पालनको व्यावसायिक पक्षबारे विद्यार्थीलाई अवगत गराउँदै स्थानीय स्तरमा यसको संभावनाबारे चर्चा गराउने ।<br>-पशुपंक्षी पालनका समस्या र चुनौतीहरू बारे छलफल गर्न लगाई निचोड प्रस्तुत गर्ने ।<br>-विद्यार्थीहरूलाई स्थानीय पेशा, व्यवसाय र सीप गर्ने मानिसहरूको अवस्थाबारे चर्चा गर्न लगाई उनीहरूको भोगिरहेको समस्या र चुनौतीको सूची बनाउन लगाउने ।<br>-पेशा, व्यवसाय र सीपको महत्त्वको विषयमा मष्तिस्क मन्थन गर्न लगाई निचोड प्रस्तुत गर्न लगाउने । | -पर्यटन विकासका पक्षहरू के के हुन ?<br>-स्थानीय पर्यटनको संवर्धनका लागि के के काम गर्न सकिन्छ ?<br>-विद्यार्थीहरूलाई नजिकैको कुनै पर्यटकीय स्थलहरूको भ्रमण गर्न लगाई त्यस क्षेत्रमा के कस्ता विकास भएका रहेछन् र त्यहाँ के कस्ता विकास गर्न सकिने संभावना छन् भनी अवलोकन प्रतिवेदन बनाउन लगाई मूल्याङ्कन गर्ने ।<br>-नगरभित्रका मानिसहरूले जीवन निर्वाहको लागि के के काम गरिरहेका छन् ?<br>-हाम्रो नगरका मानिसको जीवन निर्वाहको लागि कृषिको कस्तो भूमिका रहेको छ ?<br>-कृषिको विकास बिना नगरको विकास हुँदैन भन्ने विषयमा एक संवाद बनाउन लगाई मूल्याङ्कन गर्ने ।<br>-कस्तो व्यवसायलाई पशुपंक्षी पालन व्यवसाय भनिन्छ ? उदाहरण सहित लेख्नुहोस ।<br>-पशुपंक्षी पालनका समस्याहरू के के हुन सक्छन ? सूची बनाउनुहोस ।<br>-विद्यार्थीहरूलाई नजिकैको पशुपंक्षी पालन व्यावसय गरिरहेको व्यक्तिसँग अन्तरवार्ता लिन लगाई व्यवसाय सञ्चालनमा आइपर्ने | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | चुनौतीहरूबारे स्थलगत प्रतिवेदन प्रस्तुत गर्न लगाई मूल्याङ्कन गर्ने ।<br>-स्थानीय पेशा व्यवसायका समस्याहरू के के छन् ?<br>-पेशा, व्यवसायको महत्त्वको बारेमा छोटकारीमा चर्चा गर्नुहोस् । | |
| दुर्घटना र विपद् व्यवस्थापन | -स्थानीय स्तरमा हुने<br>-संभावित विपद्को आँकलन गर्न ।<br>-विपद् व्यवस्थापनमा रंगेली नगरपालिकाले गरेका प्रयासहरू बताउन ।<br>-विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण ऐन, २०७४ अनुसार विपद् व्यवस्थापनको लागि रंगेली नगरपालिकाले खेल्ने भूमिका बताउन ।<br>-विपद् व्यवस्थापनमा<br>-सहभागी हुन ।<br>-स्थानीयस्तरमा आइपर्ने विपद् व्यवस्थापनका तरिका अवलम्बन गर्न। | -संभावित विपद्को आँकलन<br>-विपद् व्यवस्थापनमा रंगेली नगरपालिकाले गरेका प्रयासहरू ।<br>-विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण ऐन, २०७४ अनुसार विपद् व्यवस्थापनको लागि रंगेली नगरपालिकाले खेल्ने भूमिका ।<br>-विपद् व्यवस्थापनमा सहभागी ।<br>-स्थानीयस्तरमा आइपर्ने विपद् व्यवस्थापनका तरिका। | -विद्यार्थीहरूलाई आफूले देखेका र भोगेका प्रकोप तथा विपद्हरू सम्बन्धमा अनुभव आदानप्रदान गर्न लगाउने ।<br>-स्थानीय स्तरमा के कस्ता विपद्हरू हुन सक्छन् मष्तिष्क मन्थन गराई आँकलन गर्न लगाउने ।<br>-विपद् व्यवस्थापनमा रंगेली नगरपालिकाले गरेका प्रयासहरूका बारेमा चित्र तथा तालिकाको माध्यमबाट प्रष्ट पारिदिने ।<br>-विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण ऐन, २०७४ अनुसार विपद् व्यवस्थापनको लागि स्थानीय तहले खेल्ने भूमिकाको बारेमा छलफल गराउने<br>-स्थानीय स्तरमा हुने विपद् व्यवस्थापनमा विद्यार्थीको सहभागिता (डुबान,बाढी र आगलागीका) बारेमा कक्षा कोठामा अन्तरक्रिया सञ्चालन गर्ने ।<br>-विपद् व्यवस्थापनको अभिनय गर्ने अभ्यास गराउने ।<br>-स्थानीयस्तरमा आइपर्ने विपद् व्यवस्थापनका तरिका अवलम्बन गर्न ।<br>-विपद् न्यूनीकरण, विपद् पूर्वको तयारी, उद्धार तथा खोज, पुनर्लाभ तथा पुनःस्थापना सम्बन्धी छलफल अन्तरक्रिया गर्ने, गराउने र गर्नु पर्ने कार्यहरूको सूची तयार गर्ने, गराउने । | -स्थानीय स्तरमा हुने विपद्हरु बताउन लगाउने ।<br>-विपद् व्यवस्थापनमा रंगेली नगरपालिकाले गरेका प्रयास भन्न लगाउने ।<br>-विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण ऐन, २०७४ अनुसार विपद् व्यवस्थापनको लागि रंगेली नगरपालिकाले खेल्ने भूमिका सोध्ने ।<br>-विपद् व्यवस्थापनमा विद्यार्थीको भूमिका लेख्न लगाउने ।<br>-स्थानीयस्तरमा आइपर्ने विपद् व्यवस्थापनका तरिका अवलम्बन गर्न (विपद् न्यूनीकरण, विपद् पूर्वको तयारी, उद्धार तथा खोज, पुनर्लाभ तथा पुनःस्थापना सम्बन्धि गर्नु पर्ने कार्यहरूको सूची बनाउन लगाउने । | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| हाम्रो संस्कार र संस्कृति | -स्थानीय कला, भाषा, साहित्य तथा लिपि र त्यसको मानव जीवनसँगको सम्बन्धबारे बताउन ।<br>-स्थानीय स्तरमा प्रचलित जातिगत, धार्मिक तथा सामाजिक संस्कार, संस्कृति, चाडपर्व एवम् मूल्यमान्यताको सम्मान गर्दै सहिष्णुता र सहअस्तित्व कायम राखी जीवनशैली अपनाउन । | -मिथिला चित्रकला, मोखा (माटाको भित्तेचित्रकला), मूर्तिकला, टाटुकला, मैथिली, राजवंशी, सन्थाल, उरावँ, भोजपुरी, हिन्दी, उर्दू, मगही, अंगिका, थारु, खवासलगायतका भाषा, उरावँ जातिको तोलोङ सिकी, सन्थालको ओलचिकी, मिथिलाक्षर (तिरहुत) उर्दू लिपि र तिनको मानव जीवनसँगको सम्बन्ध<br>-स्थानीय स्तरमा प्रचलित जातिगत, धार्मिक तथा सामाजिक संस्कार, संस्कृति, चाडपर्व एवम् मूल्यमान्यताको सम्मान, सबै भाषा, धर्म, जातजाति, भेषभूषा र रीतिरिवाजको मूल्य, तीप्रति समभाव र सोही अनुकूलको व्यवहार। | -कला, साहित्य, भाषा र लिपि मानिसलाई किन चाहिन्छ भनी कक्षामा अन्तरक्रिया गर्ने ।<br>-तिनले मानव जीवनमा कसरी महत्त्व राख्दछन् भनी छलफल गर्ने ।<br>-कला, भाषा, साहित्य र लिपिको मानव जीवनसँग के सम्बन्ध छ भन्ने विषयमा छलफल गरी प्रस्तुत गर्न लगाउने र शिक्षकले आवश्यक सहजीकरण गरिदिने ।<br>-कला, साहित्य, भाषा र लिपि आदिको जगेर्ना गर्न गरिएका संस्थागत, व्यक्तिगत प्रयासहरूका बारेमा खोजी गर्न उत्प्रेरित गराउने र शिक्षकले आवश्यक सहजीकरण गरिदिने ।<br>-हामीले किन सबै जातजाति, भाषा, धर्म, संस्कृति, चाडपर्वको सम्मान गर्नुपर्छ भनी कक्षामा छलफल गर्ने ।<br>-एक अर्काको जात, भाषा, धर्म, रीतिरिवाज, चाडपर्व, रहनसहन, भेषभूषा आदिको सम्मान कसरी गर्ने र समाजमा सहिष्णुता र सहअस्तित्व कायम राख्न केके गर्न सकिन्छ भनी समूह समूहमा छलफल गरी प्रस्तुत गर्न लगाउने | -भाषा, कला तथा लिपिको मानव जीवनसँगको सम्बन्धबारे समूह कार्य गराउने।<br>-कला र जीवन एक अर्काका परिपूरक हुन् कसरी ? पुष्टि गर्नुहोस् ।<br>-किन हामीले सबै जात, धर्म, भाषा, भेषभूषा, रीतिरिवाज, चाडपर्वको सम्मान गर्नुपर्छ ?<br>-समाजमा सहिष्णुता कायम राख्न केके गर्नुपर्ला ?<br>-सहअस्तित्व भनेको के हो ?<br>-सहअस्तित्व कायम राख्नाले समाज कस्तो हुन्छ ? | १५ |
| नैतिक शिक्षा, | -मातृभूमिलाई माया गर्न ।<br>-विश्वबन्धुत्व कायम गर्न । | -नागरिकको राज्य प्रतिको दायित्व | -मातृभूमिको महत्त्वको बारेमा छलफल गराई मातृभूमिको महत्त्वको बारेमा सूची बनाउन लगाउने । | -मातृभूमिको महत्त्वको बारेमा लेख्न लगाएर। | १९ |

| | | | | | |
|---|---|---|---|---|---|
| आचरण, अनुशासन र मानवता | -राज्यले निर्धारण गरेको आधारभूत कानुन को जानकारी र परिपालन गर्न<br>-शान्ति र सुशासनका लागि राज्यलाई सघाउन ।<br>-सार्वजनिक सम्पत्तिको संरक्षण गर्न ।<br>-असल चारित्रिक व्यवहारहरू प्रदर्शन गर्न ।<br>-असल चरित्रले मानवीय जीवनमा पार्ने प्रभाव बारे बताउन र व्यवहारमा उतार्न ।<br>-असल चरित्र निमार्णका लागि सदाचार, शिष्टाचारलाई व्यवहारमा उतार्न ।<br>-अनुशासनका प्रभावका बारेमा बताउन ।<br>-अनुशासित जीवन बिताउन<br>-सामाजिक मानवीय मूल्यहरूको पहिचान र पालन गर्न । | -राज्यको आधारभूत कानुन<br>-सार्वजनिक सम्पत्तिको महत्त्व<br>-असल चरित्रको प्रदर्शन<br>-असल चरित्रको प्रभाव<br>-अनुशासनका प्रभाव<br>-अनुशासित जीवन<br>-सामाजिक मानवीय मूल्यहरू<br>-राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा आध्यात्मिक मानवीय मूल्यहरू । | -मातृभूमि सम्बन्धी कथा, कविता, गीत, सुक्ति र ऐतिहासिक घटनाहरू सुनाउने ।<br>-राज्यको आधारभूत कानुनको बारेमा छलफल गराउने र सूची बनाउने ।<br>-सार्वजनिक सम्पत्तिको संरक्षणका विधिहरूका बारेमा छलफल गराई सार्वजनिक सम्पत्तिको संरक्षणका विधिहरूको सूची बनाउन लगाउने ।<br>-असल चरित्र भएका व्यक्तिहरूको जीवनी सुनाउने ।<br>-सदाचार, शिष्टाचार बारेमा छलफल गराई तिनीहरूको महत्त्वहरूको सूची बनाउन लगाउने ।<br>-अनुशासनका प्रभावहरूको बारेमा छलफल गराई अनुशासनका प्रभावहरूको सूची बनाउन लगाउने ।<br>-अनुशासित व्यक्तिहरूको जीवनी सुनाउने ।<br>-सामाजिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय र आध्यात्मिक मानवीय मूल्यहरूको बारेमा छलफल गराई उक्त मानवीय मूल्यहरूको सूची बनाउन लगाउने । | -राज्यको आधारभूत कानुनहरूको सूची बनाउन लगाउने ।<br>-सार्वजनिक सम्पत्तिको संरक्षणका विधिहरू बताउन लगाउने ।<br>-असल चरित्र भएका व्यक्तिहरूको जीवनी लेख्न लगाउने ।<br>-सदाचार र शिष्टाचारको महत्त्वको सूची बनाउन लगाउने ।<br>-अनुशासनका प्रभावहरूको सूची बनाउन लगाउने ।<br>-अनुशासित व्यक्तिहरूको जीवनी लेख्न लगाएर<br>-सामाजिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय र आध्यात्मिक मानवीय मूल्यहरू सूची बनाउन लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | -राष्ट्रिय मानवीय मूल्यहरू पहिचान गरी व्यवहारमा प्रदर्शन गर्न ।<br>-अन्तर्राष्ट्रिय मानवीय मूल्यहरू बताउन र व्यवहारमा उतार्न ।<br>-आध्यात्मिक मानवीय मूल्यहरूको विकास र पालन गर्न । | | | | |
| स्वास्थ्य, योग र खेलकुद | -स्वस्थ र सन्तुलित खाना खाने बानी बसाल्न ।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूबाट प्राप्त हुने सेवाको उपभोग गर्न ।<br>-दैनिक योगाभ्यास गरी स्वस्थकर जीवन बिताउन।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरूको संरक्षण गर्न । | -स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूः अस्पताल, स्वास्थ्य चौकी, वडा स्वास्थ्य कार्यालय, महिला स्वयम् सेविकाबाट प्रदान गरिने सेवाहरू ।<br>-विभिन्न योगासनहरूः शवासन, वृक्षासन, भुजंगासन, दंडासन, उष्ट्रासन, कोणासन, सेतुवंध आसन, हलासन, धनुरासन, शीर्षासन ।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरूः आँक, तुलसी, निम, पिप्ला, गुर्जो, बेसार, | -स्वस्थ र सन्तुलित आहार बारे छलफल गर्ने ।<br>-स्वस्थ र सन्तुलित आहारहरूको सूची बनाउने ।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूः अस्पताल,स्वास्थ्य चौकी वडा स्वास्थ्य कार्यालय,महिला स्वयमं सेविकाबाट प्रदान गरिने सेवाहरू बारे नागरिक बडा पत्र अध्ययन गर्न लगाई छलफल गर्ने र शिक्षकले प्रष्ट पारिदिने ।<br>-योगको महत्त्व र आवश्यकता बारे छलफल गर्ने ।<br>-चित्र वा भिडियो देखाई योगाभ्यास गर्न लगाउने ।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरूको संरक्षण गर्ने उपायहरू बारे छलफल गर्ने र शिक्षकले प्रष्ट पारिदिने ।<br>- | -स्वस्थ आहारहरू के के हुन् बताउन र लेख्न लगाउने ।<br>-सन्तुलित भोजन भनेको के हो बताउन र लेख्न लगाउने ।<br>-स्वस्थ आहारहरूका फाइदाहरू र आवश्यकता बताउन र लेख्न लगाउने ।<br>-स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूः अस्पताल, स्वास्थ्य चौकीबाट प्रदान गरिने सेवाहरू बारे नागरिक बडा पत्र तयार गर्न लगाउने ।<br>-योगको महत्त्व र आवश्यकता बताउन र लेख्न तथा योगाभ्यास गर्न लगाउने ।<br>-स्थानीय स्तरमा पाइने जडीबुटीहरूको संरक्षण गर्ने उपायहरू बताउन र लेख्न लगाउने। | १९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ज्वानो, अम्वाको पात, धतुरो, आईटिङ झार, भूमिराज, हलेदो, घ्यु कुमारी, अमरलता, करीपत्ता | | | |
| स्थानीय समस्या र समाधानका उपायहरू | -स्थानीय क्षेत्र र तहका सामाजिक समस्या सिर्जना हुनका कारण बताउन ।<br>-कुप्रथा, द्वन्द्व र दुर्व्यसनका बेफाइदा बारेमा जानकारी लिई सोही अनुसारको जीवनशैली निर्वाह गर्न ।<br>-प्रचलित कुप्रथा र कुलत जस्ता समस्याको समाधानका उपायहरू बताउन । | -ज्ञानको अभाव, गरीवी<br>-रोजगारीको अभाव<br>-अन्धविश्वास, खराब संगत,<br>-लैङ्गिक विभेद, पछौटेपन, साम्प्रदायिकता<br>-समाजिकीकरणमा अवरोध<br>-बेमेलको सिर्जना, पारिवारिक फाटो, झगडा चोरी,चेतना प्रवाह, रोजगारी सिर्जना, सामाजिक सचेतता सामाजिकीकरणमा जोड,<br>-अन्धविश्वास निरुत्साहन ।<br>-अनावश्यक वस्तुको विक्रीमा रोक, सामाजिक दण्ड र सजाय, प्रशासनिक निगरानी | -स्थानीय तहमा सिर्जित समस्याको कारण प्रथमतः विद्यार्थीलाई सोध्ने ।<br>-असल जीवनशैली अपनाउन प्रेरित गर्न ।<br>-काम गरी अर्थोपार्जन गर्नुपर्छ भनी बताइदिने ।<br>-खराब संगत र लैंगिक विभेदमा लाग्न हुँदैन भनी बताइदिने ।<br>-व्यक्ति,परिवार र समाजको मेलबाट शान्ति स्थापना हुने कुरा बताइदिने ।<br>-मेलमिलाप बढाउन के गर्नु पर्छ भनी विद्यार्थीलाई प्रोत्साहित गर्ने ।<br>-समाजिकीकरणको बारेमा बताइदिने ।<br>-समाजमा प्रचलित कुप्रथा र सामाजिक समस्याका समाधानका उपायहरूबारे छलफल र अन्तरक्रिया गराउने । | -कुन कुन कारणले समस्या सिर्जना हुन सक्छ भन्न लगाउने ।<br>-खराब संगतले मानिसलाई कसरी बिगार्छ भनी बताउन लगाउने ।<br>-कुप्रथा र कुलतले व्यक्ति परिवार र समाजलाई अलग्याउँछ पुष्टि गर्न लगाउने ।<br>-असल जीवनशैलीभित्र केके पर्छन् भनी सोधेर लेख्न लगाउने ।<br>-प्रचलित सामाजिक समस्या समाधानका उपायहरू लेख्न लगाउने । | १४ |

## ११. सिकाइ सहजीकरण प्रक्रियाः

हाम्रो रंगेली विषयको शिक्षण गर्दा शिक्षकहरूले स्थलगत भ्रमण विधिमा विशेष जोड दिनुपर्ने हुन्छ। यस विषयमा विद्यार्थीहरूले देखेका सुनेका र परिचित भइसकेका विषयवस्तुहरूलाई कक्षा कोठामा छलफल, प्रश्नोत्तर जस्ता विधिहरूको माध्यमबाट बालबालिकाहरूमा स्थायी धारणा बनाउन सहयोग गर्नु पर्दछ। यस विषयमा स्थलगत भ्रमण, चित्र छलफल, अन्तरक्रिया, सामूहिक छलफल, प्रश्नोत्तर, प्रदर्शन, खोज तथा अनुसन्धान, परियोजना कार्य आदि शिक्षण विधिहरूको धेरै प्रयोग गर्नुपर्ने हुन्छ। आवश्यकता र अवस्था अनुसार अडियो भिडियो प्रदर्शन, अभिनय, खेल विधि, सफल कथाहरू प्रस्तुत गर्ने गराउने, इ-पुस्तकालयको प्रयोग, स्थानीय स्रोतव्यक्तिको प्रयोग, प्रयोगात्मक अभ्यास जस्ता शिक्षण विधि एवम् तौर र तरिकाहरू प्रयोग गरी सिकाइ सहजीकरण गर्नु पर्दछ। यो विषय उनीहरूको चिरपरिचित विषयवस्तुहरूलाई समेटेर तयार गरिएकोले उनीहरूलाई रोचक र मनोरञ्जनपूर्ण तरिकाले स्थायी धारणा बसाउन सहयोग गर्नु पर्दछ।

## १२. विद्यार्थी मूल्याङ्कन प्रक्रियाः आधारभूत तह कक्षा १—३

### १. विद्यार्थी मूल्याङ्कन

आधारभूत तहको कक्षा १-३ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरी विद्यार्थीको सिकाइको मूल्याङ्कन अर्थात् निर्णयात्मक प्रयोजनको परम्परागत पद्धतिको मूल्याङ्कनले बालबालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसात् गरिएको छ। यस सन्दर्भमा विद्यार्थी मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्गप्रशस्त गर्नुपर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ। कक्षाकोठामा आधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरिन्छ।कक्षाकोठामा आधारित यस्तो मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरी आवश्यकतानुसार सिकाइको मूल्याङ्कनका रूपमा अर्थात् विद्यार्थीको सिकाइस्तर पहिचान गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने हुन्छ। यसरी निर्माणात्मक उद्देश्यले गरिने कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई निर्णयात्मक प्रयोजनमा पनि प्रयोग गर्न सकिने भएकाले यस्तो मूल्याङ्कन पद्धतिलाई निरन्तर मूल्याङ्कन पद्धति पनि भन्ने गरिन्छ। आधारभूत तहको कक्षा १-३ मा गरिने विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य सिकाइ सुधार गर्ने निर्माणात्मक हुने भए पनि आवश्यकतानुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइस्तर निर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ।

### २. मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १–३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ। कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ।विद्यार्थी

मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले केकति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ ।यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ । कक्षा १–३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ ।कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ। यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन ।विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्य (Authentic task) समावेश गर्नु उपयुक्त हुने छ। कक्षा १–३ मा विद्यार्थी मूल्याङ्कनको प्रक्रिया सामान्यतया निम्नअनुसार हुने छः

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।

२. सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ ।

३. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम सिकाइ सुनिश्चित गरी सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।

४. विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइक्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको परीक्षण गर्नुपर्छ ।

५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनालगायतका उच्च क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।

६. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहारकुशल सिप प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ ।

७. मूल्याङ्कनपश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरुप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । पटकपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइउपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीलाई उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।

८. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ ।विद्यार्थीको व्यक्तिगत फायल खडा गरी मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरणसहितको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरेर राख्नुपर्छ ।

९. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावि सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ।

१०. विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ।

## ३.मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ। मूल्याङ्कनका साधनहरूले सिकाइ उपलब्धिअनुसारको सूचक अर्थात् विद्यार्थीको अपेक्षित क्षमता मापन गर्न सक्नुपर्ने भएकाले साधनहरू वैध हुनुपर्छ। मूल्याङ्कनका साधनहरूको अर्को गुण भनेको फरकफरक स्थान तथा व्यक्तिले परीक्षण गर्दा नतिजामा एकरूपता आउनुपर्दछ अर्थात् साधनहरू विश्वसनीय हुनुपर्छ। मूल्याङ्कन साधनहरूको अर्को महत्त्वपूर्ण गुण भनेको विविधताको सम्बोधन गर्न सक्नु हो। यहाँ विविधतालाई मूलतः दुई रूपमा लिन सकिन्छ। पहिलो, विद्यार्थीका विविध क्षमता मापन गर्नसक्ने गरी साधनमा विविधता कायम गर्नु हो भने अर्को एकभन्दा बढी साधन प्रयोग गर्नु वा एकभन्दा बढी साधन विकास गरी विद्यार्थीको रुचि तथा प्राथमिकता अनुरुपको साधन छनोट गरी प्रयोग गर्नु पनि विविधताको सम्बोधन हो। विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ। कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ। यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ। विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका (Portfolio) तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ। कक्षा १-३ का विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने तरिका तथा साधनहरू निम्नअनुसार हुन सक्दछन्ः

विद्यार्थीको मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू

| क्र.सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन | कैफियत |
|---|---|---|---|
| १. | कक्षा सहभागिता | अवलोकन, रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन | |
| २. | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृष्य सामग्री | |
| ३. | लिखित कार्य | प्रश्न, छोटा परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री | |

| | | | |
|---|---|---|---|
| ४. | परियोजना तथा प्रयोगात्मक कार्य | रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न | |
| ५. | कार्य सम्पादन तथा प्रदर्शन | अवलोकन, रुजू सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न | |
| ६. | सहपाठी मूल्याङ्कन | अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम | |
| ७. | स्वमूल्याङ्कन | रुजू सूची, श्रेणी मापन, फाराम | |
| ८. | अभिभावकको प्रतिक्रिया | रुजू सूची, श्रेणी मापन, फाराम | |
| ९. | कुराकानी, छलफल | अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम | |

उल्लिखित मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धिस्तरलाई निम्नअनुसार रेटिङ गर्नुपर्दछः

विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर(Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिकरूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो(Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च(Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा दैनिक कक्षा क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ। मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ। यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी कम्तीमा उपलब्धिस्तर ३ पुऱ्याउने प्रयास गर्नुपर्दछ। यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ। सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ। निश्चित सिकाइक्षेत्रका सिकाइउपलब्धिहरूको सिकाइ परीक्षण पश्चात् सो सिकाइक्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ। यही क्रममा सबै विषयक्षेत्रको सिकाइपश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरसहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ। त्यसै गरी मुख्य व्यवहारकुशल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ।यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन

हुने छ। विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चितता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका योजनाका लागि गरिन्छ।

विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छः

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धि स्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छः

| उपलब्धि प्रतिशत | अक्षरमा उपलब्धि स्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|
| ३० भन्दा कम | E | ज्यादै कमजोर |
| ३० र सो भन्दा माथि ४५ भन्दा कम | D | कमजोर |
| ४५ र सो भन्दा माथि ६० भन्दा कम | C | सामान्य |
| ६० र सो भन्दा माथि ७५ भन्दा कम | B | राम्रो |
| ७५ र सो भन्दा माथि ९० भन्दा कम | A | उच्च |
| ९० र सो भन्दा माथि | $A^+$ | उत्कृष्ट |

## मूल्याङ्कन आधारभूत तह (कक्षा ४ देखि ८)

### (क) निर्माणात्मक मूल्याङ्कनः

निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्नु हो। यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ। विद्यालय तहको निर्माणात्मक मूल्याङ्कनमा कक्षागत सिकाइ सहजीकरणको अभिन्न अङ्गका रूपमा कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, सिर्जनात्मक कार्य, गृहकार्य, एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ। यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिइने छ। विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाइ मूल्याङ्कन गर्नुपर्ने छ। निर्माणात्मक मूल्याङ्कनका क्रममा प्रामाणिक मूल्याङ्कन र विषयगत रेकर्डलाई उपयोग गर्नुपर्ने छ। प्रामाणिक मूल्याङ्कन (Authentic assessment) एक अनौपचारिक मूल्याङ्कन प्रक्रिया भएकाले यसमा अवलोकन, रुजुसूची र कार्यसञ्चयिकालाई समावेश गर्नुपर्ने छ। विषयगत रेकर्ड (Anecdotal record) विद्यार्थीको प्रगतिका बारेको लिखित तथा रेकर्डमा प्रस्तुत गरिने पृष्ठपोषणमा आधारित हुन्छ। आमनेसामने विधिबाट कक्षा र मूल्याङ्कन सञ्चालन हुन नसक्ने अवस्थामा यस विधिलाई उपयोग गर्नुपर्ने छ। निर्माणात्मक मूल्याङ्कनको नतिजालाई विषयगत पाठ्यक्रममा तोकिएअनुसार अभिलेखीकरण गर्नुपर्छ।

**आधारभूत तह (कक्षा ४ देखि ८) सम्म निम्नानुसार निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छः**

(अ) निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजामा आधारित आन्तरिक मूल्याङ्कन ५० प्रतिशत भार तथा

(आ) निर्णयात्मक मूल्याङ्कनः निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ। प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ।यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन्। पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरिन्छ।

निर्माणत्मक मूल्याङ्कनका सामान्य आधार निम्नानुसार हुने छन्।

| सि. नं. | मूल्याङ्कनका आधार | भार |
|---|---|---|
| १ | सहभागिताः कक्षा सहभागिता र सिकाइमा सक्रियता | ४ |
| २ | प्रयोगात्मक कार्य, परियोजना कार्य वा अन्य कार्यकलाप | ३६ |
| ३ | त्रैमासिक परीक्षा | १० |
| | जम्मा | ५० |

एक शैक्षिक वर्षमा कम्तीमा दुईओटा त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्ने छ र निर्णयात्मक मूल्याङ्कनमा कम्तीमा दुईओटा त्रैमासिक परीक्षाको नतिजाका आधारमा अङ्कभार समावेश गर्नुपर्ने छ।

- अपाङ्गता भएका तथा विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूलाई परीक्षामा केही खास खास विषयहरूमा अरू साधारण विद्यार्थीहरूलाई दिइने प्रश्नभन्दा अलग प्रश्न बनाई मूल्याङ्कन गर्नुपर्ने छ। विशेष आवश्यकता भएका विद्यार्थीका लागि परीक्षाको समय थप गर्न सकिने छ। विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ। विशेष आवश्यकता भएका विद्यार्थीको मूल्याङ्कन गर्दा आवश्यकताअनुसार दृश्य तथा ठुला मुद्रित सामग्री, स्पर्शात्मक सामग्रीलगायतको उपयोग गर्नुपर्ने छ।

## अनुसूचीः १

# विशिष्टिकरण तालिका

कक्षाः ८ विषयः स्थानीय विषय

| विषय क्षेत्र | अति छोटो | | | छोटो | | | लामो | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता |
| रंगेली नपाको चिनारी | | १ | | | | १ | १ | | |
| स्थानीय स्रोत साधन | | | १ | १ | | | | १ | |
| दुर्घटना र विपद् व्यवस्थापन | १ | १ | | | | १ | | | |
| हाम्रो संस्कार र संस्कृति | १ | | | | १ | | | | १ |
| नैतिक शिक्षा, आचरण, अनुशासन र मानवता | १ | | १ | | १ | | | | |
| स्वास्थ्य, योग र खेलकुद | | | १ | १ | | | | १ | |
| स्थानीय समस्या र समाधानका उपायहरू | | १ | | | | १ | | | |

| प्रश्नको किसिम | प्रश्न सङ्ख्या | जम्मा अङ्क भार |
|---|---|---|
| लामो उत्तर आउने प्रश्न | ४ | ४ × ५ = २० |
| छोटो उत्तर आउने प्रश्न | ७ | ७ × ३ = २१ |
| अति छोटो उत्तर आउने प्रश्न | ९ | ९ × १ = ९ |

## अनुसूचीः २

## स्थानीय पाठ्यक्रम निर्माण सल्लाहकार

| क्र.सं. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १. | श्री दिलिपकुमार अग्रवाल | नगर प्रमुख | रंगेली नगरपालिका |
| २. | श्री भुमाकुमारी पराजुली | नगर उप-प्रमुख | रंगेली नगरपालिका |
| ३. | श्री ओमकार न्यौपाने | प्रमुख प्रशासकीय अधिकृत | रंगेली नगरपालिका |

## स्थानीय पाठ्यक्रम निर्माण कार्यदल

| क्र.सं. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १. | श्री रविन्द्रकुमार पण्डित | संयोजक | नगर शिक्षा अधिकारी, रंगेली नगरपालिका। |
| २. | श्री प्रदिप न्यौपाने | सदस्य | प्रअ, श्री रत्न मावि, रंगेली -३, रञ्जनी। |
| ३. | श्री सूर्यनारायण मण्डल | सदस्य | सप्रअ, श्री पब्लिक मावि, रंगेली – ६, रंगेली। |
| ४. | श्री डा. ओमप्रकाश सिंह | सदस्य | शिक्षक, श्री पार्वती मावि, रंगेली – ९, फर्साडाँगी। |
| ५. | श्री विश्वरसिंह राई | सदस्य | सप्रअ, श्री गणेश मावि, रंगेली – ६, चोप्राहा। |
| ६. | श्री देवानन्द महतो | सदस्य | शिक्षक, श्री प्रगतिशील मावि, रंगेली – २, दौलतपुर। |
| ७. | श्री टंकप्रसाद दाहाल | सदस्य | शिक्षक, श्री त्रिभुवन मावि, रंगेली – १, गोहिगाडा। |
| ८. | श्री रमेशचन्द्र अधिकारी | सदस्य | सप्रअ, श्री रञ्जनी एकेडेमिक, रंगेली – ३, रञ्जनी। |
| ९. | श्री हरिचन्द्र अधिकारी | सदस्य | प्रअ, श्री वीरेन्द्र आवि, रंगेली – ९, दोहमना। |
| १०. | श्री लक्ष्मी चौलागाई | सदस्य | शिक्षक, श्री भगवती आवि, रंगेली – २, लाटामोरङ। |
| ११. | श्री कुन्दनप्रसाद साह | सदस्य | प्रअ, श्री निचामारी आवि, रंगेली – ७, निचामारी। |
| १२. | श्री सुनिलकुमार साह | सदस्य | शिक्षक, रंगेली नगरपालिका । |
| १३. | श्री निकाश निरौला | सदस्य सचिव | प्राविधिक सहायक, रंगेली नगरपालिका। |

## प्राविधिक तथा विज्ञता सहयोगः

१. श्री अशोककुमार कालाखेती (निवृत्त उपसचिव, शिक्षा सेवा)
२. श्री तुलसीनारायण अधिकारी (निवृत्त अधिकृत दशौं तह, शिक्षा सेवा)
३. श्री बोलराज खनाल (निवृत्त उपसचिव, शिक्षा सेवा)
४. श्री शम्भुप्रसाद भट्टराई (निवृत्त अधिकृत दशौं तह, शिक्षा सेवा)

समन्वयः आकाश इन्स्टिच्युट फर टेक्नोलोजी एण्ड म्यानेजमेन्ट प्रा.लि. विराटनगर।